# रातो खबर

Ratokhabar weekly

साप्ताहिक




पृष्ठ ८

वर्ष ३, अङ्क २५, पूर्णाङ्क १२० | २०७४ मङ्सिर २० गते बुधबार | Wednesday, 06 Dec 2017 | www.eratokhabar.com | मूल्य रु. १०

# मतदान झनै निराशाजनक हुने

- ➲ कैयौं जिल्लामा महिलाको भोट पुरुषले हाले,
- ➲ एकजनाले ६० पटकसम्म मतदान गरे,
- ➲ मरेका र विदेश गएकाको नाममा पनि मतदान भयो

"पहिलो चरणमा सरदर ४० प्रतिशत पनि मतदान भएको छैन"

– हेमन्तप्रकाश वली 'सुदर्शन'



■ रातो खबर संवाददाता

निर्वाचन आयोग, सञ्चार माध्यमहरू, देशी-विदेशी अनुगमनकर्ता र सरकारी निकायले सूचना विभ्रम सिर्जना गरेको रहस्य खुल्दै गएको छ। मृत्यु भएका, विदेश गएका, बहिस्कार गरेका सबैको नाममा मतदान भएको छ । चुनावलाई धाँधलीरहित गर्ने प्रयोजनाका लागि निर्वाचन आयोगले जारी गरेको फोटोसहितको मतदाता परिचयपत्रको औचित्य के हो ? सुरक्षाकर्मी र निर्वाचन आयोगका कर्मचारी त्यो स्तरको भ्रष्टाचार तथा संसदीय व्यवस्थाको चुनावप्रति नै प्रश्न उठ्ने हर्कत हुँदा कहाँ थिए ? बाजुरालगायतका जिल्लामा शुरुमै ८० प्रतिशत मतदान भएको समाचार योजनाबद्ध रूपमा वितरण गरियो । जिल्ला निर्वाचन समितिले अर्को दिन ७६.२५ प्रतिशत मतदान भएको तथ्याङ्क सार्वजनिक गऱ्यो। बाजुरामा एक जनाले ६० पटकसम्म मतदान गरेको, लोकतन्त्रका ठेकेदार नेता, कर्मचारी र सुरक्षा निकायले महिलालाई मतदान गर्नसमेत दिएनन् । मतदाताहरू मतदान केन्द्रमा पुग्दा अरूले नै आफ्नो मतदान गरिसकेको थाहा पाएपछि निराश भएर फर्किनु पऱ्यो। बहिस्कार गरेका मतदाताको नाममा अरूले नै मतदान गरेका कारण रुष्ट भएका कालीकोटका मतदाताले काँग्रेसका कार्यकर्तालाई कालोमोसो दलेका थिए। दोस्रो चरणको निर्वाचन हुने काठमाडौं र तराईका धेरै ठाउँमा भएका नमूना मतदान केन्द्रमा २५ देखि ३० प्रतिशतसम्म बदर मत देखिएको छ। बाजुरामा ०.०१ प्रतिशत मात्र अनुपस्थित मत कसरी भयो ? धादिङको एउटा मतदान केन्द्रमा ९९.२६ प्रतिशत मतदान कसरी भयो ? त्यसबाट प्रष्ट हुन्छ, मतदानमा जनताको उपस्थिति आधा पनि भएन र संसदीय लोकतन्त्र निर्वाचनद्वारा अस्वीकृत भएको छ । नेकपाका नेता हेमन्तप्रकाश वलीले भन्नुभए झैं ४० प्रतिशतभन्दा कम मात्र मतदान भएको देखिन्छ। संसदीय चुनाव 'खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने पसल हो' भन्ने महान लेनिनको भनाइ नेपालको चालु चुनावमा एकपटक फेरि पुष्टि भएको छ। संसदीय चुनाव देखाउने दाँत मात्र हो। वास्तविक चपाउने दाँत भनेका बन्दुक, विदेशी आडभरोसा र कर्मचारी तन्त्र हो भन्ने कुरा यसले पुष्टि गरेको छ। जब जनताले

... बाँकी पृष्ठ ७ मा

## युरोपबाट राजबन्दी रिहाईको माग

■ रातो खबर संवाददाता

**काठमाडौं** : युरोपमा रहेका प्रवासी नेपालीहरूले नेकपाका नेताकार्यकर्ता तथा शुभचिन्तकहरूलाई यथाशिघ्र रिहाईको माग गरेका छन् । उनीहरूले मंसिर १६ गते (३० नोभेम्बर २०१७) संयुक्त विज्ञप्ति जारी गर्दै उक्त माग गरेका हुन् । नेपाली जनप्रगतिशील मोर्चा, युरोपका अध्यक्ष विष्णु भुजेल, नेपाली जनप्रगतिशील मोर्चा, बेल्जियमका अध्यक्ष मेख तमु, नेपाली जनप्रगतिशील मोर्चा, जर्मनीका अध्यक्ष शेरबहादुर तुम्बापो, नेपाली जनप्रगतिशील मोर्चा, पोर्चुगलका संयोजक इन्द्र न्यौपाने, नेपाली जनप्रगतिशील मोर्चा, स्पेनका संयोजक ईश्वर शर्मा, नेपाली जनप्रगतिशील मोर्चा, अष्ट्रियाका संयोजक बुद्धि तामाङ, नेपाली जनप्रगतिशील मोर्चा युरोपका महासचिव तथा नेपाली जनप्रगतिशील मोर्चा, पोल्याण्डका संयोजक सुवर्णबाबु सापकोटा, नेपाली जनप्रगतिशील मोर्चा, बेलायतका संयोजक टिएन रिजाल र नेपाली जनजाति सरोकार मञ्च, बेल्जियमका अध्यक्ष बदन योङ्हाङ्गले बिहीबार संयुक्त विज्ञप्ति जारी गर्दै सो माग

... बाँकी पृष्ठ ७ मा

## राजधानी काठमाडौं नै असुरक्षित

■ **अम्बिका चन्द** / काठमाडौं

एक हप्ता यता राजधानी र आसपासका क्षेत्रमा बम विस्फोटनका घटना बढिरहेकोले यसक्षेत्रमा सुरक्षा चुनौति निकै थपिएको महशुस गरिएको छ। सोमबार दिउँसै काठमाडौंको चपलीमा भएको बम विस्फोटनबाट कांग्रेस नेता गगन थापासहित एघार जना घाइते भए। घाइते भएका मध्ये चार जनाको अवस्था गम्भीर भएको बताइएको छ। थापालाई भने कान र मेरुदण्डमा चोट लागेको छ। थापा चुनाव प्रचारका क्रममा भङ्गल चपलीमा घरदैलो कार्यक्रम गरिरहेको बेला शक्तिशाली बम विस्फोट भएको थियो। विस्फोटको आवाज निकै टाढा सम्म सुनिएको स्थानीयले बताएका छन्। यसअघि शनिबार पनि गगन थापाको चुनावी सभा लक्षित बम विस्फोट भएको थियो। काठमाडौंकै चावहिलमा थापा सहभागी चुनावमा भएको बम विस्फोटपछि भागदौड मच्चिएको थियो।



राजधानी भित्रै रहेको नेपाली काग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको घरमा बम विस्फोट भएको छ। काठमाडौंको बुढानीलकण्ठमा कडा सुरक्षा घेराभित्र रहेको देउवाको घरमा बम विस्फोट भएको हो। शुक्रबार राती भएको विस्फोटमा कुनै

... बाँकी पृष्ठ ८ मा

## देशव्यापी सयौं विस्फोटनमा दर्जनौं घाइते

■ रातो खबर संवाददाता

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मुखैमा देशव्यापी बम विस्फोटन र उम्मेदवारमाथि भएका श्रृङ्खलाबद्ध आक्रमणका घटनाले गर्दा निर्वाचन सुरक्षा चुनौति बढेको भन्दै सबैतिर चिन्ता व्यक्त गरिएको छ। निर्वाचन सुरक्षाको लागि नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ र म्यादी प्रहरीसहित चार सुरक्षा संयन्त्रका तीन लाख बढी सुरक्षाकर्मी निर्वाचन सुरक्षाको लागि तैनाथ गरिएको छ। तर पनि देशको केन्द्रविन्दु बालुवाटार प्रधानमन्त्री निवासलगायतका अति संवेदनशील स्थानहरूमा बम विस्फोट हुनुले निर्वाचन आयोगलगायत सिंगो सरकारी संयन्त्र र जनमानसमा समेत त्रास उत्पन्न भएको छ।

मंसिर १२ गते दाङमा काग्रेसको चुनावी सभामा भएको बम विस्फोटनबाट एक जना म्यादी प्रहरीको ज्यानसमेत गयो भने विस्फोटनबाट अन्य ८ जना घाइते भए। घाइते मध्ये कतिपयको अवस्था गम्भीर छ। प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा सहभागी कार्यक्रममा उक्त बम विस्फोट भएको थियो। उक्त घटनाको विषयलाई लिएर नेकपा दाङले राजनैतिक प्रतिशोधका आधारमा कतिपय राजनैतिक पार्टीका कार्यकर्ता र राजनैतिक दल सम्बद्ध संचारहरूले आफ्नो पार्टीलाई जोडेर भ्रामक प्रचार गरेको बताएको छ। लगत्तै काग्रेसको तर्फबाट प्रतिनिधिसभाको उम्मेदवार बनेका उदयपुरका नारायण कार्कीको सवारी साधन विद्युतीय धरापमा पर्दा कार्कीसहित ८ जना घाइते भए। उदयपुर क्षेत्र नं दुईका उम्मेद्वार कार्की कटारीबाट नेपालटारतर्फ जाँदै गर्दा उक्त विष्फोट भएको थियो र बमले सवारी सधान दश मिटर माथि उछिट्टिएको प्रत्यक्षदर्शीले बताएका छन्। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहभागी कपिलवस्तुको एक चुनावी सभामा विस्फोट भएको छ। शनिबार भएको उक्त बम विस्फोटपछि सभा नै स्थगित गर्नु परेको थियो भने प्रचण्डले "विप्लवले गरि खान पनि नदिने भए" भन्ने प्रतिक्रिया दिएका

... बाँकी पृष्ठ ७ मा

## संसदीय चुनावबाट समाजवाद आउँछ ?



ईश्वरी दाहाल 'असारे काका'

तत्कालीन नेकपा (माओवादी) ले नेतृत्व गरेको जनयुद्धका उपलब्धीहरूको रक्षा हुन नसकेको कारण हाम्रो पार्टीले जनयुद्धका प्रस्तावहरूलाई निरन्तर उठाउँदै आएको छ। २०५२ सालमा जनयुद्ध शुरु गर्नुभन्दा पहिला नेपाली कांग्रेसका तत्कालीन प्रमलाई हामीले ४० सुत्रीय माग प्रस्तुत गरेका थियौं। जसमा राष्ट्रियता, जनतन्त्र, र जनजीविकासँग सम्वन्धित मागहरू थिए। संयोग उनै प्रम देउवा अहिले पनि प्रधानमन्त्री छन्। तत्कालीन जनमोर्चाका ४० सुत्रीय मागहरूलाई देउवाले वास्तै नगरी भारत भ्रमण गएका थिए। त्यसपछि नै नेकपा (माओवादी)ले ती मागहरू पूरा गराउन जनयुद्धको पहल गरेको थियो।

छोटो समयमा नै जनयुद्धले देशव्यापी प्रभाव विस्तार गरेको थियो। अनमिनलगायत अन्तर्राष्ट्रिय संस्थाहरू 'समस्या' समाधानको लागि संलग्न हुन थाले। संसदवादी दलहरूमा नेपाली कांग्रेस, नेकपा (एमाले) सहितका दलहरूको नेकपा (माओवादी)सँग पटकपटक वार्ता भयो। तेस्रो वार्ता र शान्ति प्रक्रियाको पछिल्लो अवधिमा प्रचण्ड-बाबुरामले दलाल संसदीय व्यवस्था समक्ष आत्मसमर्पण गरे। संयुक्त राष्ट्रसंघको अनमिनसमेतको संलग्नतामा एमाले र कांग्रेसले जनताको आवाजलाई कुल्चिए। देशको ८० प्रतिशत भूभागमा आफ्नो नियन्त्रण कायम गरेको जनयुद्ध र जनतालाई धोका भयो। केही नेताहरूको स्वार्थ पूरा भयो। जनताको जीवन र देशको स्वाभीमानमा कुनै नयाँपन आएन।

... बाँकी पृष्ठ ४ मा

## संसदीय चुनावको खारेज

**देश/परिवेश**

■ – धर्मेन्द्र बास्तोला



नेपाल कम्युनिस्ट पार्टीले संसदीय चुनाव बहिष्कार मात्र होइन, यसको खारेजी गर्ने निर्णय आठौं ऐतिहासिक महाधिवेशनमा गरेको थियो। हाम्रो पार्टीले समस्त क्षेत्रमा यो निर्णयको वैज्ञानिक औचित्य, त्यसको कार्यान्वयनको ऐतिहासिक आवश्यकता र नयाँ राजनैतिक विकल्पको बारेमा जानकारी गराउँदै र त्यो चुनाव खारेजका लागि आम जनतामा अपिल गर्दै आएको थियो। हामी चाहन्थ्यौं कि देशमा जनताको जनतन्त्रको स्थापना नहुँदासम्म दलाल पुँजीवादी लोकतन्त्रलाई संस्थागत गर्ने यो चुनाव खारेजी होस, पुरानो संसदवादी सत्ता समाप्त पार्ने र जनताको जनवादी सत्ता स्थपनाको प्रत्याभूत हुने नयाँ संविधान निर्माणका लागि आधार बनोस्। हामीले यो पनि अपेक्षा गर्नु नाजायज थिएन कि दशबर्षको जनयुद्ध, समाज रूपान्तरणमा उतारचढावसहित पैदा भएको जटिल प्रक्रिया, आमूल परिवर्तनको जनताको आकाङ्क्षा, संसदवादी पार्टीहरूमा सामाजिक छलाङ र राजनैतिको निरन्तरतामा क्रमभंग आवश्यकताप्रति दुविधाको अवस्थामा जनयुद्ध र जनआन्दोलनको नेतृत्व गरेको माओवादी शक्तिको प्रमुख अंशले गरेको सङ्घर्ष र उठाएका मुद्दाहरूमा सरकारमा रहेका संसदवादीहरूले आफ्नै सहजताका लागि पनि हाम्रो पार्टीसँग राजनैतिक विषयमा छलफल गरोस्। नेपालमा वैज्ञानिक समाजवाद स्थापना हुँदा एकाधिकार पुँजीवादको दलालको रूपमा काम गर्न बाध्य पारिएका मुट्ठीभर संसदवादीहरूले देशको स्वाधीनता र समृद्धिमा उनीहरूका लागि नोक्सान नहुने विषयमा हाम्रो तर्फबाट छलफल गर्न पाइयोस्। संसदवादीहरूलाई हामी यो तथ्यमा विश्वास दिलाउन चाहन्थ्यौं कि देशमा स्थापित हुने स्वाधीनता र समृद्धि तथा वैज्ञानिक समाजवादी सत्ता समस्त नेपाली जनता र मानव जाण्किा तलागि विश्वको पुँजीवादी साम्राज्यवादी र वर्तमान उत्तरसाम्राज्यवादी र नेपालको दलाल पुँजीवादी अधिनायकवाद भन्दा लाखौं गुणा राम्रो हुनेछ। तर, संसदवादी रसातलमा डुबेका पार्टीहरूले समाजवादी आन्दोलनमा रहेका र संसदवादभन्दा बाहिरका पार्टीहरूसँग राजनैतिक निकासका लागि छलफल गर्ने कुनै सङ्केत देखाएनन्। यसबाट स्पष्ट हुन्थ्यो कि संसदवादीहरूलाई परिवर्तनको पक्षमा राजनैतिक निकासमा कुनै दिलचस्पी थिएन। दलाल पुँजीवादीहरूमा पनि त्यही पुरानो राजनैतिक दरिद्रता देखा पऱ्यो जुन सामन्तवादी सत्तामा देखिन्थ्यो। जसरी २०४६को जनआन्दोलनपछि सामन्ती सत्तामा प्रवेश गरेका नवसामन्तहरूमा राजनैतिक बहस नगर्ने सामन्ती अजिर्णता देखा पर्थ्यो। त्यही अजिर्णता अहिलेको दलाल पुँजीवादीहरूमा देखा पऱ्यो। देशको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समस्याहरू राजनैतिक तरिकाले समाधानमा नआउने सामन्ती अजीर्णताको परिणाम

क्रमश: पृष्ठ ५ मा

वर्ष ३, अङ्क २५, पूर्णाङ्क १२०
रातो खबर साप्ताहिक

## सम्पादकीय

# लोकतन्त्र र चुनाव खारेजी अभियान

सरकारले स्थानीय निकाय निर्वाचन घोषणा गरेको केही समयपछि देशव्यापी रूपमा बम हमला र आक्रमणका घटना शुरु भएका थिए । प्रतिनिधिसभा र प्रदेशसभाको चुनावसम्म आउँदा बम हमलाको यो श्रृङ्खला अत्यधिक बढ्यो । बहालवाला प्रधानमन्त्रीदेखि पूर्वप्रधानमन्त्री, मन्त्री र उम्मेद्वारहरू लक्षित घटना भए । साथै विभिन्न दलका नेताहरू पनि आक्रमणको निशानामा परे । प्रधानमन्त्री स्वयं सहभागी भएको दाङ तुल्सीपुरमा आयोजित चुनावी सभामा भएको बम विस्फोटबाट एकना प्रहरीले ज्यानसमेत गुमाउनु पर्‍यो । देशकै केन्द्रविन्दु प्रधानमन्त्री निवास बालुवाटार परिसर र प्रधानमन्त्री स्वयंको बुढानिकलण्ठस्थित घरमा बम विस्फोट भयो । उच्च सुरक्षा निगरानीभित्र रहेको बालुवाटारमा बम विस्फोट हुँदा सुरक्षा गर्न तैनाथ सुरक्षाकर्मी नै डिउटी पोस्ट छोडेर भागे । कांग्रेसका प्रभावशाली नेता डा. रामशरण महत र रामचन्द्र पौडेल पनि आक्रमणकारीको निशानामा परे । यस्ता आक्रमणबाट ती नेताहरू संयोगले बाँच्न सफल भएका छन् । रामचन्द्र पौडेलले त आफू ठूलै दुर्घटनामा परेको तर भाग्यले बाँचेको प्रतिक्रिया दिए । कांग्रेस नेता कृष्ण सिटौंला, माओवादी नेता वर्षमान पुन, प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवसमेत आक्रमणकारीको निशानामा परेका छन् । देशैभरि तीन हप्ताको अन्तरालमा सयौं सानाठूला विष्फोटनहरू भएका छन् । दुई दर्जन व्यक्ति घाइते भएका छन् भने दजनौं सवारी साधन क्षतिग्रस्त बनेका छन् । बालुवाटारभित्रै बम विस्फोट र सर्वोच्च अदालत परिसरमा नै बम राखिएको हल्लाले सिंगो सरकारी संयन्त्रमा खैलाबैला मच्चिएको छ । तत्कालीन हिसाबले सरकारी पक्षले यी घटनाहरूसँग जोडेर शान्ति सुरक्षाको नाममा नेकपाका नेताका कार्यकर्ताहरूलाई पक्राउ गर्ने र जेल हाल्ने काम गरिरहेको छ । तर यही नै समस्याको दीर्घकालीन समाधान भने होइन । यो देशका शासकहरू र खासगरी माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले के बुझ्न जरुरी छ भने २०५२ सालदेखि २०६२ सालसम्म जनयुद्ध लडेको तत्कालीन नेकपा (माओवादी) को ठूलो क्रान्तिकारी हिस्सा अहिले पनि निरन्तर क्रान्तिमा छ । जनमुक्ति सेना विघटन पूर्व र पछिको सेनाको ठूलो समूह पनि अहिले क्रान्तिकै पक्षमा छ । सिङ्गै जनयुद्धको सपनालाई मारेर प्रचण्ड-बाबुराम दक्षिणपन्थी संसोधनवादमा पतन भएपनि उनीहरूले युवा पुस्तामा बिजारोपण गरेको क्रान्तिको सपना बोकेर हजारौं हजार मानिस अहिले पनि रणमैदानमा छन् । यो कुरालाई बिर्सेर विप्लवलाई भाई, बमलाई रेडबुलको बट्टा र गोलीलाई गुलेली देखेकोले गर्दा नै यो आज परिस्थितिको सिर्जना भइरहेको छ । जसको परिणाम आज सर्वत्र शान्ति सुरक्षा कमजोर भएको अथवा विप्लवको शक्तिलाई कम ठान्नु गलत भएको जस्ता विश्लेषण गरिंदैछ । देशभरिका यावत बम विस्फोटन र उम्मेद्वार अपहरणका घटनाहरूमा घोषित वा अघोषित रूपले विप्लव नेतृत्वको नेकपालाई आरोप लगाउने काम भइरहेको छ । देशव्यापीरूपमा भएका सबै घटनाहरूमा नेकपाको हात छ भन्ने होइन । कतिपय घटनाहरू व्यक्तिगत इगो र संगठित अपराधसँग पनि जोडिएका हुनसक्छन् । चुनावको विरोधमा नेकपा छ भन्दैमा सम्पूर्ण घटनाहरूमा उसको हात छ र श्रेय उसले लिनुपर्छ भनियो भने पनि गलत हुन जान्छ ।

नेकपाले थवाङमा सम्पन्न आठौं महाधिवेशनबाट घोषितरूपमा चुनाव खारेज अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । जसअनुसार पहिलो चरणमा देशका ठूला शहरहरूमा चुनाव खारेजी सभा गर्ने थियो । त्यसपछि जनभेटघाट, घरदैलो गरेर गाँउगाँउमा सङ्गठन सुदृढीकरण र विस्तार गरी आफ्नो साङ्गठनिक आधार सुदृढ गर्ने कार्यनैतिक योजनामा थियो । जसअनुसार विराटनगर, धरान, कैलाली, नेपालगन्ज, दाङ, बुटवल, पोखरा, चितवन, धरान, धनकुटा, जनकपुरलगायतका ठूला शहरहरूमा बृहत् सभाहरूको आयोजना गरिएका थिए । ति सभाहरूमा गृहमन्त्रालयको ठाडो निर्देशनमा प्रहरी हस्तक्षेप गर्न लगाइयो । नेकपाका कार्यक्रममा सहभागी हुने सवारी साधनलाई बिच बाटोहरूमै रोकियो । जुलुसमा हस्तक्षेप गरियो । मञ्चसमेत भत्काउने काम भयो । त्यसपछि घरदैलो कार्यक्रम गर्दै हिडेका नेता कार्यकर्ताहरूलाई धमाधम गिरफ्तार गर्ने काम भयो । माओवादी केन्द्रले वाईसिएलको प्रयोग गरेर शान्तिपूर्ण कार्यक्रम र साँस्कृतिक समूहका कार्यक्रममा समेत हस्तक्षेप गर्‍यो । यसको ज्वलन्त उदाहरण रोल्पाको इरिवाङ र अर्घाखाँचीको सन्धिखर्कमा आयोजित साँस्कृतिक कार्यक्रममा प्रहरी हस्तक्षेप हुनु हो । यस्तै एक महिना लामो विधागत तालिम सकेर काठमाडौंको राष्ट्रिय नाचघरमा टिकट सो देखाउन लागेको सामना सांस्कृतिक परिवारको केन्द्रीय टोलीलाई मञ्चमै पुगेर कलाकारहरूलाई धरपकट र हस्तक्षेप गरियो । चुनाव खारेजी अभियानको उद्देश्य बुझाउन पार्टीको नीति र कार्यक्रम जनतामा लिएर जानको लागि नेकपाले साँस्कृतिक टोलीसहित गाउँ जाने तयारी गरिरहेको थियो । तर शुरुवाती चरणमै प्रहरी हस्तक्षेप गरी पक्राउ गर्ने, यातना दिने र झूठा मुद्दामा फसाउने काम भयो । घरमा खाना खाइरहेका, सुतिरहेका, खेत जोतिरहेका, किरिया बसेका, बिरामी, अशक्त, बच्चाका आमा, ८० वर्ष कटेका वृद्धहरूलाई जसरी पक्राउ गर्ने काम भयो । त्यसकै परिणाम आज यो अवस्था भोग्नु परेको हो । जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ भन्ने कुराको व्यहारिक परिणाम हो । विप्लवलाई भाई देख्ने र नेकपालाई कुनै जातीय क्षेत्रीय पार्टी देख्नेहरूले यदि उनको शक्तिलाई कमजोर देखे भने यो भन्दा ठूलो नियती भोग्नु नपर्ला भन्न सकिन्न । हजार पन्ध्र सय कार्यकर्ता गिरफ्तार गरेर नेकपालाई तह लगाउने कोशिस गरिएला तर उसका दुई लाख पार्टी सदस्यमध्ये एक लाख त सक्रिय कार्यकर्ता छन् । यस्तै भारत, मलेसिया, साउदी, कतार, बेल्जियम, दुवईलगायत देशहरूमा उसका सङ्गठनहरू क्रियाशील छन् । त्यसैले दमन गरे झनै प्रतिरोधको ज्वाला दन्किन्छ । यदि बन्दुकले तह लगाउन सम्भव हुन्थ्यो भने २०५२ सालमा तत्कालीन माओवादीले जनयुद्ध शुरु गर्दा ३५ जनाको सङ्ख्यामा सक्रिय थिए । पछि २०५८ सम्म आइपुग्दा तीस हजारको हाराहारीमा विशाल जनमुक्ति सेना तयार भयो । दमनले क्रान्ति रोकिँदैन भन्ने यो इतिहास साक्षी छ । त्यसैले राजनैतिक प्रतिशोधको आधारमा नेकपामाथि दमन गरेर देशमा शान्तिसुरक्षा कायम हुन्छ भन्नु मुर्खता मात्र हो ।

अर्कोतिर नेकपाले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्रश्नमा निकै गम्भीर र दूरगामी महत्वका कुरा उठाएको छ । अहिले नै उसले कुनै युद्ध र सशस्त्र रक्तपातपूर्ण सङ्घर्षको कुरा गरेको होइन । आज राष्ट्रियता इतिहासकै कमजोर बिन्दुमा पुगेको बेला नेपालका राष्ट्रियता पक्षधरहरू, मध्यमवर्ग गरिब किसानहरूले नेकपाबाट केही आशा पनि गरेका छन् । यतिसम्मकी सेना प्रहरीका उच्च अधिकारीहरूसमेत तपाईहरूको आन्दोलनमा हाम्रो समर्थन छ भन्ने गरेका छन् । यो देशको वास्तविक अवस्था बुझेका र देशलाई माया गर्नेहरूले आज आशा र विश्वासका साथ नेकपालाई हेरिरहेका छन् । यो बेला राजनैतिक प्रतिशोधको आधारमा सत्ताधारी र माओवादी केन्द्रका दुइ-चार जना चर्को स्वरमा कुर्लिंदै ती नवदलालहरूले नेकपालाई दमनले तह लगाउने कोशिस गर्नु उनीहरूकै लागि आत्मघाती हुनसक्छ । विप्लव र उनको पार्टी नेकपाको रणनैतिक उदेश्य शक्ति सञ्चय गरेर सत्ता र सरकारमा जाने उदेश्य होइन । सबैले यो बुझेको छ भने त्यो काल्पनिक हुन्छ । विप्लव व्यक्ति स्वयं त्यस्तो आशा गर्ने व्यक्ति होइनन् । उनले यतिसम्म कि प्रचण्ड र बैद्यबाट अलग हुनुभन्दा पहिले नै पार्टी महासचिव र गृहमन्त्री बन्नुपर्‍यो भन्ने प्रचण्डको प्रस्ताव सिधै अस्वीकार गर्दै पद होइन पार्टी गलत दिशातिर जान लागेको कुराप्रति चिन्ता व्यक्त गरेका थिए । अहिले पनि नेकपाको रणनीतिक योजना भनेको प्रचण्ड-बाबुरामले भने जस्तो कोदो र काउलीको बीउ मिसाएको जस्तो समाजवाद नभई जनताको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु हो । नेकपा वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र देशको भलो हुन्छ भन्ने उद्देश्य राख्ने परिवर्तनको सपना बोकेको सशक्त क्रान्तिकारी पार्टी हो । त्यसैले दमन र बन्दुकले विप्लव नेतृत्वको पार्टीलाई तह लगाउने कोशिस झनै मुर्खतापूर्ण हो । इतिहासको गतिशील प्रवाह दमनले कहिल्यै रोकिएको छैनर रोकिनेवाला पनि छैन ।

# लोकतन्त्र, चुनाव र विकल्प


भरत बम 'रणवीर'

> ... त्यस्तो भए यो फौजी टक्करको स्वरूप कस्तो होला त ? अब हुने फौजी टक्कर हाम्रो पार्टीको विश्लेषणमा गृहयुद्धको रुपमा नभएर राष्ट्रिय युद्धको रुपमा हुनेछ किनकि अब नेपालमा जनयुद्ध २ हैनकि एकीकृत जनक्रान्ति हुनेछ । जहाँ क्रान्तिकारी जनताले मात्र होइन पुरानो राष्ट्रवादी सुरक्षा फौजले पनि भाग लिनुपर्छ ।

पार्टीले संसदीय दलाल पुँजीवादी व्यवस्थाको चुनाव खारेज गर्ने नीति लिएको छ । यो नीतिलाई नेपाली जनताले क्रान्तिकारीहरूको साथमा व्यवहारिक रूप दिंदा ठोस कारवाही तथा घटनाहरू अगाडि आएका छन् । तर यी कारवाहीलाई लिएर लोकतन्त्रमै खतरा पैदा भएको विश्लेषण गर्रिंदैछ । त्यसैले के हो लोकतन्त्र ? कसरी बुझ्ने चुनाव खारेजीका कारवाहीलाई ? अनि अब के हुन्छ र गर्नुपर्छ त ? यसबारे संक्षिप्त चर्चा गर्ने प्रयास गरौं ।

### लोकतन्त्रको विकल्प छ ?

आज के भनिंदैछ भने लोकतन्त्रमा चुनावको विकल्प हुँदैन । त्यसैले चुनावको विरोध लोकतन्त्रकै विरोध हो । अझ यसमा बम पड्काउनु त अक्षम्य अपराध हो । त्यसो भए लोकतन्त्रमा जनतालाई चुनाव बहिष्कार र अधिकारको लागि विद्रोहको अधिकार हुन्छ कि हुँदैन त ? यदि यो अधिकार हुन्छ र जनताले प्रयोग गर्छ भने यसको अर्थ चुनाव र लोकतन्त्रको पनि विकल्प हुन्छ भन्ने हो । यसरी जनताले विकल्प खोज्छ भने हामीले लोकतन्त्रका बारेमा नै विचार गर्नुपर्ने स्थिति आउँछ । वास्तवमा आजको लोकतन्त्रमा ' लोक' (जनता) बाट 'तन्त्र' अलग्गिएको छ र यो जनतामाथि बाध्यात्मक बोझ बनेर थोपरिएको छ । यो तन्त्रले जनताबाट लिएको मात्रै छ दिएको केही छैन । जस्तो कि विदेशिन बाध्य लाखौं युवाहरूको विप्रेषण र करबाट बाँचिरहेको राज्यले ती युवा र जनतालाई पराधीनता र दुःखबाहेक अरू के दिएको छ र ? साँच्चै भन्ने हो भने यो लोकतन्त्र पनि हजारौं वर्ष पहिलेको दास समाजमा जस्तै दासलाई छोडेर मालिकहरूको मात्रै लोकतन्त्र भए झैं यो लोकतन्त्र आज पनि वर्ग सापेक्ष छ । वास्तवमा आजको लोकतन्त्र भनेको नेपालको सन्दर्भमा दलाल पुँजीपति वर्गको लोकतन्त्र हो ।

कानुनतः संविधानमा सबै जनतालाई चुन्ने र चुनिने समान अधिकार हुन्छ भनिए पनि वस्तुतः वास्तविक अर्थमा पुँजीपतिको मात्रै चुनिने, जनताको चुन्ने मात्रै भूमिका छ । यही प्रयोजनको लागि चुनाव हुने गर्छ । त्यसैले यस्तो चुनावमा जनताले भाग लिनुको कुनै औचित्य नै हुँदैन । स्पष्ट छ कि, अहिलेको लोकतन्त्रमा हुने चुनावमा धेरै पुँजी (रूपैयाँ) चाहिन्छ तर त्यो पुँजी आम जनतासँग हुँदैन पुँजीपतिसँग हुन्छ र त्यो मिहिनेतबाट हैन दलाली, भ्रष्टाचारी र तस्करीबाट कमाइन्छ । यदि मिहिनेतबाट कमाइने भए जनता उहिल्यै पुँजीपति भैसक्थे । फेरि अहिलेको राजनीतिप्रतिको आस्था टुटिसकेकोले कसैले पनि आफ्नो घरजग्गा बेचेर चुनाव लड्दैन र जो चुनाव लड्छ त्यसको उद्देश्य देश र जनताको सेवा गर्नु हुँदैन ।

यसरी जब जनताको लामो बलिदानीपूर्ण सङ्घर्षबाट स्थापित लोकतन्त्र नाम मात्रको हुन्छ तब त्यो लोकतन्त्रमा हुने चुनावमा मतदान गर्नु बम हान्नु जस्तै अलोकतान्त्रिक हुन्छ भने त्यो लोकतन्त्रमा बम हान्नु भनेको पनि मतदान गर्नु जस्तै लोकतान्त्रिक हुन्छ । यहाँ के कुरा ख्याल गरौं भने अहिलेको परिवर्तनको लागि हिजो जनयुद्ध लडेका जनता नै यसको विपक्षमा छन् भने यी बमहरू त अराजकता हैन कि धैर्यताका अभिव्यक्ति मात्र हुन् । वास्तवमा हिजो जसले यो लोकतन्त्र प्राप्तिको लागि अग्रमोर्चामा रहेर बलिदानीपूर्ण सङ्घर्ष गरे, आफन्त गुमाए, अंग प्रत्यअङ्ग गुमाए, आफ्नो उर्बर र रहरिलो बैंस गुमाए । हो आज तिनै वीर योद्धाहरूलाई न्यूनतम न्याय र अधिकार दिन नसक्ने यो लोकतन्त्रले अरू जनतालाई न्याय र अधिकार दिनै सक्दैन किनकि यो लोकतन्त्र त मुट्ठीभर दलाल पुँजीपति वर्गको लोकतन्त्र हो । त्यसैले वर्तमान लोकतन्त्रको विकल्प आम जनताको प्रतिनिधित्व गर्ने वास्तविक लोकतन्त्र छ र हुन्छ । जुन लोकतन्त्रका लागि जनताको सङ्घर्ष आवश्यक छ । त्यही जनसङ्घर्षको एक पक्ष चुनाव खारेज अभियान पनि बनेको छ ।

### चुनाव खारेजका कार्वाही के हुन् र कसरी बुझ्ने ?

जसरी राज्यले स्थानीय चुनावपछि खासगरी नयाँ सुरक्षा रणनीति अवलम्वन गरेको थियो ठिक त्यसरी नै पार्टीले पनि खारेजीको नयाँ रणनीति अख्तियार गर्न आवश्यक थियो । यो नयाँ रणनीति भनेको स्थानीय चुनावको खारेजी अभियानमा व्यक्त मालकोट तथा कर्णालीको उत्कर्षलाई विस्तार गर्ने रणनीति हुन्थ्यो र थियो । सबभन्दा पहिले यहाँ के स्पस्ट हुनुपर्दछ भने अहिलेको चुनावमा लाखौं विदेशिन बाध्य युवाहरूसहित अधिकांश जनताले मतदान गरेको छैन र एकदम न्यून मतदान भएको छ । यसले चुनाव खारेजीको वैज्ञानिकता र सफलतालाई व्यक्त गरेको छ । अहिलेको कथित पहिलो चरणको चुनावमा माल्कोटको विस्तार कालीकोटकै सान्नी, रास्कोटको मुम्रा, क्यूरी र रुकुमको आठविसकोटसम्म भयो । मुगु शोभाको मुगुकै धैनमा विस्तार भयो भने थवाङ आफनो क्रान्तिकारी विरासतलाई कायम राख्ने अभियानमा सक्रिय रह्यो ।

मंसिर ९ गते राती सान्नी रास्कोटको मुम्रा क्युरीमा रहेको बुथ पार्टीकै खारेजीको नीति र नेतृत्वमा निःशस्त्र जनताले साढे दुई घण्टा भिडेर सम्पूर्ण रूपमा कब्जा गरे । जहाँ प्रहरीतर्फ असई गिरीराज भण्डारी र जवान रामबहादुर चौधरी घाइते भएपछि १० गते विहान उपचारार्थ हेलीबाट नेपालगन्ज लगियो भने स्थानीय महेन्द्र शाही र टंक विक सामान्य घाइते भए । तर चुनाव स्थगित भएन । सिपखानाको सेरा बुथ केन्द्रबाट मतपेटिका लिएर चुनाव गराइएपछि जनता गएनन् । मात्रै २ जनाले सबैको नक्कली मत हाले र कथित लोकतन्त्रको खिल्ली उडाए तर रुकुमको आठविसकोटको गतसैना र बाँफीकोट काँडाको बुथमा भने मतपेटिकामा आगो हालेर ध्वस्त भएपछि चुनाव नै स्थगित भयो । फेरि मंसिर १५ गते पुनः मतदान हुँदा पनि बम विस्फोट भएपछि एकदम न्यून मतदान भयो । त्यसैगरी १० गते मतदान सकिएपछि मुगुको धैनको बुथमै निर्वाचन टोली निःशस्त्र जनताको घेरामा परेपछि भएको झडपमा प्रहरीले १६ राउन्ड हवाई फायर गरेपनि प्रहरीतर्फ नै घाइते हुन पुगे । यसरी स्थानीय चुनावमा शोभा र मालकोटमा व्यक्त उत्कर्षको विस्तार सान्नी रास्कोटको क्यूरी, मुगुकै धैन हुँदै रुकुमको आठविसकोटसम्म भयो । यी पछिल्ला घटनाहरू पनि एकातिर एकीकृत जनक्रान्तिको व्यवहारिक अभिव्यक्ति हुन् भने अर्कोतिर माल्कोट उत्कर्षको विस्तार मात्र हैन बरु थप सुदृढीकरण र समृद्धिका अभिव्यक्ति पनि हुन् । तर चुनावमा नकरात्मक असर पर्ने ठानी यी घटनाहरूलाई सञ्चार माध्यमहरूले धेरै प्रचारमा ल्याएनन् ।

अहिलेको चुनाव खारेजी अभियानको अर्को महत्वपूर्ण पक्ष भनेको बम विस्फोटको श्रृङ्खला हो । यसको प्रचारलाई सञ्चार माध्यमहरूले चाहेर पनि रोक्न सकेनन् । यहाँ स्पष्ट हुनुपर्ने कुरा के छ भने जब जनताले चुनावमा क्रान्तिकारीहरू सँगै असहमति जाहेर गरेर बहिष्कार वा खारेजी मार्फत् आफ्नो अभिमत प्रकट गरे तब त्यो जनताको जनमतलाई सुन्नुको बदला शासक वर्ग दमनको नीतिमा अगाडि बढ्यो । जब शोषक वर्गले जनआवाजलाई सुनेन र दमनमा अगाडि बढ्यो करिब एक हजार नेता कार्यकर्ता र जनताको गिरफ्तारी यही दमनको परिणाम हो तब जनताले बम विस्फोटनद्वारा आफ्नो आवाज सुनाउन र आत्मरक्षाको लागि प्रतिरोध गर्न आवश्यक ठाने । परिणाम स्वरूप यो बम विस्फोटनको श्रृङ्खला अगाडि आएको हो । यसरी सम्पूर्णरूपले बम विस्फोटनको कारण वर्तमान राज्य र शासक वर्ग बनेको छ । तर राज्यले यसलाई उम्मेद्वार लक्षित हिसांत्मक अपराधिक घटनाको रूपमा परिभाषित गर्दैछ । यसबाट दुईवटा कुरा स्पस्ट हुन्छन्-पहिलो राज्य विद्यमान दलाल पुँजीवादी वर्गको लोकतन्त्रलाई आम जनताको स्वाधीन लोकतन्त्रमा विकास गर्ने विषयमा छलफल बहस गर्न तयार नै छैन । बरु यसलाई जबर्जस्त जनताको लोकतन्त्र सावित गर्न चाहन्छ । दोस्रो राज्यले शान्ति चाहेको छैन कि फेरि युद्ध चाहेको छ र त्यसको लागि राजनीतिक समस्याको फौजी समाधान खोज्न उद्यत भएको छ ।




### अब जनयुद्ध २ कि एकीकृत जनक्रान्ति ?

अहिले कसैले मानेपनि-नमानेपनि नेपाल वैचारिक र राजनीतिक रूपले स्पष्टतः दुई ध्रुवमा विभाजित भएको छ । पहिलो अहिलेको संविधान लोकतन्त्र मान्ने र दोस्रो नमान्ने अनि विकल्प खोज्ने । पहिलोले देशलाई संकटमा धकेल्छ भने दोस्रोले त्यसबाट मुक्ति दिन्छ । जब यो वैचारिक र राजनीतिक विभाजन समयमै उचित ढङ्गले हल हुँदैन तब त्यो अनिवार्य फौजी टक्करमा व्यक्त हुन्छ र फौजी टक्कर भनेको शान्तिपूर्ण हुनै सक्तैन । त्यस्तो भए यो फौजी टक्करको स्वरूप कस्तो होला त ? अब हुने फौजी टक्कर हाम्रो पार्टीको विश्लेषणमा गृहयुद्धको रूपमा नभएर राष्ट्रिय युद्धको रूपमा हुनेछ किनकि अब नेपालमा जनयुद्ध २ हैनकि एकीकृत जनक्रान्ति हुनेछ । जहाँ क्रान्तिकारी जनताले मात्र होइन पुरानो राष्ट्रवादी सुरक्षा फौजले पनि भाग लिनुपर्छ ।

यो एकीकृत जनक्रान्तिको उद्देश्य भनेको वर्तमान असफल दलाल संसदीय व्यवस्थाको अन्त्य र देशको पूर्ण स्वतन्त्रतासहित वैज्ञानिक समाजवादको स्थापना हो । त्यसैले एकीकृत जनक्रान्तिको निशाना हो- एक प्रतिशत मुट्ठिभर दलाल संसदीय पुँजीपति वर्गीय लोकतन्त्र । के साच्चै तपाईंहरू अहिलेको लोकतन्त्रसँग सन्तुष्ट हुनुहुन्छ ? के यो लोकतन्त्रले युवाको निराशा, पलायन र भ्रष्टाचार रोकेर देशमै रोजगारी दिन सक्छ ? के तपाईहरू हाम्रो देश नवउपनिवेश बनेको हेरेर बस्न सक्नुहुन्छ ? यदि सक्नुहुन्न भने यसको विकल्प किन नखोज्ने ? अनि विकल्प खोज्दा राज्य दमनमा उत्रिएर जबरजस्त युद्ध थोपर्छ भने यो युद्धको विकल्प एकीकृत जनक्रान्ति किन नरोज्ने ? साँच्चै अब हाम्रो क्रान्तिमा बब अभाकियनले भने झैं यी नाराहरू सही हुनेछन्- निराश भएकाहरूको आशा हो क्रान्ति, जनताको सेवा गर, कसैसँग नडराउ । पहिलो चरणको निर्वाचनमा ४० प्रतिशतभन्दा कम मतदाताले मतदान गरेका छन् । तर ६५ प्रतिशत भनेर झूठो प्रचार गरिएको छ । यस्ता झूठहरू प्रचार गर्ने संसदीय व्यवस्थाको चरित्र नै हो ।

अन्तमा चुनाव त आउँछ जान्छ । यो दुई दिनको रमाइलोबाहेक केही होइन । चुनावपछि स्थायी सरकार र विकास हुन्छ भन्नु पनि जनतालाई भ्रम दिनु हो किनभने संसारमा देश र जनताको मुक्ति संसदीय चुनावबाट हैन क्रान्तिबाट मात्रै भएको इतिहास छ । जब देश र जनताको पूर्ण मुक्ति हुँदैन तबसम्म शान्ति र विकास त जनतालाई ठग्ने र दमन गर्ने शासकीय हतियार मात्र सावित हुन्छन् । त्यसैले हामीले दलाल राज्यले लादेको गृहयुद्धको विकल्प एकीकृत जनक्रान्ति कार्यदिशा अगाडि सारेका छौं । जसको माध्यमले वैज्ञानिक समाजवादी व्यवस्था स्थापित हुन्छ अर्थात समाजवादी क्रान्ति सम्पन्न हुन्छ । जुन क्रान्तिले अहिलेको नक्कली लोकतन्त्रको अन्त्य र वास्तविक लोकतन्त्रको स्थापना गर्नेछ । जब वास्तविक जनतन्त्रको स्थापना हुनेछ तब मात्रै त्यो जनतन्त्रको चुनाव साँचो अर्थमा जनताको लागि उत्सव हुनेछ र जनताले बमको सट्टा पटाका पड्काउने छन् ।

# पक्राउ सङ्ख्या हजार नाघ्यो

■ रातो खबर संवाददाता/

गएको स्थानीय तहको निर्वाचनदेखि नै नेकपाले शान्तिपूर्ण रूपले चुनाव खारेजी अभियान चलाएको थियो । जनसभा, पर्चा, पोष्टर, भित्तेलेखन जस्ता विधिहरू प्रयोग गरेर आफ्ना विचारहरू जनसमक्ष लगेको हो । नेकपाको पक्षमा जनमत प्रकट हुँदासाथ प्रशासनले बल प्रयोग गऱ्यो । भित्तामा नारा लेखिरहेका कार्यकर्ता पक्रिए । पोष्टर च्यातेर फाल्न थालियो । महेन्द्रनगर, सुर्खेत, चितवन, विराटगनर, विरगन्जलगायत खुला सभाहरूमा प्रहरी हस्तक्षेप भयो । स्थानीय प्रशासनले चुनावको विपक्षमा गतिविधि गर्न नदिने 'माथिको आदेश' भन्दै हस्तक्षेप र पक्राउ गर्न थाले । नेकपाले शान्तिपूर्ण कार्यक्रम गर्न नदिने भए अर्को बाटो जान बाध्य हुने चेतावनी दिएको थियो तर सरकारले सुनेन । सरकारी र सरकारी विचारका वाहक बुद्धिजीवीहरूले वेवास्ता गरिरहे । नेकपाको विचार जनतामा जान नदिने र आफ्ना जनविरोधी तथा राष्ट्रविरोधी हर्कत एकछत्र चलाउने दाउमा सरकार देखिन्छ । जनतालाई सही विचारबाट रोक्ने उद्देश्यले सरकारी गठबन्धन, दलाल संसदीय व्यवस्था र त्यसका वाहक चारैवटा अङ्गहरू मिलिभगत गरिरहेका छन् । अस्पतालमा उपचार गराइरहेका, कक्षा कोठामा पढिरहेका सबै पक्राउ गर्न थालियो । नेकपाको विचार र संगठनको उदयभित्र प्रचण्ड-बाबुराम मण्डलीको निषेध निहित छ र त्यससँगै दलाल संसदीय व्यवस्थाको जनविरोधी, देशद्रोही चरित्र उदाङ्गो हुनेवाला छ । त्यसकारण नेकपामाथि सरकारी पूर्वाग्रह र दमनकारी नीति कायम छ । जब नेकपाले प्रतिरोध गऱ्यो संसदीय व्यवस्थाका छट्टुहरू कोकोहोलो गरिरहेका छन् र उनीहरूद्वारा पालिएका भाडाका बुद्धिजीवीहरू 'वेश्याले पतिब्रताको दाबी गरेझैं' गरिरहेका छन् । देशभित्र विदेशी सेनाले परेड खेल्दा एक शब्द बोल्न नसक्ने लाचार सुरक्षा निकाय धम्कीको भाषा बोलेर 'प्रभुको चाकरी' गर्दैछ । यो समाधान होइन । त्यसप्रकारको भूमिका र शैलीले नकारात्मक इतिहासको पुनरावृत्त मात्र गर्नेछ । समयमै सम्बन्धित सबैको ध्यान पुगोस् ।

कार्तिक १७ गतेदेखि यता मंसिर १९ गते साँझसम्म गिरफ्तार हुनेको संख्या १ हजार नाघिसकेको छ । प्रहरीले अधिकांश नाम गुपचुप राखेको छ । हामीलाई प्राप्त थप विवरण तल प्रस्तुत गरिएको छ -

| क्र.सं | मिति | नाम | गिरफ्तार गरिएको स्थान | आबद्धता | कैफियत |
|---|---|---|---|---|---|
| २१७ | २०७४/०८/६ | राजु अधिकारी | गंगबु, काठमाडौं | शिक्षक | घरबाटै गिरफ्तार |
| २१८ | ,, ,, | विष्णु खत्री | चावहिल, काठमाडौं | – | – |
| २१९ | ,, ,, | बसन्त भेटवाल | माछापोखरी, बालाजु | नेकपा | पसलबाट गिरफ्तार |
| २२० | ,, ,, | किरण गौतम | कलंकी, काठमाडौं | ,, ,, | घरबाट गिरफ्तार |
| २२१ | ,, ,, | शिला राई | कपन, काठमाडौं | ,, ,, | ,, ,, |
| २२२ | २०७४/०८/१० | कल्पना के.सी. | बाफिकोट ५, रुकुम | सदस्य नेकपा (माके) | मतपत्रमा आगजनी |
| २२३ | ,, ,, | मानबहादुर वाइबा | बागमती ९, सुकेखोला | नेकपा | – |
| २२४ | ,, ,, | धुर्व के.सी. | जोरपाटी, काठमाडौं | जिल्ला सदस्य | – |
| २२५ | २०७४/०८/१३ | बुद्धी वाइबा | बागमती ४, सर्लाही | ,, ,, | – |
| २२६ | ,, ,, | पदम नेपाली | आठबिसकोट ९, दैलेख | शिक्षक | विद्यालयबाट गिरफ्तार |
| २२७ | ,, ,, | नगेन्द्र सिजापति | ,, ,, | – | – |
| २२८ | ,, ,, | दुर्गा सिजापति | ,, ,, | – | – |
| २२९ | ,, ,, | तेजनारायण यादव | छिन्नमस्ता १, सप्तरी | – | – |
| २३० | ,, ,, | सञ्जय राय | विष्णुपुर ६, सप्तरी | – | – |
| २३१ | ,, ,, | सूर्यनारायण सुतिहार | हनुमान-कंकालिनी नपा १४, रम्पुरा मल्हनिया, सप्तरी | – | – |
| २३२ | ,, ,, | राजु विस्वास | नौविसे, काठमाडौंबाट पक्राउ | भारतीय नागरिक | घरः कोत्ताजाल, भारत |
| २३३ | ,, ,, | महमद फरमान | ,, ,, ,, | ,, ,, | घरः पश्चिम बंगाल, भारत |
| २३४ | २०७४/०८/१४ | बलबहादुर मगर | त्रियुगा ७, उदयपुर | – | पूर्व पीएलए |
| २३५ | ,, ,, | बाबुराम सुवेदी | ,, ,, | नेकपा सदस्य | – |
| २३६ | – | चुडामनी घिमिरे | इलाम नपा ६, इलाम | – | – |
| २३७ | – | सुमित्रा खत्री | सुर्योदय नपा २, इलाम | – | – |
| २३८ | – | सुभाष तामाङ | जलपाइगुडी, भारत | – | – |
| २३९ | – | संगिता फागो | – | – | – |
| २४० | – | अर्जनकुमार थापा | – | – | – |
| २४१ | – | पार्वता बराल | – | – | – |
| २४२ | – | बसुन्धरा कार्की | इलाम नपा ५, इलाम | – | – |
| २४३ | – | संजीव फागो | इलाम नपा ११, इलाम | – | – |
| २४४ | – | मोहन बराल | देउमाई नपा ८, इलाम | – | – |
| २४५ | – | विशाल राई | इलाम नपा १, इलाम | – | – |
| २४६ | २०७४/०८/१४ | जनक विश्वकर्मा | घोराही, दाङ | जिल्ला सदस्य, नेकपा | – |
| २४७ | ,, ,, | अनिल के.सी. | ,, ,, | उपाध्यक्ष अखिल (क्रान्तिकारी) | – |
| २४८ | ,, ,, | मनोज के.सी. | ,, ,, | विद्यार्थी | – |
| २४९ | ,, ,, | रामा चौधरी | लमही, दाङ | शिक्षक | घरैबाट राती २ बजे पक्राउ |
| २५० | | महेन्द्र शाह | वीरगन्ज, पर्सा, चिनीमिल आवाश क्षेत्र | अधिवक्ता | घरैबाट गिरफ्तार |
| २५१ | २०७४/०८/१५ | रमाकान्त बास्तोला | महेन्द्रपुल, पोखरा, कास्की | रातोखबर संवाददाता | दोस्रो पटक पक्राउ |
| २५२ | २०७४/०८/१७ | ............... गौतम | बागबजार, काठमाडौं | होटल व्यवसायी | सर्वसाधारण |
| २५३ | ,, ,, | प्रेमचन्द्र रुचाल | बुटवल, त्रिलोतमा | अखिल (क्रान्तिकारी) | – |
| २५४ | ,, ,, | अभय श्रेष्ठ | आँबुखैरेनी, तनहुँ | – | – |
| २५५ | ,, ,, | विजय गुरुङ | ,, ,, | – | – |
| २५६ | ,, ,, | जय गुजुङ | ,, ,, | – | – |
| २५७ | २०७४/०८/१८ | राजन कार्की | धनकुटा | जिल्ला समिति सदस्य | – |

खोज अनुसन्धान

# मदन पुरस्कार र सांस्कृतिक प्रतिगमन

कुनै निश्चित प्रतियोगितामा भाग लिएर विजयी बन्ने वा उत्कृष्ट स्थान हासिल गर्ने व्यक्तिलाई पुरस्कार प्रदान गरिन्छ तर यसका लागि खुला र पारदर्शी ढङ्गले निश्चित विधा, विधि, प्रणाली तय गरिएको हुन्छ । यसमा तोकिएको क्षेत्रबाट योग्यता वा क्षमता पुगेका व्यक्तिहरू नियमसङ्गत ढङ्गले विधिवत् शैलीले प्रक्रियामा सामेल हुन्छन् र निर्णायकहरूले निष्पक्ष रूपले परीक्षा वा प्रक्रियामा सामेल भएकाहरूको प्रतिभा र क्षमतालाई निश्चित अङ्क प्रदान गरी पुरस्कारका लागि प्रस्ताव गर्छन् । पुरस्कार प्राप्त गर्नु र सम्मान/अभिनन्दन प्राप्त गर्नु फरक कुरा हुन् । पुरस्कार जोकसैले प्राप्त गर्न सक्छ तर सम्मान, अभिनन्दन, मानपदवी जोकसै र जस्तासुकै व्यक्तिले, जुनकुनै मानिसले, जतिसुकै बेला प्राप्त गर्न सक्तैनन् ।

सामान्य अर्थमा पुरस्कार, सम्मान, अभिनन्दन, मानपदवी कुनै पनि व्यक्ति, व्यक्तित्व, कृति र कृतित्वको सम्मान र कदर हो । समाजमा कुनै राम्रो र अनुकरणीय काम गरेबापत राज्य र समाजले त्यस्ता व्यक्तिलाई प्रोत्साहन गर्न र समाजलाई नयाँ विचार र व्यवहार प्रदान गरेर अग्रगामी दिशामा डोहोऱ्याउन पुरस्कार र सम्मान प्रदान गर्ने प्रचलन छ । राजनीतिक, शैक्षिक, वैज्ञानिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा समाजसेवाका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्ति, व्यक्तित्व वा सिर्जनालाई पुरस्कृत गर्नु, अभिनन्दन गर्नु राम्रो कामको उचित सम्मान र थप नयाँ कामका लागि प्रेरणा दिनु हो । पुरस्कारले आर्थिक पक्षसमेत जोड्छ भने सम्मान र अभिनन्दनले आर्थिकभन्दा नैतिक सम्मानको पक्षलाई जोड दिन्छन् । उच्च र निःस्वार्थ भावनाका साथ प्रदान गरिने सम्मान, अभिनन्दन र पुरस्कारले व्यक्ति, व्यक्तित्व वा कृति र कृतित्वको गरिमा बढाउँछ भने निहित स्वार्थ राखेर गरिने सम्मान वा पुरस्कारले समाजलाई विकृत र भ्रष्ट बनाउँछ ।

नेपाली साहित्य-संस्कृतिको समृद्धि र श्रीवृद्धिका लागि कयौँ पुरस्कार र सम्मान स्थापना गरिएका छन् । कयौँ सम्मान र पुरस्कार निजी स्रोत र व्यवस्थापनबाट सञ्चालन गरिएका छन् भने कयौँ संस्थागत र सरकारी स्तरबाट । श्रमिक वर्गबाट स्थापित कृष्णमणि पुरस्कारजस्ता कयौँ सम्मान आज पनि उत्तिकै ओज बोक्न सफल छन् । वर्गसमाजमा राजनीति, अर्थ, संस्कृतिजस्तै साहित्य पनि वर्गीय छ र यी क्षेत्रमा विभिन्न तप्काबाट राखिएका पुरस्कार र सम्मान पनि वर्गीय उद्देश्यबाट प्रेरित छन् । 'अन्तरमनको यात्रा' कृतिका लागि कथित 'मदन पुरस्कार' दिइएपछि एक टेलिभिजन अन्तर्वार्तामा साहित्यकार जगदीश घिमिरेले भनेका थिए, 'मदन पुरस्कार प्रगतिवादी स्रष्टालाई नदिइएको साँचो हो र नदिइनु उचित हो ।' अर्को प्रश्नको जबाफमा उनले भनेका थिए, 'के इच्छुक पुरस्कार जगदीश घिमिरेले पाउँछ ?'


अशोक सुवेदी

तुलनात्मक रूपमा प्रस्ट वक्ता मानिने घिमिरेको यो भनाइबाट पनि 'निष्पक्ष' भनेर थापिएका पुरस्कारका पसलहरूभित्र कति खरनाक वर्गविरोधी योजना र षड्यन्त्रहरू हुँदा रहेछन् भन्ने बुझ्न कुनै कठिनाइ पर्दैन । सोही पुरस्कारको बदलास्वरूप कथित मदन पुरस्कारको कलो वितरण गर्ने र सधैँ स्रष्टाहरूलाई आफ्ने संस्था र सञ्चालकहरूको दास बनाइराख्ने दीक्षित परिवारले घिमिरेलाई 'कृष्णलाल अधिकारीको मकैको खेती' पुस्तक सम्पादन गर्न लगायो र इतिहासको भ्रष्टीकरण गऱ्यो । कुनै दिन 'मकैको खेती' पुस्तक कृष्णलालले नै लेखेका हुन् भनेर समीक्षा गर्ने कमलमणि दीक्षितले घिमिरेलाई मोहरा बनाएर उक्त कृति साहित्यिक थिएन, निरङ्कुश राणाशासनविरोधी विद्रोही र क्रान्तिकारी भावनाले ओतप्रोत थिएन, कृषिसम्बन्धी हिन्दी पुस्तकको अनुवाद मात्र थियो भनेर इतिहासलाई उल्टो घुमाउने धृष्टता गरेका छन् । कृष्णलाल अधिकारीलाई मकैको खेती पुस्तक लेखेकोमा भोजराज काफ्लेको उजुरीमा चन्द्रशमशेर राणाले जेल हालेपछि उनै कमलमणिका हजुरबा राममणि आदीलाई बनारसबाट झिकाएर नेपाल भाषा प्रकाशिनी समितिको अध्यक्ष बनाउनुका साथै मकैको खेती पुस्तकको भ्रष्टीकृत स्वरूप 'नेपाली कृषि शिक्षावली भाग १' नामको पुस्तक राममणि आदीकै नाम र प्रकाशकत्वमा छपाएका थिए । घिमिरेलाई सम्पादक बनाएर निकालिएको कृष्णलालको मकैको खेतीनामक पुस्तक सोही कृषि शिक्षावलीको परिमार्जित रूपबाहेक केही होइन । दीक्षित एन्ड घिमिरे समूहको यो षड्यन्त्रको भण्डाफोर गर्दै 'नेपालका प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती' पुस्तक सम्पादन/प्रकाशन गर्ने यस लेखकलाई दीक्षितले मुद्दा हाल्नेलगायत विभिन्न किसिमका धम्कीसमेत दिएका थिए । यस घटनाबाट पनि के प्रमाणित हुन्छ भने पुरस्कारभित्र कति ठूलो राजनीति र षड्यन्त्र लुकेको हुँदो रहेछ र सामान्य मानिसलाई त्यो षड्यन्त्र बुझ्न कति कठिनाइ पर्दो रहेछ ! यो त एउटा देखिएको सामान्य दृष्टान्त मात्र हो । पुरस्कार, सम्मान नामका कयौँ गलत क्रियाकलापभित्र लुकेका अनगिन्ती रहस्यहरू खोजी गर्दै जाने हो भने यसको नालीबेलीले लहरो तान्दा पहरो गर्जिने अवस्था आउन सक्ने अवस्था छ तर यस्तै कथित पुरस्कार र सम्मानको लोभ, लालच र मोहमा स्रष्टा र अनुसन्धाताहरू यसमा गहिरिन चाहँदैनन् ।

युद्धप्रसाद मिश्र र कृष्ण सेन इच्छुक मात्र यस्ता सज्जन र वर्गप्रतिबद्ध स्रष्टा हुन् जसले कहिल्यै बदनाम पुरस्कार थापेनन् । दिवंगत प्रगतिशील स्रष्टा एवम् प्रलेसका संस्थापक श्यामप्रसाद लामिछाने शर्माले वर्गविरोधी संस्थाले दिएको बदनाम पुरस्कार थापेकै कारण हिजो कुनै समयसम्म केही प्रगतिशील चरित्र बोकेको संस्था प्रलेसले नै विवादित बनेर फुट र बहिष्कारको पीडा खप्नुपरेको थियो (भलै यो संस्थाले अहिले त्यो चरित्र गुमाइसकेको छ ।) मोदनाथ प्रश्रित पनि बदनाम पुरस्कार थापेकै कारण आजसम्म आलोचित छन् । यद्यपि प्रश्रित अहिले प्रगतिशील क्याम्पबाट पूरै बाहिरिइसकेका छन् ।

सीताराम पुरस्कार, मोती पुरस्कार, लुनकरणदास चौधरी पुरस्कारलगायत यस किसिमका बदनाम पुरस्कार हुन् । यी पुरस्कारले धनी-महाजनको स्तुतिगान गर्न मात्र लगाउँदैनन्, पुरस्कार र धनराशिको मोहमा पारेर तिनले समाजमा गरेका अनैतिक क्रियाकलाप र लूटमाथि आँखा चिम्लिन बाध्य पार्छन् र वर्गप्रतिबद्धताबाट स्खलित गराउँछन् । प्रश्रितको 'गौँथलीको गुँड' काण्ड यसको राम्रो उदाहरण हो ।

नेपाली साहित्यका क्षेत्रमा दीक्षित परिवारद्वारा सञ्चालित कथित मदन पुस्कार गुठी र उक्त गुठीका नाममा दिइने कथित 'मदन पुरस्कार' पनि आफैँमा विवादित, यस्तै बदनाम संस्था र पुरस्कार हुन् । दीक्षित परिवारको जीहजुरी गर्ने, तिनको गुनगान गाउने र मार्क्सवादका विरुद्ध योजनाबद्ध रूपमा लागेकाहरूले नै उक्त पुरस्कार नाउँको यो हरियो घाँस पाउने गरेको इतिहास कतैबाट छिपेको छैन । मार्क्सवादी बन्नुपूर्वका पारिजात र मोदनाथ प्रश्रितको नाउँ हटाइदिने हो भने यो हरियो घाँसको टाट्नामा बाँधिनेहरू सबै कम्युनिस्टविरोधी वा प्रगतिवादविरोधी पात्र र कृति मात्र छन् र कथित पुरस्कार पाएका कृतिहरू मार्क्सवादविरुद्ध, प्रतिगमनका पक्षधर र यथास्थितिवादी मात्र छन् । २०७२ सालअघि यो घाँस थाप्ने तीन व्यक्ति र कृतिका बारेमा मार्क्सवादी समालोचक गुणराज लोहनी भन्छन्, 'नारायण वाग्लेको उपन्यास 'पल्पसा क्याफे', महेशविक्रम शाहको कथासङ्ग्रह 'छापामारको छोरो' र राधा पौडेलको एउटी नर्सको डायरी 'खलङ्गामा हमला' जनयुद्धलाई मात्रै आधार बनाएर रचिएका कृतिहरू हुन् । फरकफरक विधाका यी तीनवटा कृति जो विशुद्ध माओवादी जनयुद्धका विरुद्ध लेखिएका छन् यिनैले नेपालको नोबेल पुरस्कार भनेर चिनिने मदन पुरस्कार प्राप्त गरेका छन् ।'

नयाँ संस्कृति (अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय प्रकाशन), वर्ष २४, अङ्क ३, २०७३, पृ. ६५-६७ ।

मदन पुरस्कार गुठी, सीताराम प्रसाईं, अरू धनाढ्य खेतान वा चौधरी समूहले प्रदान गर्ने पुरस्कार जस्तै राजस्वमारा एनसेलले गर्ने लिटलेरी फेस्टिबल यस्तै नकारात्मक घटनाको सटिक उादहरण हो । अर्को नकारात्मक उदाहरणका रूपमा तानाशाह ज्ञानेन्द्र शाहलाई गीतकारका रूपमा महिमामण्डित गर्ने पात्र व्याकुल माइला गणतन्त्र र सङ्घीय नेपालको राष्ट्रिय गीतका रचनाकार घोषित हुनु र देश वर्गसङ्घर्षको उच्च प्रक्रिया जनयुद्धमा अघि बढिरहेको र श्रमिक जनताले मुक्तिका लागि सामन्ती शासनका विरुद्ध धरतीमा रगत रोपिरहेको समयमा ज्ञानेन्द्र शाहले सत्ताको दुरूपयोग गरेर राजभक्त माधव घिमिरेलाई कथित 'राष्ट्रकवि' को पगरी गुथाउनुलाई लिन सकिन्छ । इच्छुकको हत्यामा संलग्न विक्रम थापा र अमरसिंह शाह, जनआन्दोलन दमन गर्ने दुर्जकुमार राई, दोरम्बा हत्याकाण्डका खलनायक शाहीसेनाका मेजर राममणि पोखरेलहरूले उन्मुक्ति मात्र होइन, बढुवा र प्रोत्साहनसमेत पाउनु पुरस्कार र सम्मानको दुरूपयोगका अरू केही दृष्टान्त हुन् । यस्ता सयौँ दृष्टान्त दिन सकिन्छ ।

सांस्कृतिक र साहित्यिक भ्रष्टीकरण प्रतिक्रियावादी सत्ता, संस्था र व्यक्तिहरूले मात्र गरेका छैनन् । आफूलाई मार्क्सवादी र प्रगतिवादी भनाउनेहरूले पनि गरेका छन् । महान् सांस्कृतिक सहिद कृष्ण सेन 'इच्छुक' का नाममा स्थापित र कुनै बेला पुष्पकमल दाहाल 'प्रचण्ड' र मोहन वैद्य संरक्षक रहेको इच्छुक सांस्कृतिक प्रतिष्ठान र इच्छुक पुरस्कार प्रतिष्ठानकै अध्यक्ष प्रतिष्ठानको अपारदर्शी आर्थिक कारोबारमा लिप्त भएको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिष्ठान कार्यालय नै छापामारेर अनुसन्धान थालेपछि हिजोको ओज बोक्न नसकेर थलापरेको गुनासो सुनिँदै आएको छ । पछिल्लो घटनाक्रमअनुसार वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) को पोखरामा सम्पन्न महाधिवेशनमा इच्छुक प्रतिष्ठानमा भएको घोटाला र गैससहरूमा बस्नेहरूले केन्द्रीय सदस्य बन्नु नहुने विषयमा लामो बहससमेत भयो । उक्त पार्टीको स्रोत भन्छ, 'प्रतिष्ठान नै बदनाम भएको कुरा उठेपछि केही पात्रहरूले आफूहरू एनजीओमा लागेकाले केन्द्रीय सदस्यको पद त्याग्न तयार रहेको भन्दै हात उठाए तर पार्टी अध्यक्षले ती एनजीओ पार्टीले नै खोलेकाले पद त्यागिहाल्नु नपर्ने उर्दी जारी गरेर थामथुम गरे ।' स्रोतले भन्यो, 'पार्टीका उच्च तहका नेताहरूले नै एनजीओ/आईएनजीओ सञ्चालकहरूबाट रकम लिने गरेको आशङ्का गरियो ।'

### कथित मदन पुरस्कार प्राप्तकर्ताहरू

दीक्षित परिवारबाट सञ्चालित कथित मदन पुरस्कार प्राप्त गर्नेहरूको नामावली यसप्रकार रहेको छ :

सत्यमोहन जोशी (२०१३, २०१७ र २०२८), चित्तरञ्जन नेपाली (२०१३), सिर्जना कँडेल, लीलाध्वज थापा, करुणाकर वैद्य, कृष्णचन्द्रसिंह प्रधान, गङ्गाविक्रम सिजापति, नित्यराज पाण्डे, भीमनिधि तिवारी, शिशिर कँडेल,

... बाँकी पृष्ठ ७ मा

# फौजीसँग विवाह गरेकी चेलीको पीडा

उर्मिला बास्तोला

म सानैदेखि माओवादी जनयुद्धप्रति आकर्षित थिएँ। तर पूर्णकालीन कार्यकर्ता भएर हिंडेकी थिइन। बुबाले पनि घरमै बसेर समर्थन मात्र गर्नुहुन्थ्यो। हाम्रो गाउँमा जनयुद्धप्रति समर्थन गर्नेहरू धेरै थिए। देशमा संकटकाल लागेपछि बुबालाई खोज्न प्रहरीहरू घरमा आउन थाले। त्यसपछि बुबा गाउँमा यताउता बस्न थाल्नुभयो। घरमा बस्न छोड्नुभएको थियो। बुबा छत्रप्रसाद थपलिया भन्दा पहिले म गिरफ्तार भएर छुटें। खैरहनी ११, कठारमा हाम्रो घर थियो। २०६० वैशाख ९ गते पुरानो गोरखागण कसरा अन्तर्गत भण्डारा व्यारेकले मलाई गिरफ्तार गरेको थियो। यातना कति दिए म व्यक्त गर्न गर्ने शब्द र साहस नै गर्दिन।

एक दिन अकस्मात म रिहाँ भएँ। बुबा लगत्तै पक्राउ पर्नुभयो। बुबालाई फस्ट राइफल्स गण, भरतपुरले समातेर भण्डारा ब्यारेकमा पठाएको रहेछ। म पटक-पटक भण्डारा ब्यारेक जान्थेँ। तेरो बाउ छैन, थाहा छैन भन्थे। रुँदै फर्केर आउँथे। त्यो क्रम धेरै दिन चल्यो। बुबालाई कुमरोज गाउँबाट समातेका थिए। एकदिन एकजना सैनिक जवानले 'गोडाको माइली औंला नभएको, पातलो बुढो मान्छे छ। तिम्रो बुबा हो ? भन्यो। मैले हो भनें। त्यसपछि उसले 'यहाँ कुरा गर्न मिल्दैन, मलाई बाहिर कतै भेट' भन्यो।

एकदिन मैले ब्यारेक टाढा अलि परको बजारमा उसलाई भेटें। उसले 'तिमी यसरी नबस, तिमीलाई मार्छन्। हामी विवाह गरौं" भन्यो। बुबा जिबितै भएको खबर पाएर खुशी थिएँ। अप्रत्यासित प्रस्ताव सुनें। त्यसपछि मैले 'म माओवादीकी छोरी, मलाई पार्टीले सेनासँग लागि भन्छ। तपाईलाई पनि ब्यारेकबाट दबाब होला। दुवैलाई राम्रो हुँदैन' भनेँ। त्यसपछि उसले घरको ठेगाना लियो।

उसले मेरो घरमा गएर आमासँग विवाहको प्रस्ताव राखेछ। उसले 'गरीब छु, तर पाल्छु, सिन्दुरको रक्षा गर्छु' भनेछ। उसले मसँग विवाह गर्न चाहेको कुरा आशिष बस्नेत नामको लप्टनसँग पनि कुरा गरिसकेको रहेछ। लप्टन बस्नेत समझदार रहेछन्। काका, मामा, आमा सबैसँग सल्लाह भएपछि म पनि विवाहको लागि तयार भएँ। कता-कता डर लागिरहेको थियो। २०६२ असार २६ गते सामान्य ढंगले सैनिक जवान रुद्रप्रसाद बास्तोलासँग मेरो विवाह भयो।

म श्रीमानलाई भेट्न भण्डारा गइरहन्थे। एकपटक मात्र बुबालाई भेट्न पाएँ। मलाई माओवादी आइमाई भन्दै हेला होचों गर्थे। मसँग विवाह गरेको भनेर श्रीमानप्रति पनि ब्यारेकमा छेडखान, हेलाँ हुन थालेछ। भाई ओमकृष्णसहित एकपटक हामीले बुबालाई भेटेको कारण मार्दैन कि भन्ने लाग्थ्यो। बुबा गिरफ्तार भएपछि मेरो



पार्टीमा सम्पर्क थिएन। घरमा पनि कोही आउन्नथे। पछि लामो समयपछि बुबाको रिहाई भयो।

विवाह भएपछि मेरो निगरानी हुन थालेछ। त्यो कुरा श्रीमानले पनि थाहा पाउनुभएको रहेछ। 'मलाई भेट्न ब्यारेक नआउ' भनेपछि छोड्ने हुन् कि भन्ने त्रास एकातिर दुःख देलान् कि भन्ने त्रास अर्कोतिर भयो। उहाँले मलाई काठमाडौं पठाउनुभयो। म कोठा लिएर माइती पनि नगई लुकेर बसें। विवाह भन्दा अगाडि नै असुरक्षाका कारण उहाँकै सल्लाहमा काठमाडौं गएर बसेकी थिएँ। ठूलो बुबा र आमाले 'विवाह गर' भन्नुभएको थियो।

हाम्रो विवाह भइसकेको थियो। गणपति सन्तोष ढकालले 'माओवादी केटीसँग विवाह गर्ने, त्यसलाई छोड् नत्र तँलाई पनि मार्छु भनेछन्। त्यत्रो दबाब आउँदा पनि मलाई उहाँले छोड्न मान्नु भएन। त्यसपछि श्रीमानलाई हतियार हराएको नक्कली काण्ड रचेर आरोपित गरिएछ। हाम्रो विवाहको सूचना सुन्नासथ गणपति ढकालले श्रीमानलाई पेस्तोल ताकेका थिए।

मेरो श्रीमानलाई सेनामा जागिर लगाउने दयालु अधिकृत जितेन्द्रजंग कार्की हुनुहुन्थ्यो। कार्की सरले भण्डारा ब्यारेकमा तत्कालीन मेजर माधव खड्कासँग भनेर श्रीमानलाई स्वयम्भुस्थित बारुदखानामा सरुवा गरिदिनुभयो। काठमाडौं सरुवा भएपछि तनाव धेरै कम भयो तर त्यहाँ पनि हामीप्रति निगरानी, कुरा काट्ने क्रम हुँदै थियो। श्रीमान सेनाको जागिरमा म कोठा लिएर बसेकी थिएँ।

हाम्रो विवाह भएको दुई वर्षमै शान्ति प्रक्रिया सुरु भयो। गत वर्ष कार्यालयमा पारिवारीक आवास खुल्यो। हामीलाई त्यसबाट वञ्चित गराउने खेल चलिरह्यो। कार्यालयकी एकजना महिला कर्मचारीले मलाई धम्क्याउँथी। कारण थाहा थिएन। धेरैपछि थाहा भयो, एकजना अधिकृत (अफिसर) सँग उसको हिमचिम रहेछ। उसको जे कुरा पनि छानविन, सोच-विचार नगरी ती हामिकले सुन्दा रहेछन्। उसले मेरो नाममा नक्कली फेसबुक चलाएकी रहिछ। मलाई हाकिमले स्पष्टिकरण लिए। २०७४ साउन २९ गते स्पष्टिकरण मागे। मैले सबै छलफलको 'भ्वाइस रेकर्ड' राखेकी थिएँ। हाकिम, त्यो महिलाले मलाई हकार-पकार गरेको पनि मसँग रेकर्ड थियो। हाकिमले रेकर्ड किन गरेको भनेका थिए। मैले "तपाईले भन्न हुने, मैले सुनाउन किन नहुने ? तपाईहरूको बीचमा गलत सम्बन्ध हो र सुनाउन नहुने ?" भनिदिएँ। त्यसपछि हाकिम मलाई पिट्न आए। मैले हाकिमले हामीलाई सम्झाउने, रेखदेख गर्ने कि केटीको कुरा सुनेर अभद्र व्यवहार गर्ने ? यो पदको गरिमा त्यही हो ? भनेँ। म राजनीतिक पृष्ठभूमिबाट त्यत्रो पीडा र खतरा झेलेर आएकी थिएँ। मैले गल्ती पनि गरेकी थिइनँ। त्यसैले डराउनुपर्ने कारण पनि छैन।

मेरो अहिले ११ वर्षकी छोरी र ५ वर्षको छोरो छ। श्रीमान श्रीमतीका बीचमा अहिले पनि राम्रो छ। जनयुद्धका बेला दबाब र प्रलोभन झेलेर पनि हामी साथसाथ रहन सक्यौं। अहिले पनि खराब मान्छेहरू मलाई माओवादीकी छोरी भनेर हेप्न खोजेका छन्। मैले त यस्ता पीडा धेरै झेलेकी छु। मैले सबै कुरा बोल्न पर्‍यो भने हाकिम साहेबकै बदनामी हुनेछ।

(कुराकानीमा आधारित)

# राष्ट्रघात र फासिवादका विरुद्ध सङ्घर्ष



कृष्ण धमला 'गम्भीर'

प्रधानमन्त्री शेरबहादुर देउवाले गत भदौ महिनाको ७ गतेदेखि ११ गतेसम्म भारतको भ्रमण गरेर स्वदेश फर्किएका छन्। देउवा–मोदीको ४६ बुँदेको राष्ट्रघात नेपाली जनताको अगाडि छर्लङ्ग भैसकेको छ र त्योभन्दा यता कोसी, कर्णाली र अरूणको पानी धेरै बगिसकेको छ। नेपाली राष्ट्रियता, सार्वभौमिकता र अखण्डताका विरुद्ध सुगौली सन्धिदेखि हालसम्म निरन्तर असमान सन्धि सम्झौता र राष्ट्रघात हुँदै आइरहेको छ।

यो सबैको मुल कारण सबैलाई जगजाहेर भएकै विषय हो कि अहिलेसम्म पनि राज्यसत्ताको चरित्रमा कुनै परिवर्तन छैन। परिवर्तनका निम्ति विभिन्न कालखण्डहरूमा ठूलाठूला जनआन्दोलनहरू भएका छन्। अन्ततः शक्ति सन्तुलनमा प्रतिक्रियावादीहरूको जित हुने र वास्तविक उत्पीडित श्रमजीवि र सर्वहारा वर्ग हार्ने हुँदै आइरहेको छ। पछिल्लो उदाहरण १० वर्षको महान जनयुद्धको नेतृत्व प्रचण्ड र बाबुरामहरूले राष्ट्रिय र वर्गीयरूपमा आत्मसमर्पण गरेपछि देशमा प्रतिक्रान्ति हावी हुन पुग्यो र राष्ट्रघात र जनघात दिन दुईगुना र रात चौगुना वृद्धि हुँदै आएको छ। पछिल्लो राष्ट्रघातको नयाँ कडी अन्तर्गत हालै नेपालका प्रम देउवाले नयाँ दिल्लीको भ्रमण गरेर ४६ वुँदे राष्ट्रघाती सन्धिमा ल्याप्चे ठोकेर फर्किएका छन्। भारतद्वारा कालापानी र लिम्पियाधुरामा भारतीय सेना तैनाथ गरेको छ र तराइका सीमा, बस्ती र जमिन अतिक्रमण गरिएको छ। सेना हटाउन र अतिक्रमित गरिएका जमिन फिर्ता गर्न देउवाले किन प्रस्ताव गरेनन् ? भारतीय साम्राज्यवादले हाम्रो राष्ट्रिय स्वाधीनताका विरुद्ध धावा बोलेको-बोल्यै छ, तर देउवा त्यसका पक्षमा चुँसम्म बोल्न सक्दैनन्। उल्टै सार्वभौम देशको सेनालाई घुमाउरो भाषामा भारतीय सेनाको मातहतमा राख्ने आपत्तिजनक सहमति गरेर फर्किएका छन्। नेपाल-भारत सिमानामा २१ ठूलठूला बाँधहरू बनाइएका छन्। त्यसका कारण तराई वर्षेनी डुबानमा पर्छ। यसै सालको कोसीमा आएको बाढीले कोसी व्यारेजमा ढोका नखोलीदिएका कारण कोसी क्षेत्रका जिल्लाहरू जलमग्न बन्न पुगे। तराई वर्षेनी डुबानमा पर्ने समस्याबाट मुक्त गर्न र त्यसलाई समाधान गर्नुपर्ने भन्नेमा एकआपसमा मिलेर काम गर्ने सहमति गरेर पो आएका छन्। त्यसको बारेमा देउवा एकशब्द पनि नबोलेर किन फर्किए। किनभने उनी दलाल भारतभक्त हुन् र भारतीय साम्राज्यवादका अगाडि लम्पसार परेर फर्किएका छन्। राष्ट्रघातको श्रृङ्खलामा थप उच्च कोसी बाँध, माथिल्लो कर्णाली र अरूण तेस्रो जस्ता राष्ट्रिय गौरबका आयोजनाहरू भारतलाई सुम्पेका छन्। कोसी उच्चबाँधका कारण कोसीका जलाधार क्षेत्रहरू भोजपुर, सिन्धुली, ओखलढुङ्खा, रामेछाप, खोटाङ, तेह्रथुम, पाँचथर, संखुवासभाका भू-भागहरू डुबानमा परेर लाखौं जनताहरू विस्थापित हुनेछन् भने उक्त बाँधका कारण सुनसरी, धनकुटा र उदयपुर जिल्लाका कमजोर भू-बनोट रहेका चुरे क्षेत्रलाई अति खतरा हुने र कुनै पनि बेला अकल्पनीय बाढी र डुबान हुनेछ। देउवाले भारतसँग गरेको ४६ वुँदे राष्ट्रघाती सम्झौताको २८ नम्बर बुँदामा कोसी नदीमा जलाशय युक्त उच्चबाँध बनाउने भन्ने उल्लेख गरिएको छ। सुनसरी जिल्लाको बराह क्षेत्रदेखि १.६ किलोमिटर माथि सुनखम्बीमा धनकुटा, आहालेमा र उदयपुरको मैनामैनीसम्म करिब १ किलोमिटर लामो एवम् २ सय ६९ मिटर अग्लो बाँध बनाई १३ अरब ४५ करोड घनमिटरको विशाल ताल बनाएपछि धनकुटा, उदयपुर, भोजपुर, सिन्धुली, ओखलढुङ्गा, रामेछाप, खोटाङ, तेह्रथुम, पाँचथर, संखुवासभालगायत जिल्ला र अरूण, तमोर, सुनकोसी, भोटेकोसी नदीका जलाधार क्षेत्रहरू डुबानमा पर्ने छन् र लाखौं मानिसहरू विस्थापित र बेघरबार हुनेछन्। माथिल्लो कर्णाली जहाँ ४,१०० मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ र त्यसलाई पहिला ३०० मेगावाटको सम्झौता गरेर पछि ९०० मेगावाट विद्युत उत्पादन गर्ने गरी सम्झौता गरियो। अन्तरिम संविधानको १५१ को धारालाई छलेर संसदबाट दुई तिहाइले अनुमोदन गर्ने व्यवस्थालाई लत्याएर सिधै जीएमआर कम्पनीसँग किन सम्झौता गरियो स्पष्ट छ। २.५ किलोमिटर सुरुङ बनाएर विद्युत उत्पादन गर्न सकिने र संसारकै सबैभन्दा सस्तोमा उत्पादन हुने विद्युतलाई आफैंले लगानी गरेर परियोजना निर्माण गर्ने कुरालाई पन्छाएर देशका नदीनाला, प्राकृतिक सम्पदा, जडीबुटी र कच्चा पदार्थहरू सबै भारतीयहरूलाई सुम्पिएर दलाली गर्न यहाँका सांसद, संसद र नेताहरूमा तीब्र प्रतिस्पर्धा र होडबाजी नै चलिरहेको छ। अर्को महत्वपूर्ण विशाल परियोजना, अरूण तेस्रो परियोजना पनि भारतलाई दिने सम्झौता गरेर फर्किएका छन् र उद्घाटन गर्न मोदीलाई निम्तो पनि दिएका छन्। यी सबै यिनको राष्ट्रियता, समाजवाद र प्रजातन्त्रको नारा हात्तीको देखाउने दाँत हो भन्ने कुरा त जनताले दिनको घाम जत्तिकै छर्लङ्ग देखिसके भने देउवा कतिसम्म निकम्मा छन् भने आफ्नै देशको आन्तरिक मामिला संविधान जस्तो संशोधनको कुरालाई पनि मोदीको अगाडि संशोधन नै गर्छु भनेर प्रतिवद्धता गरेर फर्किएका छन्। अहिलेको कथित गणतन्त्र र लोकतन्त्र सर्वहारा उत्पीडित वर्गको श्रमजीवि जनताको होइन भन्ने कुरा विभिन्न परिघटनाहरूले प्रमाणित गरिसक्यो। जनताको जीवनमा कुनै परिवर्तन छैन। जनताको घरमा चुल्हो बलेको छैन। आफूलाई जनताको प्रतिनिधि हौं भन्नेहरू भ्रष्ट्राचारमा चुर्लुम्मै डुबेका छन्। हिजोका सडक छापहरू आज धनाढ्य वर्गमा रूपान्तरित भएका छन्। लोकतन्त्र र गणतन्त्र पनि वर्गीय हुन्छ भन्ने कुरा जनतालाई जीवन व्यवहारबाट झनै प्रष्ट बनाएको छ। पैसाको खोलो बगाएर र क्रान्तिकारी हजारौंलाई सार्वजनिक र झूठ्ठा मुद्दा लगाएर र जेलमा थुनेर निर्मम ढङ्गले दमन गरेर सम्पन्न गरिएको स्थानीय चुनावपछि जनतालाई ढाडै सेक्ने गरी थोपरिएको कर र भ्रष्ट्राचारले जनतालाई आक्रान्त र आक्रोशित बनायो। माघमा गर्ने भनेको कथित प्रतिनिधिसभा र प्रदेशसभाको चुनावलाई क्रान्तिकारीको बढ्दो शक्तिको कारण संसदवादीहरूले मंसिरमा गर्ने भनेको चुनाव माघमा नै गर्ने नौटङ्की गर्न पुगे। नेपाली जनतालाई प्रचण्ड र बाबुरामले धोका दिइसकेपछि जनतामाथि फेरी संसदवाद लादियो र पुरानै स्थितिमा फर्काइएको छ। हामीले प्रचण्ड-बाबुराम मण्डलीका विरुद्ध विद्रोह गरेर संसदवादीहरूलाई राम्रै सम्झाएका थियौं। तिमीहरूले प्रचण्ड-बाबुरामलाई खरिद गर्दैमा विद्रोह मर्दैन। चिहानबाट फेरी दावानल बनेर आउँछ र त्यो आँधी बेहरीलाई रोक्न सक्छौ कि सक्दैनौ भनेर प्रश्न गरेका थियौं। हाम्रो अपिलले जनताको विद्रोह उठेको छ। आज त्यो जनताको विद्रोहलाई समयले सानदार रूपमा पुष्टि गरेको छ। कथित चुनावका विरुद्ध हामीलाई शान्तिपूर्ण कार्यक्रम पनि उनीहरूले गर्न दिएनन्। जबकि शान्तिपूर्ण रूपमा कार्यक्रम गर्न पाउने संवैधानिक अधिकार हुँदाहुँदै पनि भित्तेलेखन गर्दागर्दै गिरफ्तार गरेको छ, पर्चा छर्दाछर्दै र पोष्टर टाँस्दाटाँस्दै गिरफ्तार गरेको छ, शान्तिपूर्ण रूपमा कोणसभा र आमसभा गर्न रोक लगाएको छ। शान्तिपूर्ण बाटाहरू सबै बन्द गरेपछि अनि बम नपड्किए के पड्किन्छ त ? माइन र धराप नथापेर जनताले के थाप्छन् त ? तिम्रो समाजवाद उन्मुख संविधान त जनताले राम्रैसँग देखिसके। बाटोमा हिँडिरहेकालाई गिरफ्तार गरिएको छ, घरमा सुतिरहेकालाई गिरफ्तार गरिएको छ र खेतबारीमा काम गरिरहेका र अस्पतालमा उपचार गराइरहेकाहरू कसैलाई छोडिएको छैन। पत्रकार र साहित्यकारहरू पनि यो फासिस्ट सरकारबाट कोही पनि अछुतो छैनन्। निर्वचन आयोगले दिएको प्रतिवेदनअनुसार पनि ८ सयभन्दा बढी कार्यकर्ता र जनताहरूलाई गिरफ्तार गरेर जेल र हिरासतमा राखिएको भनिएको छ। तर यथार्थमा संख्या त्यो भन्दा बढी नै छ भन्ने आँकलन गर्न सकिन्छ तर यहाँका मानवअधिकार भनिने डलरमणीहरू एक शब्द पनि चुँक्क गरेर बोलेका छैनन्, किन बोल्दैनन् ? यो प्रश्न जनताले गरिरहेका छन्। यहाँ प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको नारा फलाकेर फासिवादको नाङ्गो नाच प्रदर्शन गरिएको छ। संसारबाट असफल भैसकेको संसदीय व्यवस्था नेपाली जनताको टाउकोमा थोपरेर भ्रष्टाचार गर्ने, अकुत सम्पत्ति कमाउने र भारतीय साम्राज्यवादीहरू र दलाल पुँजीवादको उच्चतम रूप निगम पुँजीवादका अगाडि लम्पसार परेर आत्मसमर्पण गर्ने र देशलाई नवऔपनिवेशिक अवस्थामा राखिराख्ने षड्यन्त्रका विरुद्ध नेपाली जनता जुरुक्क उठन जरुरी भएको छ।

जनतामाथि नादिरशाही दमन गर्ने र राज्यको ढुकुटीबाट ८० अर्ब खर्च गरेर गरिएको यो चुनावले देश र जनतालाई बर्वादी र कंगालीकरणबाहेक केही गर्न सक्ने छैन। सशस्त्र प्रहरी, जनपथ र अनुसन्धानका कर्मचारीहरू त खटाइएकै थियो। त्यतिले मात्र नपुगेर चुनावको उत्तरार्धतिर सेना उतारिएको छ र तालिम प्राप्त कुकुरहरू पनि प्रयोग गरिएका छन् र हरेक मान्छेहरूलाई मेटल डिटेक्टरबाट चेकजाँच गरिएको यो परिदृश्यले संसदवादीहरू कति आतंकित छन् भन्ने कुरा दिनको घाम जत्तिकै छर्लङ्ग छ। यो फासिवादी दमन र हर्कतका विरुद्ध एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने उपयुक्त बेला आएको छ। विगतमा धेरै चुनाव हुँदै आएका छन्। पञ्चायतकाल, बहुदलकाल र ज्ञानेन्द्रको प्रत्यक्ष सत्ता लिएको चुनावको काल, यी सबै कालहरूमा चुनाव हुँदै आएका छन्। अहिले पनि त्यसैको निरन्तरता मात्र हो संसदीय चुनावहरू जनतालाई ठग्ने धन्दा मात्र हुन्। राज्य प्रणाली र शासन प्रणालीमा यी चुनावहरूले कुनै तात्विक अन्तर ल्याउँदैन। त्यसैले मुख्य लक्ष्य र उद्देश्य भनेको सारतत्वमा केन्द्रित हुनु हो। शासन प्रणाली र राज्यसत्तामा सर्वहारावर्गलाई स्थापित गरेर मात्र समाधान हुन्छ। वैज्ञानिक समाजवादले मात्र सबै समस्याहरूको समाधान गर्नेछ। राष्ट्रियता, जनतन्त्र र जनजीविका सुनिश्चित गर्नेछ र देशलाई स्वाधीन र मुक्त बनाउँदै शान्ति, समृद्धि र विकसित राष्ट्रको उचाइमा पुर्‍याउने एक मात्र शक्ति र अग्रदस्ता भनेको नेपाल कम्युनिस्ट पार्टीले नै वैज्ञानिक समाजवादी क्रान्तिको नेतृत्व गरिरहेको छ।

## संसदीय चुनावबाट ...

प्रचण्ड र बाबुरामले आत्मसमर्पण गर्दैमा जनता सधैं चुपचाप बस्न सक्दैनन्। समस्या भएपछि समाधानको प्रयत्न भइरहन्छ। जनयुद्धले उठाएको प्रश्नको समाधान नभएसम्म हामी चुपचाप बस्यौं भने त्यो प्रश्न अरू कसैले उठाउनेछ। जनयुद्धका उपलब्धीहरू महान छन् र तिनीहरूलाई बिर्सन सकिन्न। यो समस्या समाधान गर्न ध्यान दिइएन भने सहिद तथा बेपत्ता परिवार, घाइते योद्धा, कार्यकर्ता तथा उनीहरूका परिवारले क्रान्तिको माग र अपेक्षा गरिरहने छन्। धोका दिँदैमा परिवर्तनको चाहँना मर्दैन।

जनयुद्धले दलाल संसदीय व्यवस्थालाई फालिसकेको थियो। त्यसलाई ब्युँताउनु भनेको जनता, देश र सर्वहारा वर्गप्रति विश्वासघात हो। भण्डाफोर गर्ने नाममा त्यसैमा सहभागी हुनुभनेको पनि आफैंलाई भण्डाफोर गर्नु हो। हाम्रो पार्टीले दलाल संसदीय व्यवस्थाको खारेजी अभियान चलाइरहेको छ। हाम्रो पार्टीको आह्वान र नेतृत्वमा चुनावको सशक्त प्रकारले खारेजी अभियान चलिरहेको छ। हामीले भन्दै आएका थियौं- शान्ति प्रक्रिया असफल भएको बेला एकपक्षीय रूपमा गरिने चुनावले समस्याको समाधान होइन द्वन्द्व बढाउने छ। ६५ प्रतिशत मतदानको हल्ला त ज्ञानेन्द्रले पनि नगरेका होइनन्। झण्डै ३ लाख सुरक्षाकर्मी र बन्दुकको घेराभित्र बसेर शान्ति, प्रजातन्त्र र चुनाव हुन्छ ? त्यो चुनाव हो की गृहयुद्ध ? त्यसैले क्रान्ति आजको अनिवार्य आवश्यकता बनेको छ।

भारतमा भाजपा र उसको गठबन्धन भारतलाई हिन्दु मुलुक बनाउन कस्सिएको बेला विश्वको एकमात्र हिन्दु देश नेपाल धर्म निरपेक्ष हुनु भाजपाका लागि टाउको दुखाई भएको छ। त्यसैले नेपाललाई पुनः हिन्दु राष्ट्र बनाउन चाहन्छ। आफ्नो शक्तिको भारमा सत्तासीन हुन नसक्ने तत्वहरूले भाजपालाई खुशी पारेर सत्तासिन हुने सपना देखिरहेका छन्। पूर्व पञ्चहरूको पार्टी र दरबारियाहरू शुरुदेखिनै हिन्दु धर्म र राजतन्त्र फर्काउन चाहन्थे। कांग्रेसी नेताहरू खुमबहादुर खड्का, शशांक कोइराला हुँदै पछिल्लो समयमा प्रम तथा कांग्रेस सभापति देउवासमेतले हिन्दु धर्मको पैरवी गर्न थालेका छन्। अब कांग्रेस औपचारिक रूपमा हिन्दु धर्मको विषयमा पूर्व निर्णय पुनरावलोकन गर्न सक्ने स्थानमा पुगेको छ। हिन्दु धर्मसँगै राजतन्त्रको बहसले स्थान ग्रहण गर्नेछ।

एकजना नेपालका लागि पूर्व भारतीय राजदूतले काठमाडौंबाट प्रकाशित एक दैनिकको लेखमा नेपालमा संयुक्त सरकार हुने भन्दै प्रचण्ड र देउवाको सरकार बन्ने संकेत गरेका छन्। कांग्रेस सत्ताबाट हट्नुपर्ने त्रासका कारण अपराध र पश्चगामी यात्रामा छ। जनकपुर बम काण्डका अपराधी तथा पत्रकार सिंहानियाको हत्या आरोपमा केन्द्रीय कारागार काठमाडौंमा रहेका कुख्यात अपराधी सञ्जय शाहलाई अन्तर्वार्ता दिने व्यवस्था गरेर सो अन्तर्वार्ता अभियानकै रूपमा जनकपुर क्षेत्रमा प्रसारण गरेको छ। राज्यको ढुकुटी रित्याउने, पूर्व सरकारी निर्णय उल्टाउने, विकासका रणनीतिक निर्णय गर्ने गरिरहेको छ। चुनाव जित्नु र पद हत्याउनु कांग्रेसको एकमात्र रणनीति देखिन्छ। देश निर्माण यिनीहरूको देखाउने दाँत मात्रै हो। चपाउने दाँत अर्कै छ।

ओली र दाहालको गठबन्धनको ध्येय पनि चुनाव जित्नुमै निहित छ। ओलीले 'सैद्धान्तिक र विश्वदृष्टिकोणको गलत निष्कर्षका आधारमा भएको भुल नै जनयुद्ध हो' भनेका छन्। उनले गणतन्त्र ल्याउनमा पनि जनयुद्धको भूमिका नभएको बताएका छन्। प्रचण्डले पार्टी अध्यक्ष, प्रधानमन्त्री, राष्ट्रपतिमध्ये एउटा पद आफ्नो हुने दाबी गरिसकेका छन्। यसर्थ प्रचण्डले वैचारिकरूपमा संसदीय व्यवस्था समक्ष आत्मसमर्पण गरिसकेको सन्दर्भमा व्यक्तित्व र सङ्गठनका दृष्टिले पनि आत्मसमर्पण नगरी एमाले-माके एकता सम्भव देखिन्न। जनयुद्ध गलत थियो र गणतन्त्र जनयुद्धका कारण आएको होइन भनेर केपी ओलीले भनिसकेका छन्। त्यसकारण पनि देश निर्माण कथित बामगठबन्धनको पनि प्राथमिकता होइन। सदनबाट समाजवाद ल्याउने अनैतिक बकबास मात्र हो। तसर्थ यो चुनावले देशलाई थप परनिर्भर र आर्थिक रूपले टाट पल्टाउने छ। केही नेताहरूको उन्नती होला तर देशको भलो हुँदैन। त्यसैले हामीले चुनाव खारेज गर्दै वैज्ञानिक समाजवादको लागि क्रान्ति सुरु गरेका हौं।

यो दलाल संसदीय व्यवस्थाले नेपालमा न शान्ति दिन सक्छ न त समृद्धि नै दिन सक्छ। दलाल पार्टी र व्यवस्थाले देशलाई झन् धेरै परनिर्भर र जनतालाई झन् धेरै कङ्गाल बनाउने छन्। त्यसको उचित निकास भनेको वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना हो। संसदीय चुनावबाट समाजवाद ल्याउने संसदवादीहरूको हावादारी महललाई भत्काउनु पर्दछ। देशभक्त र क्रान्तिकारी शक्तिले यो ऐतिहासिक दायित्व पूरा गर्नुपर्छ।

▶▶ पृष्ठ १ बाट क्रमशः

# संसदीय चुनावको खारेज

गृहयुद्ध थियो, राजनैतिक तरिकाले त्यतिबेलै समाधान गर्न सकिने विषयका लागि दश बर्षसम्म जनयुद्ध लड्नु पऱ्यो । दलाल पुँजीवादीहरूको अराजनैतिक अजिर्णता जुन पैमानामा कायम रहिरहने छ, त्यही प्रकारको प्रतिरोध पैदा हुनु अनिवार्य हुने छ।

संसदवादीहरूको राजनैतिक लहनतहन अन्तै छ । उनीहरू संविधानको कार्यान्वयन, चुनावबाट स्थायी सरकार र आफ्ना पार्टीहरू बिजय बनेपछि देशमा राजनैतिक स्थिरता र आर्थिक समृद्धि आउने छ भन्ने भ्रम सृजना गर्दै हिँडेका छन् । उनीहरूले स्वाधीन, समृद्ध र प्रगतिशील राष्ट्र निर्माण गर्न सम्पूर्ण जनतालाई राष्ट्रिय एकतामा ल्याउने राजनैतिक अभियानभन्दा प्रतिक्रियावादी संविधान कार्यान्वयन गर्ने, देशलाई पराधीन बनाउने, जनतालाई कङ्गाल बनाउने र दलाल पुँजीवादी लुटेराहरूको लुटको स्वर्ग निर्माण गर्ने उद्देश्यमा लिप्त हुँदै आए र आआफ्ना गुट तथा पार्टीहरूमा मानिसहरूको एकतामा जोड दिँदै आए । हामीले यो संविधानलाई किन प्रतिक्रियावादी भन्छौ ? यद्यपि अहिलेको संविधान महान जनयुद्धको जगमा बनेको किन नहोस्, भलै यसमा जनताको विष्फोटमा पानी खन्याउन अनेक प्रकारका जनपक्षीय शब्दजालहरू बिछ्याइएको किन नहोस्, अथवा यसले सतही प्रकारले जनतामा परिवर्तनको आभास दिने प्रयत्न गरेको पनि किन नहोस्, तथापि, यसले वर्गीय संरचनामा कुनै फेरबदल गरेको छैन, यसले शासक वर्गको रूपमा दलाल पुँजीवादी वर्गको सुनिश्चित गरेको छ र जनताको प्रतिनिधित्वको स्थान शून्य समान राखेको छ । शान्ति प्रक्रियासँगै संसदवादी पार्टीहरूले जनताको परिवर्तनप्रति गरेको उलङ्घन गरेका छन् । २०४६ सालको आन्दोलनमा जसरी धोखा दिइयो त्यो भन्दा कैयौ गुणा विश्वासघात कथित शान्ति प्रक्रियामा गरियो । समाजको आमूल रूपान्तरणमा सबैसंग हातेमालो गर्ने माओवादी अभिप्रेणा संसदवादी षड्यन्त्रको शिकार भयो। यो प्रक्रियामा कुनै पनि दलबाट निर्वाचित हुने जनताका छोराछोरीहरूले, देशको माया गर्ने देशभक्त राष्ट्रवादीले, समाजको उन्नति र प्रगति चाहने नागरिकले देशको हितमा काम गर्न पाउने छैन, कानुन बनाउन र सत्ताको प्रयोग गर्न पाउने छैन । ती निर्वाचित प्रतिनिधिहरू औपचारिक हिसाबले जनताबाट चुनिने, सामान्यतया अत्याधिक प्रतिनिधिहरू जनताको सामाजिक स्थितिअनुसार दलित, उत्पीडित, जाति जनजातीबाट आउनसक्ने भएपनि उनीहरूको वास्तबिक भूमिका त्यो जनताको उन्नति र प्रगतिको निम्ति होइन, राष्ट्रको समृद्धिको निम्ति होइन, केबल एकाधिकार पुँजीपति वर्गको हितमा कर्तब्य पालन गर्ने दलालको मात्र हुनेछ, अथवा आफ्ना दलहरू भित्र विदेशी दलालको रपमा काम गर्ने नेताहरूका रबरस्ट्याम्प मात्र हुनेछन्। त्यसकारण यो संविधान प्रतिक्रियावादी हो। संसदवादी पार्टीहरूले समृद्ध, सभ्य र सुसंस्कृत नेपालका लागि देशको राष्ट्रिय एकताको बाटो होइन, पुरानो सत्तामा सरकार निर्माण गर्ने, दलाल पुँजीवादी सिद्धान्तमा चलेको प्रतिक्रियावादी सत्ताको संस्थागत गर्ने, त्यो सत्ता भित्रको सरकारमा पुग्नका लागि सरकार निर्माण गर्न आवश्यक पर्ने गणितीय सङ्ख्या पुऱ्याउन आ-आफना पार्टीहरूमा साना ठूला दलहरूलाई एकताबद्ध गर्ने नीति लिदै आए । यसले देशलाई वास्तविक राजनैतिक निकास दिँदैन्थ्यो । यो सत्तालाई पूर्णरूपमा खारेज गर्न देशलाई पतनको बाटोमा लैजाने संसदीय व्यवस्थाको आसन्न संसदीय चुनाव खारेजका लागि पार्टीले जनतामा अपिल गर्नु पऱ्यो र जनताले चुनाव प्रचारमा पनि त्यही अनुसार कार्यबाहीहरू अगाडि बढायो।

चुनाव खारेजको क्रममा जनताले देशका सबै भन्दा ठूला दलालहरू, राष्ट्रघातीहरू नेपाली राष्ट्र र जनता प्रति धोखा दिने धोखेवाजहरूका विरुद्ध सङ्घर्ष लक्षित गऱ्यो। दलाल पुँजीवादी लुटेराहरूको जमातले सरकारमा पुग्नकालागि आफूहरूलाई औपचारिक रूपमा चुनिने उमेदवार बनाएका थिए । देशैभर उनीहरूका चुनावी जात्रामा लट्ठिएका कथित उमेदवारहरू जनताको प्रतिरोधको निसाना बने । यो बिद्रोह गर्ने जनताको नैसर्गिक अधिकार थियो । यो नैसर्गिक अधिकारको प्रयोग जनताले आफ्नो बुतामा गऱ्यो र गर्दै जानेछ । जनताको प्रतिरोध र सङ्घर्षले प्रतिक्रियाबदीहरूको निद हराम भएको छ र उनीहरूको संसदीय व्यवस्था जनताका अगाडि सर्वाङ्ग नाङ्गेभार भएको छ।

हाम्रो पार्टीले जनतालाई जसरी प्रतिरोधका लागि अपिल गऱ्यो, त्यसैगरी जनताले पनि उनीहरूको चुनावी अभियानको जमेर प्रतिरोध गऱ्यो । तर संसदवादीहरू यसको राजनैतिक निकास दिने कुरामा होइन, बाघको खेदाईमा परेको स्याल जस्तै कथित संविधान र कानुनको घुरभित्र लुक्न पुगे । उनीहरूले राजनैतिक प्रतिवाद र पहलको सट्टा जनतामाथिको दमनका लागि नेपालको प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई समेत निर्देशन गरे । विदेशी एकाधिकार पुँजीपतिका दलाल संसदवादीहरूको निर्देशनमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, र नेपाली सेना पनि खटियो । यसले एउटा राजनैतिक मात्र होइन, नैतिक वा नीतिगत बहस पनि सिर्जना गरेको छ । नेपालको प्रहरी नेपाली जनताको सुरक्षाको लागि हो या दलाल पुँजीवादीहरूको हितमा जनताका विरुद्ध ? नेपाली सेना नेपालको सार्वभौमिकताको रक्षा गर्ने राष्ट्रिय एकताको धरोहरका लागि हो या राष्ट्रिय एकताको बिखण्डन गर्ने, जनतालाई शोषित उत्पीडित गर्ने, देशलाई कानुनी रूपमा लुटखसोट गरी पराधीन र कङ्गाल बनाउने दलालहरूको स्वार्थको रक्षा गर्नका लागि जनताका विरुद्ध प्रयोग हुने हो ? यदि नेपाली सेना र नेपाल प्रहरी राष्ट्रको पक्षमा हो भने दलाल पुँजीवादीहरूको आदेशमा चल्नु हुँदैन । जुन देशको सेनाले केबल बन्दुकलाई कमाण्डमा राख्छ त्यो देशको पतन हुनु अनिवार्य हुन्छ। हातमा बन्दुक भएको सेनाले बन्दुकलाई कमाण्डमा राख्ने गल्ती गर्नु हुँदैन, बन्दुकलाई राजनीतिको कमाण्डमा राख्नुपर्छ । बन्दुकलाई राजनीतिको कमाण्डमा राख्नुको तात्पर्य देशलाई नवऔपनिबेशिक अवस्थामा राख्ने दलालहरूको आदेशलाई आँखा चिम्लेर पालन गर्ने होइन, उसको आदेश देश र जनताको हितमा छ कि छैन भनेर राजनैतिक तरिकाले एक मिनेट विश्लेषण गर्नुपर्छ। नेपालको स्वाधीनताको लागि हाम्रो अभियान स्पष्ट छ, दलाल पुँजीवादलाई देशबाट खेद्नु पर्छ, त्यसको सर्वनास नहुँदासम्म र राष्ट्रले स्वाधीनताको बाटोमा पाइला नटेक्दासम्म यो सङ्घर्ष चलिरहने छ । यो सङ्घर्षमा दलाल पुँजीवादका पक्षधरहरूले जनताको प्रतिरोध गर्न स्वयं तयार भएर आउनु पर्छ । उनीहरूले राष्ट्रिय शक्ति प्रहरी र सेनाको दुरूपयोग गर्नु नीतिगत रूपमा अनैतिक हुन्छ । कसैले चाहे पनि या नचाहे पनि यसले देशलाई गम्भीर प्रकारको युद्धतिर लैजाने छ।

पहिलो चरणको चुनावी प्रहशन गरुन्जेल देश भरिमा करिब ५०० जति नेता र कार्यकर्ताहरू गिरफ्तार गरिएको छ र कतिपय गिरफ्तार गरिएकाहरूलाई यातना पनि दिइएको छ। नवऔपनिबेशिक अवस्थामा रहेको देशमा हुने दलाल पुँजीवादी सत्ताको चरित्रअनुसार गिरफ्तारीका केही नमूनाहरू विचारणीय छन् । नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ता गिरफ्तार गर्ने अभियानमा पहिलो नमूना समाजमा समेत भूमिकामा रहने पत्रकारहरूको गिरफ्तारी भयो। दोस्रो नमूना, आफन्तको मृत्यु भएपछि गरिने सामाजिक संस्कार किरिया बसेको अवस्थामा गिरफ्तार गरियो । तेश्रो नमूना, कम्युनिस्ट कार्यकर्ताको पत्नी भएको अभियोगमा दुधेबालकसहित सामाजिक काममा क्रियाशील महिलालाई गिरफ्तार गरियो र यातना दिइयो । चौथो नमूना बिरामी परेर अस्पतालमा उपचार गराइरहेको अवस्थामा र कतिपयले पारिवारिक उपचारको क्रममा रहेको अवस्थामा घेराबन्दी गरी कतिपय नेताहरूको गिरफ्तार गरियो । पाँचौ नमूना, कतिपय बृद्ध कमरेडहरू जो राजनैतिक काममा धेरै सक्रियताकासाथ लाग्न सक्दैनथे उनीहरूलाई रात-बिरात घरबाट गिरफ्तार गरियो । यसप्रकारको गिरफ्तारीबाट उनीहरूको राजनैतिक, नैतिक र मनोवैज्ञानिक दिवालिया उजागर हुन्छ।

यो चुनावी प्रहशनमा केही अनौठा लाग्ने घटनाहरू देखा परे । "नयाँ जोगीले बढी खरानी घस्छ" भनेझैं कम्युनिस्ट राजनीतिको जग र बिरासतबाट संसदवादमा पतन भएको माके-एमाले गठबन्धन जनताका विरुद्ध खुलेर प्रतिवादमा आयो । उनीहरूले नेपाल कम्युनिस्ट पार्टीका माओवादी कार्यकर्ता गिरफ्तार गर्न सरकारलाई उस्काउने काम मात्र गरेनन् कि प्रहरीको साथमा लागेर सुराकी गर्ने र माओवादीलाई गिरफ्तार गरी आफ्नै गाडीमा हालेर प्रहरी चौकीमा पुऱ्याउने सम्मका लज्जासपद घटनाहरूमा संलग्नता पाइयो । देशको राजनैतिक अवस्थाप्रति सम्वेदनशील सचेत नागरिकहरूले एकातिर माओवादी केन्द्र, क्रान्तिकारी माओवादी लगायतका पार्टीहरूमा राजनैतिक संलग्नता हुँदाहुँदै प्रतिक्रियावादी सत्ताका विरुद्ध हुने सङ्घर्षमा समाहित हुने गरेको पाइयो र तमाम कार्यकर्ताहरू जनताका साथमा लागेर चुनाव खारेजमा समावेश भएको पाइयो, अर्कोतिर, ती पार्टीका केही कार्यकर्ताहरूले प्रहरीका लागि जनताको र माओवादी कार्यकर्ताको सुराकी गर्ने घृणित काममा लागेको पाइयो । यसले समाजको वर्ग बिभाजित अवस्थाअनुसार मानिसको राजनैतिक चेतना र संस्कृतिको अभिब्यक्ति दिन्छ।

चुनाव खारेज अभियानमा देखिएका अरू केही रोचक प्रहसन घतलाग्दा छन् । लाखौं रूपैया खर्च गरेर तामझामसहित प्रचार गर्ने संसदीय चुनावी अभियान जनताको प्रतिरोधसगै एकाएक गुप्तबास हुन पुग्यो । मजाकको रूपमा लिन आवश्यक छैन कि यसले राजनैतिक प्रतिस्प्रधाको स्थान लिएको बाहिर हुने "धन-पैसा प्रदर्शन र खर्चको प्रतिष्प्रधालाई केही हदसम्म भएपनि घटाउने" काम गऱ्यो । त्यस्तै संसदवादीहरू चुनाव प्रचारलाई छापामार शैलीमा प्रयोग गर्न थाले । चुनावमा छापामार शैलीमा पैसा बाँड्ने, भैसी काट्ने, भोज गर्ने बिगतमा हुँदै आएका चुनावी चलन थिए । तर, यतिबेला जनताको प्रतिरोधले छापामार चुनावी शैलीलाई विकसित गऱ्यो र उनीहरूले महंगा गाडिको सट्टा साना मोटरसाईकलमा सवार हुने, पूर्बमा प्रचार गर्ने र पश्चिममा भाषण गर्ने, कसको प्रचार हो ? भनेर जनताको जिज्ञासामा थोरै समूह हुन्जेलसम्म "आफ्नै कामले आएका हौं" भन्ने र कतिपय जिल्लाहरूमा प्रहरीको पोसाकमा उमेद्वार आउने र चुनावी प्रचार गर्ने सम्मको हर्कत देखिन पुगे । चुनावमा बिजय भएपछि लुटको ब्यापार गर्ने संसदवादीहरूका स्वप्नील सपना चुनाव पूर्ण रूपले खारेज हुने र लुटको पेसा बन्द हुने हो कि भन्ने त्रासको भयङ्कर दुस्वप्ना परिणत हुन पुगे।

चुनाव खारेज अभियानले संसदवादीहरूमा पैदा भएको यो हविगतले देशका सम्पूर्ण जनतामा खुशीयाली पैदा गऱ्यो । चिया पसल, बाटो-घाटो, बस यात्रा, चोक र गल्लीहरूमा जनताको छलफलको एउटै सूची चुनाव खारेज अभियान रहन पुग्यो । जनता देशमा भ्रष्टाचार, तस्करी र राष्ट्रघातका लागि दुरूपयोग गर्ने र राजनीतिलाई कमाई गर्ने व्यापारको रूपमा बद्नाम गर्ने संसदीय बेथिति होइन, देशलाई राष्ट्रिय एकतामा ल्याउने, स्वाधीनता र समृद्धिको बाटोमा लैजाने जनवादी राजनैतिक व्यवस्था चाहन्छन् भन्ने तथ्य पनि यो चुनाव खारेजले पैदा गरेको बहसमा देख्न पाइयो । त्यस्तै गरी आफैले सङ्घर्षको नेतृत्व गर्न नसके पनि यो संविधान लागु भैहाल्यो भने देश अनिष्टको भड्खालोमा जाकिन्छ भन्ने चिन्ताले विक्षिप्त बनेको जनसमुदायमा पनि यो चुनाव खारेजी अभियानले खुसीयाली ल्यायो। देशभक्त, जनवादी तथा क्रान्तिकारी जनसमुदायमा खारेज अभियानले उत्साह र भविष्यप्रतिको विश्वास पैदा गऱ्यो। यसले के कुरा पुष्टि गरेको छ भने नेपालमा पुरानो प्रतिगामी संसदीय लोकतन्त्रको अन्त्य गरी जनताको जनतन्त्र स्थापना गर्न देशभक्त, जनवादी र क्रान्तिकारी जनताको बृहत एकताको आवश्यकता र सम्भावना छ।

गणतन्त्र स्थापना भएपछिका निर्वाचनहरूमा केही नयाँ प्रवृत्तिहरू देखिँदै आएका थिए। त्यो कुनै पार्टीहरूको इच्छा आकाङ्क्षा भन्दा स्वतन्त्र, कुनै शक्ति राष्ट्रहरूको चाहनाभन्दा बाहिर राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशले पैदा गरेका अवस्था थिए । राष्ट्रिय परिवेशमा नेपाली जनता बहुलवादी हुल-हुज्जतबाट आजित बनेका

**देशमा अन्धाकार छोडेर विदेशका कारखाना चलाउन निकालिने जलविद्युत आयोजनाहरुलाई विकास भन्न सकिन्छ ? देशका खानीहरु, जंगल र जडिबुटीहरु बिदेश ओसार्न बनाइने सडक संजाललाई विकास भन्न सकिन्छ ? नेपाली युवाहरुलाई बिदेश खेदेर देशको कच्चा पदार्थ दोहन गरी बिदेश निर्यात गर्ने उद्योगहरुलाई विकास भन्न सकिन्छ ? जबसम्म देश स्वाधीनताको बाटोमा हिंड्दैन र यी संस्थाहरुले जनताको हितभन्दा विदेशी एकाधिकारवादी पुँजीवादीको हित गर्ने वर्तमान अवस्थामा परिवर्तन गरिदैन तबसम्म देशमा वास्तविक विकास सम्भव हुन सक्दैन ।**

छन्। राजनीतिको नाममा कुनै व्यक्तिका परिवार, आर्थिक सङ्कलन गर्ने डनहरू, कतिपय व्यापारिक समूह तथा आर्थिक लाभको कार्यसूची बोकेका व्यक्तिहरूले पार्टी नामको व्यापारिक केन्द्र खोल्ने, त्यसबाट समानुपातिक सदस्य प्राप्त गर्ने र राज्यकोषमा क्षतविक्षत गर्ने संसदवादी विकृति जनतालाई मनपर्ने कुरा थिएन । त्यसकारण खराब मध्येका राम्रो रोज्ने प्रवृत्ति देखियो र धेरै नभएर दुई पार्टी व्यवस्था जनता आकर्षित भए। यो नेपालमा परेको अन्तराष्ट्रिय प्रभाव हो। यो प्रवृत्ति जनताको लागि त्यज्य त छँदैथियो, संसदवादीहरूका लागि पनि पाच्य थिएन। यसको समाधान गर्न संसदमा राष्ट्रिय पार्टी हुनका लागि संघार (थ्रेसहोल्ड) को व्यस्था गरियो । यद्यपि यसले कतिपय साना पार्टीहरूलाई केही समयका लागि नराज बन्ने अवस्था सिर्जना गऱ्यो, माथिका प्रवृत्तिहरूमा निरासा र हतोत्साह त पैदा गऱ्यो, परन्तु यसले समधर्मी संसदवादीहरूका बिचको चुनावी तालमेल र एकता गराउन प्रोत्साहित पनि गऱ्यो । माके-एमाले गठबन्धन त्यसको महत्वपूर्ण परिणाम थियो।

पार्टी एकतासम्म पुऱ्याउने उद्देश्य रहेको माके-एमाले चुनावी गठबन्धनले परिवर्तनका पक्षधर धेरै जनतामा र कतिपय कम्युनिस्ट कार्यकर्तामासमेत भ्रम पैदा गरेको छ । उनीहरूले प्रचार गरिरहेका छन कि यो चुनावपछि बहुमतको स्थायी सरकार बन्नेछ र त्यसले देशमा समाजवाद लागु गर्नेछन् । र, यसप्रकारको समाजवाद चुनावमा आएको बहुमतले संविधानमा संशोधन गरी लागु गरिने छ। त्यस्तै उनीहरूले भन्ने गरेका छन् कि देशमा तीव्र रूपमा आर्थिक विकास गरिने छ र समाजलाई प्रगतिको बाटोमा लगिने छ । उनीहरूले यो पनि भन्ने गरेका छन् कि देशमा राजनैतिक स्थिरता र शान्ति स्थापना गरिने छ । यी विषयहरू जनताका लामो समयदेखिका अपेक्षाहरू हुन जसले धेरै मानिसलाई आकर्षित गरेको छ र एउटा भ्रम पनि पैदा गरेको छ। नेपाली कांग्रेसको नेतृतवमा बनेको दक्षिणपन्थी गठबन्धन कथित बामपन्थी गठबन्धनबाट आतङ्कित भएको छ । र उनीहरू हरेक भाषणमा बाम गठबन्धनले साम्यवाद ल्याउने, देशमा आर्थिक उथलपुथल ल्याउने र कांग्रेसको सर्वनाश गर्ने त्रास एवम् भयका अभिव्यक्ति दिइरहेका छन्।

जहाँसम्म समाजवाद स्थापना गर्ने सन्दर्भमा बाम गठबन्धनको कुरा छ त्यसले नेपालको परिवर्तनमा कुनै प्रत्यक्ष भूमिका खेल्ने छैन । किनकि यो गठबन्धन समाजवाद स्थापना गर्ने मूल्य र मान्यताहरू समाप्त गर्दै मार्क्सवाद-लेनिनवाद-माओवादको पूर्णरूपमा परित्याग गरेर संसदवादमा पतन हुने र संसदवादी सिट सुरक्षित गर्ने अवसरवादी, दक्षिणपन्थी र प्रतिगामी उद्देश्यमा बनेको हो । यो कुरा हुन सक्छ कि माकेभित्रका केही नेताहरू यसप्रकारको एकताबाट समाजवादमा जाने बाटो बनाउने भुलभुलैयाबाट प्रभावित भएका होउन् । यो पनि हुन सक्छ कि प्रचण्डबाट पार्टीका कतिपय प्रशिक्षण र बैठकहरूमा यो गठबन्धनलाई एमालेमा माकेको प्रवेश नभैकन समाजवादमा जानका लागि सुनको भऱ्याङ हो भन्ने भ्रम प्रशिक्षित गर्दै आश्वस्थ पार्न प्रयत्न गरिएको होस् । मानिसको विचार र सिद्धान्तले उसको सोच्ने तरिका र मानिसप्रतिको व्यहारलाई कसरी परिवर्तन गर्छ भन्ने तथ्य पनि यहाँ देख्न सकिन्छ । तत्कालीन माओवादी प्रचण्ड जसले तत्कालीन एमाले महासचिव मदनभण्डारी दक्षिणपन्थी संशोधनवादी भएको पुष्टि गर्दै देशमा आमूल परिर्वनका लागि अपिल गर्दै हिडेका थिए, माओवाद परित्याग गरी शशोधनवादी कित्तामा पतन भएका अहिलेका प्रचण्ड नेपाली कम्युनिस्ट आन्दोलनलाई गोभाचेभ पन्थी बनाउने मदन भण्डारीका अधुरा सपना साकार पर्ने प्रवचन दिँदै हिडेका छन् । "लोकतान्त्रिक बाम"को समन्वयवादी नाराले उनको वैचारिक पतनको पराकाष्टा देखाउँछ। काङ्ग्रेस, एमालेसँग माके पार्टीको "वैचारिक दुरी" नरहनुमा विशेष अर्थ छ। यसले उनीहरूको बिचमा राजनैतिक, आर्थिक, सांस्कृतिक सिमाना समाप्त गरेको छ। यो तथ्य पुष्टि हुन्छ कि माके-एमाले गठबन्धन दुवै संसदवादी पार्टीहरूको एकापसमा विलोपिकरण हो।

माके-एमालेबाट धेरै मानिसहरू प्रलोभित हुने अवस्था यसकारणले पनि बन्न सक्छ कि देशलाई समाजवादमा रूपान्तरण गर्नका लागि कम्युनिस्टहरूका बिचको मात्र होइन सिंगो नेपाली जनता बिचको एकताको आवश्यक पर्ने वस्तुगत अवस्थाको सन्दर्भमा त्यसको पहिलो सुरुवात कम्युनिस्टहरू बिचको एकता हो, जसको उद्घाटन माके-एमाले चुनावी गठबन्धनबाट भएको छ । तर, यी तथ्यहरूले ती भ्रमहरूको सफाई गयिरदिनु पर्छ कि माके-एमाले गठबन्धन कुनै समाजवादी क्रान्ति सम्पन्न गर्न होइन, संसदीय सत्ताको सरकारमा व्यक्ति-व्यक्ति र समूह-समूहको वर्चस्व सुनिश्चित गर्ने चालबाजी, षड्यन्त्र र अवसरवादका रूपमा भएका हो । यो तथ्यमा स्पष्ट हुन आवश्यक छ कि सरकार निर्माण गर्ने र दाम कमाउने उद्देश्यबाट बनेको अहिले अवसरवादी भागबन्डा गठबन्धनले समाजवाद स्थापना गर्न पुँजीवादका विरुद्ध वर्गसङ्घर्ष गर्ने कम्युनिस्ट नीतिको कतै प्रष्ट गरेको छैन, बरु वर्गसङ्घर्षको वैज्ञानिक मान्यतालाई प्रतिक्रियावादीहरूले कम्युनिस्ट विरुद्ध लगाउने आरोप जडसुत्रवादको जामा भिराइदिने गर्छ । यो गठबन्धन नेपाली दक्षिणपन्थीहरूको संसदवादमा पतन हुने र एकाधिकार पुँजीवादको नोकरको भूमिका निर्वाह गर्ने दलाल पुँजीवादी गठबन्धन हो। इतिहासमा जगजाहेर भएको विषय हो कि दलाल पुँजीवादीहरूको गठबन्धले देशमा समाजवाद स्थापना हुन सक्दैन । जहाँसम्म चुनावमा बहुमत ल्याउने कुरा छ त्यो सापेक्षित कुरा हो। संसदमा आउने बहुमत त्यो पार्टीका लागि महत्वको विषय भएपनि समस्त जनताका लागि त्यसको कुनै औचित्य रहने छैन। यद्यपि जनताको जनतन्त्रमा नेपाली राष्ट्रियता, जनताको अन्तर्राष्ट्रिवाद, स्वाधीन र अन्तर्राष्ट्रियतावादी अर्थनीतिको पक्षपोषण गर्ने दलहरूमार्फत् जनताको बिचको वास्तविक प्रतिष्पर्धामा आधारित जनकंग्रेसमा स्थिर सरकार र योजनाबद्ध कार्यान्वयनको आवश्यक पर्ने छ, तथापि अहिलेको नवऔपनिवेशिक देशमा विभिन्न अन्तर्राष्ट्रिय सन्धी सम्झौताको कारण राष्ट्रघाती र दलालहरूको सरकार बन्नुपर्ने र त्यो सरकारले जनताको उत्पीडन गरी बिदेशी एकाधिकार पुँजीपतिलाई पोस्नुपर्ने बाध्यताको कारण स्थिर र बहुमतको सरकार बन्नु देशका लागि अझ घातक हुनेछ । किनभने यस्तो सरकारले निर्वाध रूपमा राष्ट्रघात गर्दै जानेछ, व्यक्तिगत र गुटगत स्वार्थकै लागि भएपनि त्यसको प्रतिवाद गर्ने प्रतिपक्ष संसदमा पनि कमजोर हुनेछ, र संसदवादको उपहारको रूपमा गाउँ-गाउँ पुऱ्याइएको सिंहदरबारले गाउ-गाउँमै देशका बेचबिखन गर्ने खुलाबजारलाई प्रोत्साहित गर्नेछ। फेरिपनि अहिलेनै कुनै पार्टीको बहुमत हुने सम्भव देखिँदैन र भए पनि त्यसको कुनै सकारात्मक औचित्य हुने छैन। यद्यपि संसदवादीहरूले अहिलेको संविधानबाट दुई पार्टी व्यवस्थामा लान खोजेका छन्, तथापि निर्वाचनमै समानुपातिक नगरी पार्टीको प्रमुखको हातबाट टिका लगाउने समानुपातिक व्यवस्था रहँदासम्म कुनै पार्टीको बहुमत आउनु असम्भव प्राय हुनेछ। जहाँसम्म वर्गसङ्घर्षबिना संविधान संशोधनबाट समाजवाद स्थापना गर्ने माके-एमाले गठबन्धनको उद्घोष छ, त्यो कि त षड्यन्त्रमूलक तख्तापलट हुने छ, कि नेपाली संबिधानको मजाक र हास्यासपद। हास्यासपद किनभने अहिलेको संविधानले संसदको शतप्रतिशत सदस्यको मन्जुरी भएपनि बहुलवादी संसदीय व्यवस्थालाई अग्रगमनमा रूपान्तरण गर्न कुनै अधिकार दिएको छैन। तसर्थ यो गठबन्धनले भनेको दुबै अवस्थामा त्यो समाजवाद हुने छैन । संविधानमा व्यवस्था गरिएको समाजवाद उन्मुख भन्ने प्राब्धानले त्यही प्रतिक्रियावादी व्यवस्थालाई नै समाजवादी भन्ने नाम दिन सकिने छ, जसले जनतामा समाजवाद स्थापनाको त कुरै छाडिदिउँ समाजवादका कुनै प्रस्तावनाहरूको पालनसम्म गर्ने छैन, बरु अन्तर्राष्ट्रिय रूपमै समाजवादको बद्नाम गर्नेछ।

माके-एमाले गठबन्धनसहित सबै संसदवादीहरूले जोरस्वरले भन्ने गरेको एउटा मुद्दा हो - नेपालमा आर्थिक विकास। यो तथ्य निश्चित रूपले सही हो कि नेपालमा जबसम्म आर्थिक उन्नति हुन सक्दैन, जबसम्म जनताको क्रय शक्तिमा विकाश गर्न सकिँदैन, जबसम्म प्रतिव्यक्ति आय हरेक नागरिकको जीवनमा देखिने गरी बृद्धि हुन सक्दैन, तबसम्म न त देशले वास्तविक अर्थमा स्वाधीनता प्राप्त गर्न सक्छ, न अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा । त्यतिमात्र होइन, देशलाई एकताबद्ध गर्नका लागि, सम्पूर्ण नागरिकमा नेपाली हुनुमा पश्चाताप नहुने गराउनका लागि र देशका सम्पूर्ण जाति क्षेत्र र लिङ्गका जनताका बिचमा वास्तविक अर्थमा राष्ट्रिय एकता पैदा गर्नका लागि आर्थिक विकास र प्रतिव्यक्ति आय वृद्धि सुनिश्चित हुनु आवश्यक छ। तर के यी कुराहरू सजिलै हुन सक्छन ? यसका लागि सत्ताको ढाँचामा परिवर्तन हुन आवश्यक हुन्छ। देशको दलाल पुँजीवादी राज्यव्यवस्थाले खुलाबजार, उदार अर्थनीति र भूमण्डलीकरणको जडसुत्रवादी प्रयोग गर्दै सम्पूर्ण प्राकृतिक स्रोतहरू, उत्पादनका साधनहरू र देशका जनशक्तिलाई एकाधिकार पुँजीवादीहरूको हातमा हस्तान्तरण गरिसकेको छ। ती साधनहरू फिर्ता नगर्दासम्म र फिर्ता गर्ने नीति नबन्दासम्म कथित बामगठबन्धनसहित संसदवादीहरूको विकासको नारा "लौरी र गाजर"को कथा जस्तै हुनेछ। प्रोफेसर अमर्त्य शेनले पनि चीनमा सफल भएको खुलाबजार भारतमा असफल भएको जिकिर गरेका छन् (हेर्नुस, भारत विकास की दिशाएं पृ.८४ प्रेफेसर अमर्त्य शेन। यसले समाज केन्द्रीत राज्य व्यवस्था र ब्यक्ति केन्द्रीत व्यवस्थाको अन्तरलाई उजागर गर्छ। नेपालमा चलेको व्यक्ति केन्द्रीत दलाल पुँजीवाद, सामन्तवाद र त्यसको पक्षपोषण गर्ने संसदवादबाट देश मुक्त नहुँदासम्म व्यक्तिहरूमा विकासको आकांक्षा रहेपनि त्यो हुन सक्दैन । के मानिसका मृगौला चोरी गर्ने या धनकमाउनका लागि मृत लासहरू चिस्यानमा लुकाउने अस्पताहरूको स्थापनालाई विकास मान्न सकिन्छ । मानिसको उठीबास बनाउने बैंकहरूको प्रवाहलाई विकास मान्न सकिन्छ ? देशमा अन्धाकार छोडेर विदेशका कारखाना चलाउन निकालिने जलविद्युत आयोजनाहरूलाई विकास भन्न सकिन्छ ? देशका खानीहरू, जंगल र जडिबुटीहरू बिदेश ओसार्न बनाइने सडक संजाललाई विकास भन्न सकिन्छ ? नेपाली युवाहरूलाई बिदेश खेदेर देशको कच्चा पदार्थ दोहन गरी बिदेश निर्यात गर्ने उद्योगहरूलाई विकास भन्न सकिन्छ ? देशका बाल-बच्चाहरूले शिक्षा नपाइरहने अवस्था कायम गर्दै शिक्षित युवा र देशको पुँजी बिदेश धकेल्ने शिक्षा प्रणाली, स्कुल, कलेज र विश्वविद्यालयहरूलाई विकास भन्न सकिन्छ ? । यी संरचनाहरू देशको विकास र जनताको रोजगारीका आधार हुन् । परन्तु जबसम्म देश स्वाधीनताको बाटोमा हिँड्दैन र यी संस्थाहरूले जनताको हितभन्दा विदेशी एकाधिकारवादी पुँजीवादीको हित गर्ने वर्तमान अवस्थामा परिवर्तन गरिँदैन तबसम्म देशमा वास्तविक विकास सम्भव हुन सक्दैन। पुँजीवाद नै भएपनि देशमा आर्थिक विकास हुनु सम्भव हुन्थ्यो । तर नेपालमा रहेको दलाल पुँजीवादी सत्ताभित्र संसदवादी पार्टीहरूले दिने विकासको नारा केबल जनताका लागि आशा देखाउने हरियो घाँसबाहेक केही हुन सक्ने छैन।

देशको यो दर्दनाक अवस्थाभित्र संसदवादीहरू चुनावपछि शान्ति बहाल हुने सपना देखिरहेका छन्। उनीहरूको परिभाषामा शान्तिको तात्पर्य पञ्चायती शान्ति भन्दा फरक छैन। शासकहरू देश बेच्दै गर्ने, अकुत सम्पत्ति कमाउँदै गर्ने, जनताले आन्तरिक र वैदेशिक ऋणको मार खपिरहने अनि शान्तिपूर्वक सहेर बस्ने उनीहरूको शान्तिको परिभाषा हो । स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता जनताका नैसगिक अधिकारमाथि जबसम्म व्यापार गरिन्छ, जबसम्म देशलाई पाराधीन र गरीबीको चपेटामा धकेलिन्छ तबसम्म संसदवादीहरूले चाहेको मुर्दा शान्ति आउने छैन । संसदवादीहरूको लुटखसोटका लागि आवश्यक शान्तिको दिवा सपनालाई भीषण दुश्वप्नमा बदल्न जनताको चित्कार निश्चित रूपमा तोपको धमाकामा संप्रेशण हुनेछ।

यी सबै तथ्यहरूबाट पुष्टि भएको छ कि नेपालको नवऔपनिवेशिक दलाल पुँजीवादी सत्ताको ध्वंश गर्दै जनताको जनवादी व्यवस्था स्थापना गर्न, दलाल पुँजीवादीहरूको एकाधिकारवादी लोकतन्त्र ध्वस्त गरी सम्पूर्ण जनताको अधिकार सुनिश्चित गर्ने जनतन्त्र स्थापना गर्न, देशमा लुटखसोटका लागि बिखण्डन ल्याउने बिखण्डनवादी संसदवाद ध्वस्त गरी जनताको राष्ट्रिय एकता पैदा गर्ने जनताको जनतन्त्र स्थापना गर्न वर्तमान प्रतिक्रियावादी संविधान खारेज गरिनु पर्छ र जनवादी संविधान निर्माण गर्ने सङ्घर्षको बाटोमा दृढताकासाथ अघि बढ्नु पर्छ।

मंसिर २०७४

# छक्याउन आउनेलाई दिनैं पर्छ चोट, यी जनतामारालाई किन दिने 'भोट' ?


चिरन पुन

*जनसत्तालाई सुदृढ गर्दै कथित चुनाव खारेज गरौं,*
*दलालसत्ताको उत्पीडन तोड्न सबै मिली अघि बढौं*
२
*झुक्याउन फेरि नि बोकी आउलान् नोट*
*यी राष्ट्रघातीलाई किन दिने भोट*
*छक्याउन आउनेलाई दिनैपर्छ चोट*
*यी जनघातीलाई किन दिने भोट ।*

*हाम्रो देशको नदीनाला बेची खाने यीनै हुन्*
*असमान यी सम्झौताले देश ठग्ने यीनै हुन् २ ।*
*यो देशको स्रोत साधन लुटिखाने यीनै*
*मुल्यवृद्धि चर्काएर मस्ति गर्ने यीनै*
*सुकुमबासी बस्तीमाथि डोजर लाउने यीनै*
*भ्रष्टाचारको आहालमा रजाई गर्ने यीनै ।*

*जनसत्तालाई विस्तार गर्दै कथित चुनाव ध्वस्त पारौं,*
*दलाल सत्ताको उत्पीडन तोड्न कथित चुनाव खारेज गरौं ।*
*झुक्याउन फेरि नि बोकि आउलान् नोट*
*यी भ्रष्टाचारीलाई किन दिने भोट*
*छक्याउन आउनेलाई दिनैपर्छ चोट*
*यी जनतामारालाई किन दिने भोट ।*

*जनता चुस्ने यो व्यवस्था उखेलेर फाल्नै पर्छ*
*शान्ति, समानता, समृद्धिलाई वैज्ञानिक समाजवाद ल्याउनै पर्छ २ ।*
*उत्पीडित श्रमिकहरू सबै मिली उठौं*
*राष्ट्रभक्त नेपाली हो जुर्मुराउदै हिडौं*
*एकीकृत जनक्रान्तिको महासमरमा बढौं*
*मक्किएको यो व्यवस्था एकधक्कामा फालौं*
जनसत्तालाई ... ।

चुनाव खारेजी अभियानको सन्दर्भमा तयार पारिएको एउटा गीतका शब्दहरू हुन् यी । २०७४ बैशाख १ गते यो गीत लेखें र संगीत पनि तयार भयो । हतारहतार रेकर्ड पनि गरियो । सामना परिवारका थुप्रै कलाकारले गीत गाउनुभयो । यो गीतमा दलालसत्ताका अंगरक्षकहरूको चरित्र र कथित चुनावको सन्दर्भलाई केही प्रस्ट्याउन खोजिएको छ । कथित चुनावमा जनताको प्रतिकार जारी छ । बम विस्फोटका घटनाहरू रोकिएको छैन । संकटकालमा जस्तो गरी सेना परिचालन गरिएको छ । संसदवादी दल, सुरक्षाकर्मी र निर्वाचन आयोग एकअर्कालाई दोष देखाउँदै आफू चोखो बन्ने होटबाजीमा लागिपरेका छन् । कथित आचारसंहितालाई लत्याउँदै दलाल र पैसावाला उम्मेद्वारहरू २ किलोमिटरको बाटोमा समेत हेलिको प्रयोग गरेर राज्यकोषको दुरूपयोग गरिरहेका छन् । राजनीति पैसावाला दलाल र ठेकेदारको हातमा पुगेको छ भन्ने कुरा जनतालाई बुझ्न मुस्किल परेको छैन । संसदवादी व्यवस्थाका मतियार देउवा, केपी, प्रचण्डलगायत पुरानै प्रतिक्रियावादी, संशोधनवादी राग अलाप्दै छन् ।

होइन, हान्नै पर्नेहरूलाई हानेका छन्, देउवाको कार्यक्रममा पड्कियो रे नि ? केपी ओली र प्रचण्ड गएको कार्यक्रममा पनि विस्फोट भयो रे ? रामचन्द्रे, बर्षमान, जनार्दन, रामशरण महत त झण्डै पो गएनन् हई ? होइन कान्छा यी देश लुटाहालाई त ठिकै पो गरेछन् जस्तो लाग्छ जस्ले गरेपनि मलाई त ठिकै पो लाग्याछ! हो है वा मलाई पनि ठिकै लाग्याछ आखिर देश लुट्ने यीनै त हुन् नि होइन र ? ताकेरै दलाल, भ्रष्टाचारी नेतै-नेतालाई हानेका छन् हो यीनलाई अझै पुगेन जस्तो लाग्छ ! मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडा बजारको सिमाचोकस्थित ठूले दाईको चिया पसलमा भएको छलफलको सन्दर्भ हो यो । आजभोलि देशभर एकाबिहानै चोकचोक र हरेक चिया पसलमा चिसोको प्रवाह नगरेर मानिसहरू जम्मा हुन्छन् र यस्तैयस्तै बहस सुरु गरिहाल्छन् । ए... बाबु यी मुलाहरूलाई भोट दिएर केही हुनेवाला छैन मत चुनावका दिन मासुभात खाने घरमै मजाले सुत्ने विचार गऱ्या छु, भोट हाल्न नजा केही हुन्न यी नकचरालाई भोट हालेर बुढी र केटाकेटीलाई पनि त्यही भनेको छु मैले त ! बारा जिल्ला जितपुर-सिमरा उपमहानगरपालिका १६ टाँगीया बस्ती ४६ वर्षका राममान भोलनको भनाइ हो यो ।

सर्वहारा वर्गका महान नेता मार्क्स र ऐङ्गेल्सले "भूदास प्रथाको पतन भएझै, पुँजीवादी व्यवस्थाको पनि पतन हुनेछ र पुँजीवादले सर्वहारावर्गको रूपमा आफ्नो चिहान खन्ने वर्ग जन्माउँदैछ" बताउनुभएको थियो । त्यस्तै आज उत्तरसाम्राज्यवादको पालनपोषणमा हुर्किएको दलाल संसदीय व्यवस्थाको चिहान खन्न वैज्ञानिक समाजवादी व्यवस्थाको आँधी-हुरी फैलाउनु पर्ने परिवेश सिर्जना भएको छ । शान्ति, समानता, समृद्धि र स्वाधीनताका लागि वर्तमान दलाल संसदीय व्यवस्था बाधक छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका लागि पनि यो व्यवस्था झनै अवरोधक छ । दलाल संसदीय व्यवस्था भनेको लुटिखाने वर्गको व्यवस्था हो । राष्ट्रलाई लुट्ने, जनतालाई ठग्ने यसको परिचायक हो । त्यसैले, यो दलाल संसदीय व्यवस्थाको अन्त्य अनिवार्य छ । जबसम्म नेपाली जनताले यो व्यवस्थालाई फालेर वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्न सक्ने छैनन् तबसम्म जनताको अधिकारमाथि यिनीहरूको धावा बोल्ने क्रम रोकिने छैन । यो विषयलाई आजको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीले जोडतोडले उठाएको छ ।

मार्क्स र ऐङ्गेल्सले बताउनु भए झैं "पुँजीपति वर्गको विरुद्ध क्रान्तिकारीहरूले सर्वहारा क्रान्तिद्वारा आफ्नै राजनीतिक शासन सर्वहारा वर्गको अधिनायकत्वले शोषकहरूको प्रतिरोधलाई चकनाचुर पारेर नयाँ वर्गहीन, कम्युनिस्ट समाजको सिर्जना गर्नुपर्छ ।" आज नेपाल कम्युनिस्ट पार्टी मार्क्स ऐङ्गेल्सले बताउनु भए झैं दलाल वर्गको अधिनायकत्वलाई चकनाचुर पार्न चाहन्छ । जनताको मुटुमा किलासरह बनेर बसेको दलाल संसदीय व्यवस्थाको शोषणयुक्त समाजलाई जरैदेखि उखेलेर फाल्न चाहन्छ । यो सन्दर्भमा देखिएको एउटा सानो अन्तरविरोधको झलक कथित चुनावका सन्दर्भमा पनि देखा परेको छ । संसदवादीहरू बल लगाएर आफ्नो कथित संविधानको क्रियाशिलतालाई अघि बढाउन चाहन्छन् भने नेपाल कम्युनिस्ट पार्टी जनताको बलमा कथित चुनावको नौटङ्कीलाई ध्वस्त पार्न चाहन्छ । आजको अन्तरविरोधको चुरो कुरा यसैमा अन्तरनिहित छ ।

राज्य लाचार छ, निकम्मा छ र पदभ्रष्ट पनि छ । बाटो हिंड्ने बटुवालाई समाउँछ, हिरासत राख्छ अनि भन्छ बम पड्काउने मान्छे ! बजार गर्न जानेहरूलाई समाउँछ, प्रहरी हिरासतमा राख्छ अनि भन्छ विस्फोटक पदार्थ बोक्ने मान्छे ! कसले विस्फोट गरायो, कसले बम पड्कायो, किन विष्फोट गरायो ? अत्तोपत्तो पाउँदैन । विस्फोटका बारेमा कुनै तत्थ्य सार्वजनिक गर्न सक्दैन अनि कतै लुगा सुकाउने १ मिटर तार र टिभीको बिग्रेको रिमोट भेट्यो भने कुर्लन्छ बम बनाउने सामग्रीसहित अमुक व्यक्ति गिरफ्तार । राजनैतिक आस्थाको आधारमा नेपाल कम्युनिस्ट पार्टीका नेता कार्यकर्तालाई समात्छ, विभिन्न मुद्दामा फसाउँछ, हिरासत राख्छ, षड्यन्त्र गर्छ तर रोकिँदैनन् बम विष्फोटका घटनाहरू । किरियापुत्री बसेकै अवस्थामा बैतडीका सेक्रेटरी क. वासुदेव जोशीलाई लतार्दै प्रहरीले गिरफ्तार गऱ्यो । बेहोस अवस्थामा रहेका छोरालाई सघन उपचार कक्षमा उपचार गराइरहेका पार्टीका पीवीएम क. वीरजंगलाई काठमाडौंबाट अपहरण शैलीमा प्रहरीले समात्यो । ८८ बर्षका क. नन्दन अर्याल र ८५ बर्षका दरोगालाई बारा जिल्लाको सदरमुकाम कलैयाबाट हिरासतमा लियो । दुर्घटनामा सिकिस्त परेको विरामी अस्पतालमा उपचार गराउँदा-गराउँदै अस्पतालकै सैयाबाट केन्द्रीय सदस्य क. सुमनलाई विराटनगर न्युरो अस्पतालबाटै प्रहरीले समात्यो । भोजपुर बजारमा रहेको सहिद प्रतिष्ठानका संयोजक तथा जनयुद्धका गम्भीर घाइते कृष्णकुमार राई 'निशान' जो एक्लै उठबस गर्न समेत सक्दैनन् त्यस्तो मान्छेलाई पूर्व जनसेना भएकै कारण पूर्वाग्रह राखेर पक्राउ गरिएको छ ।

आफैं विरामी अवस्थामा घरमा लडिरहेका दाङका मकर ओलीलाई पनि प्रहरीले छोडेन । विद्यार्थीलाई पढाइरहेकै अवस्थामा ताप्लेजुङ्गकी शिक्षिका शुशिला गौतमलाई विद्यालयकै कोठाबाट गिरफ्तार गरेर लग्यो । निर्वाचनकै सन्दर्भमा गठवन्धनले आयोजना गरेको पत्रकार सम्मेलनमा सहभागी हुँदा बुटवलका पत्रकार प्रकाश डुम्रेलाई पत्रकार सम्मेलन स्थलबाटै समातियो । मानव अधिकारका लागि अहोरात्र खट्ने निर्वाचन आयोगले पर्यवेक्षकका लागि परिचयपत्रसहित पर्यवेक्षणमा हिँडेका मानवअधिकारकर्मी रौतहटका होमप्रसाद गौतमलाईसमेत हिरासतमा कोच्यो । यी त केही नमूना मात्र हुन् लाचार सरकारको गिरफ्तारीको । यी र यस्ता गतिविधि के हुन्, राज्यले बोल्नु पर्दैन ? कथित ठूला पार्टीका नेताहरूले भन्नु पर्दैन ? कथित लोकतन्त्रका मसिया ठान्नेहरूले

"राज्यको दमनले प्रतिवद्धतालाई जगाउने गर्दछ । विचारमा आक्रोशको ज्वाला थपेर दन्काउने गर्दछ । त्यसले ठूला–ठूला विस्फोटहरु बोकेर ल्याउँछ । त्यही विस्फोटको भूमरीमा परेर ठूला–ठूला तानाशाहहरु खरानी हुन्छन् । हामीले यतिमात्र भन्न सक्नेछौँ, हेक्का रहोस् तिम्रा यी नौटङ्की तालले तिम्रो स्वार्थको स्वर्गलाई बचाउन सक्नेछैन । तिम्रो एकलौटी कालोयुद्ध जनताले स्वीकार गर्ने छैनन् । आंतकवादको नाममा युद्धको साहरामा आफ्नो स्वार्थ पुरा गर्ने तिम्रा अभिष्टलाई कदापी जनताले पुरा हुन दिने छैनन् ।"

देख्नु पर्दैन ? क्रान्तिकारी जनताले बुझेकै छन्, कि क्रान्तिकारीहरूका लागि राज्यका दमन उत्प्रेरणाका स्रोतहरू बन्ने गर्दछ । राज्यको दमनले प्रतिबद्धतालाई जगाउने गर्दछ । विचारमा आक्रोशको ज्वाला थपेर दन्काउने गर्दछ । त्यसले ठूला-ठूला विष्फोटहरू बोकेर ल्याउँछ । त्यही विस्फोटको भूमरीमा परेर ठूला-ठूला तानाशाहहरू खरानी हुन्छन् । हामीले यतिमात्र भन्न सक्नेछौं, हेक्का रहोस् तिम्रा यी नौटङ्की तालले तिम्रो स्वार्थको स्वर्गलाई बचाउन सक्नेछैन । तिम्रो एकलौटी कालोयुद्ध जनताले स्वीकार गर्ने छैनन् । आंतकवादको नाममा युद्धको सहारामा आफ्नो स्वार्थ पूरा गर्ने तिम्रा अभिष्टलाई कदापि जनताले पूरा हुन दिने छैनन् ।

जसरी चीन कम्युनिस्ट पार्टीको तत्कालीन महासचिव छन् तु स्यूको दक्षिणपंथी अवसरवादी गुटको नेतृत्वले गर्दा सन् १९२४ देखि १९२७ सम्मको क्रान्तिकारी नीतिमा गडबड गरेर पार्टीको नीतिमा गम्भीर भड्काव पैदा भयो । जसको कारणले गर्दा तत्कालीन अवस्थामा क्रान्तिमा ठूलो क्षती व्यहोर्नु पऱ्यो । त्यसैगरी तत्कालीन माओवादीको नेतृत्वमा रहेर प्रचण्ड-बाबुराम मण्डलीले गरेको गम्भीर गल्तीले गर्दा आज नेपालको क्रान्तिकारी आन्दोलनमा समेत ठूलो धोका भएको छ । यो अवस्थाबाट मुक्त बन्दै एकीकृत जनक्रान्तिको महासमरलाई अघि बढाउन क. विप्लवको नेतृत्वमा पुर्नगठित पार्टी नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादको शिरलाई उँचो बनाउने अभियानमा लामवद्ध बनेका छन् । दाङ जिल्लाको तुल्सीपुरमा भएको देउवाको कार्यक्रमका दौरान भएको विष्फोटनमा परेर एकजना म्यादी प्रहरी चौधरीको ज्यान गयो । राजनीतिक वृतमा र अहिले सुरक्षा निकायहरूमा पनि व्यापक बहस हुन थालेको छ । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको चरित्र राजनीतिक हो वा होइन ? के यो पार्टी साँच्चिकै आतंकवादमा विस्वास राख्दछ ? के यो पार्टीले उठाएका मुद्दाहरू राजनीतिक छैनन् ? यस्ता बहसमा घोत्लिन थालेको नेपालको बौद्धिक वर्ग, सुरक्षा निकाय, मानवअधिकारकर्मी र सबैले एकपटक फेरि निधार तन्काएर सोच्नु पर्ने बेला भएको छ । 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात्' भने जस्तै कथित विश्लेषक र सुरक्षाविद्को भ्रष्ट अनुहार झल्काउँदै टुप्पिदेखिको बल लगाएर विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई आतङ्ककारी देख्ने तिम्रा कुदृष्टिको मूल्याङ्कन नेपाली जनताले गर्ने नै छन् । नेपाल कम्युनिस्ट पार्टीका नेता कार्यकर्तालाई समातेर जेल हाल्दैमा यो वैज्ञानिक समाजवादी आन्दोलन रोकिन्छ भन्ने लागेको छ भने फेरि एकपटक समाजशास्त्र, मानवशास्त्र र राजनीतिक अर्थशास्त्रको शिक्षा लिन र 'राम-राम भन्ने तर काँध नथाप्ने' परिपाटी जस्तै एकीकृत जनक्रान्तिले तिम्रा सबै भ्रमलाई च्यातचुत पारिदिनेछ । तिम्रा सबै कुदृष्टिहरूलाई नाङ्गेझार पारिदिनेछ । जसरी रुसमा लोकवादीले मानव इतिहासको बुझाइ गलत थियो, इतिहासको निर्माता वर्गहरू र वर्ग सङ्घर्षहरू होइनन् त्यसका प्रमुख व्यक्ति-नायक वीरहरू हुन् भन्दथे । त्यस्तै, आज कथित वुद्धिजीवी र सुरक्षाविद्हरूले नेकपाले उठाएको माग र मुद्दालाई आतकंवादको जामा पहिऱ्याएर हेर्ने उनीहरूको गलत दृष्टिकोणको पनि छिट्टै पर्दाफास हुनेछ ।

चीनमा सन् १९२७ अक्टुवरमा हुनान् च्याङ्सी सिमान्त क्षेत्रस्थित चिङ्काङ्शान पहाडमा ऐतिहासिक क्रान्तिकारी आधार क्षेत्र स्थापना गर्दै, १९२८ अप्रिलमा क. चु तेहको नेतृत्वमा रहेको नानछाङ विद्रोहमा भाग लिने सैन्य दललाई क. माओ नेतृत्वमा रहेको सैन्य दलसँग मिलाएर चिनी मजदुर तथा किसानको लाल फौजको चौथो सेनाको च्याङ काई सेकको नेतृत्वमा रहेको सेनालाई संयुक्त प्रतिरोध गर्दै चिङ्काङ्शान पहाडको आधार क्षेत्रलाई जसरी सुदृढ गरिएको थियो । त्यसै गरी नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिलाई अघि बढाउँदै दलाल संसदीय व्यवस्थाका हरेक जिवाणुहरूलाई नस्ट गर्ने योजनावद्ध र संगठित अभियानमा लामवद्ध भएको छ । दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी सत्ता, दलाल सरकारको विकल्पमा जनसरकार, पुरानो सेनाको विकल्पमा नयाँ र सुदृढ जनसेना, पुरानो अदालतको विकल्पमा जनअदालतको पुनर्गठन गर्दै अघि बढेको छ । यसैको वरिपरी जनताको व्यापक समर्थनले गर्दा, कथित चुनावलाई खारेज गर्ने र जनसत्तालाई सुदृढ गर्ने अभियानले शिखर चुम्दै गएको छ । सम्पूर्ण किसान, मजदुर, युवा, विद्यार्थी, महिला, कर्मचारी, सुरक्षाकर्मी, मध्ययमवर्ग र देशभक्त शक्तिहरू एकताबद्ध हुँदै गएका छन् । पुरानो सत्ताले फैलाएका अफवाहहरूलाई चकनाचुर पार्न लामबद्ध बन्दै अघि बढेका छन् । दलाल सत्तालाई ढाल्ने र वैज्ञानिक समाजवादी सत्तालाई आगमन गर्ने यो अभियानमा खाँचो परेको खण्डमा गोला, बारुद, बम मात्र हैन, सबैखाले क्रान्तिका औजारहरूलाई प्रयोग गर्न क्रान्तिकारीहरू कत्ति पनि पछि पर्नु हुँदैन भन्ने क्रान्तिकारी मान्यतामा अविचलित बन्दै गएका छन् । नेपाल कम्युनिस्ट पार्टीले अघि सारेको कथित चुनाव खारेजी अभियानले अवश्य सार्थक महत्वका साथ सफलता प्राप्त गर्दै अघि बढेको छ । र जनताले फेरी पनि भन्दै गएका छन्, झुक्याउन फेरि नि बोकी आउलान् नोट, यि राष्ट्रघातिलाई किन दिने भोट ?

## कविता

# आज पनि उनै आए


मातृका पोखरेल

अस्ति उनी
विकासका योजना लिएर आउँथे
पारी पाखामा
कुलोको खाँचो छ भन्दै आउँथे
यो गाउँका निम्ति
यति मिटर पाइप चाहिन्छ भन्दै
फुलबुट्टा भरेर आउँथे
उनी भोट माग्थे
माननीय बन्थे
मन्त्री बन्थे
पाँच बर्षपछि फेरि आउँथे ।

यसरी
पारी पाखामा फापर फलाउनेहरू
धान फलाउने सपना
भोट बनाउँदै बाकसमा खसाउँथे
दुई कोसको पधेंरा धाउने दिदीबहिनीहरू
आँगनमा गाग्रो भर्ने कल्पना
उनैको बाकसमा भर्थे
उनी पाँच बर्षपछि आउँथे
झन् सुकिला बनेर आउँथे
खाइलाग्दा बनेर आउँथे ।

गाउँहरू ढाँटिए
देश लुटियो
मानिसले चाल पाए
उनीहरू अत्याचारका निम्ति लडे
छोराहरू मारिए
छोरीहरू बलात्कृत भए
तर छोराको बलिदानको कथा सुनाउँदै
छोरीको त्यागको मन्त्र जप्दै
नयाँ प्रजातन्त्रको आँगनमा
खै ! आज पनि फेरि उनै आए ।

जनादेश साप्ताहिक, वर्ष १, अंक ४९, २०४६ असार २३


## मतदान भन्नै ...

अनुमोदन नगरेको व्यवस्था बन्दुक र अमेरिका, भारतजस्ता आतङ्कवादी देशहरूको आडभरोसामा कायम रहन्छ, जनता विद्रोहमा उत्रनु बाध्यकारी कदम र अन्तिम विकल्प बन्न जान्छ । देशका पछिल्ला घटनाक्रमले त्यही अप्रिय परिस्थितिको सूचना दिइरहेका छन् । तर कतैबाट पनि त्यस दृष्टिले गम्भीरता देखिएको छैन । बौद्धिक जगत पनि लाभको पदका लागि नेता रिझाउनमै व्यस्त छ । ठूला सञ्चार माध्यमहरू 'विज्ञापन राजनीति' मै अल्मलिएका छन् । समय घर्किसकेपछि धारेहात लगाएर केही हुनेवाला छैन ।

## मदन पुरस्कार ...

गोपाल रिमाल, कोमलनाथ अधिकारी, जनकलाल शर्मा, बालकृष्ण पोखरेल, मुकुन्दशरण उपाध्याय, नवराज चालिसे, लक्ष्मीबहादुर बिस्ट, पारिजात (शिरीषको फूल), उत्तम कुँवर, मोदनाथ प्रश्रित (मानव महाकाव्य), शङ्कर लामिछाने, ग्रीष्मबहादुर देवकोटा, पारसमणि प्रधान, धर्मराज थापा, तारानाथ शर्मा, महानन्द सापकोटा, स्थिरजङ्गबहादुर सिंह, बिहारीकृष्ण श्रेष्ठ, डा. चूडामणि बन्धु, प्रदीप रिमाल, ईश्वर बल्लभ, धनबज्र बज्राचार्य, भवानी भिक्षु, डा. वासुदेव त्रिपाठी, धनुषचन्द्र गौतम (धच गोतामे), डा. छविलाल गजुरेल, जगदीशशमशेर राणा, मोहन कोइराला, मदनमणि दीक्षित, डा. ध्रुवचन्द्र गौतम, कञ्चन पुडासैनी, मोहनराज शर्मा, नयराज पन्त, राजेश्वर देवकोटा, दौलतविक्रम बिस्ट, डा. राजेश गौतम, युजनराज भण्डारी, सरुभक्त, डा. भवेश्वर पंगेनी, शरदचन्द्र शर्मा भट्टराई, फादर विलियम बार्क, विनोदप्रसाद धिताल, डा. दयाराम श्रेष्ठ, लोकेन्द्रबहादुर चन्द, डा. केशवप्रसाद उपाध्याय, बुद्धिनारायण श्रेष्ठ, हरिराम जोशी, रेवतीरमण खनाल, गोपाल पराजुली, नारायण वाग्ले, कृष्ण धराबासी, महेशविक्रम शाह, जगदीश घिमिरे, युवराज नयाँघरे, नरबहादुर साउद, झमक घिमिरे, अमर न्यौपाने, राजन मुकारुङ, राधा पौडेल, विजय पाण्डे र रामलाल जोशी । *(स्रोत : गुठीको वेबसाइट)*

यी पात्रहरूको नाम सरसर्ती मात्र अध्ययन गर्ने हो भने पनि कथित मदन पुरस्कार कसकसले पाएका रहेछन् र तिनलाई किन यो हरियो घाँस खुवाइयो होला भन्ने अनुमान गर्न कुनै गाह्रो पर्दैन । स्थापनादेखि यतिबेलासम्म अधिकांश तत्कालीन सत्ताका प्रशंसक, भाट, ब्राह्मण समुदायका र दीक्षित परिवारका आसेपासेहरूलाई मात्र यो हरियो घाँस खुवाएको देखिन्छ । कथित मदन पुरस्कार प्राप्त कृतिकार र कृतिका बारेमा चर्चा गर्दै समालोचक गुणराज लोहनी भन्छन्, 'शैलीशिल्पका हिसाबले नारायण वाग्ले र राधा पौडेलको मदन पुरस्कार पाउने हैसियत हैन । जुन कुरा उनीहरूको लेखनबाट पनि स्पष्ट हुन्छ । यी दुईजनालाई लेख्न कतैबाट प्रेरित गरिएको हो भन्न सकिन्छ । राधाको डायरीलाई त नेपा लयले पूरै सम्पादन गरिदिएको कुरा बाहिर पनि आएको थियो । महेशविक्रम एकजना पुलिस अधिकृत हुन् । उनी आफैँ माओवादी जनयुद्धलाई दमन गर्न खटिएका थिए । उनको कमान्डले कतिजना निर्दोष जनतालाई मार्‍यो होला ! कति बेपत्ता भए होलान् ! अङ्गभङ्ग भए होलान् ! कैयौँ महिला बलात्कृत भए होलान् ! प्रतिक्रियावादी पुरानो सत्ताको नूनपानी खाने तर नयाँ सत्ताको गुणगान गाउने कुरा उनको हिम्मत र हैसियतभन्दा बाहिरको कुरा थियो । त्यसैले महेशविक्रम शाहले जनयुद्धलाई विद्रूपीकरण गर्नु उनको कर्तव्य नै थियो तर आफू निष्पक्ष पत्रकार र जनताको स्वास्थ्य सेवा गर्ने भन्न रुचाउने नारायण वाग्ले र राधा पौडेलले विद्रूपीकरण गर्नुका पछाडि कुनै कारण रहेको अवश्य छ । यिनै साहित्यहरूले अहिले मदन पुरस्कार पाउन थालेका छन् । मदन पुरस्कार दिने संस्था जसको पकडमा छ, उनीहरू निगम पुँजीवादका नेपाली प्रतिनिधि मात्र नभएर संस्थापक पनि हुन् । साहित्यमा कुनै योगदान नभएका राणा परिवारका सम्भ्रान्त सन्तानहरूको नामबाट गुठी सञ्चालन गरिएको मदन पुरस्कारको स्थापनाकालदेखि नै तत्कालीन सत्ताको भजनकीर्तन गर्नेहरूलाई उक्त पुरस्कारले सुशोभित गरिन्थ्यो ।

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा


सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।
सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९

विगत ६१ वर्षदेखि अ-साहित्यबाहेक सबै साहित्यिक रचनाहरू समकालीन राजनीतिक संरचनाको पक्षपोषण गरेका थिए । उदाहरणका लागि २०४५ सालमा पञ्चायतविरुद्ध भीषण आन्दोलन भइराखेको परिवेशमा पञ्चायती व्यवस्थाका विरोधी काङ्ग्रेस र कम्युनिस्टहरूका विरुद्धमा राजेश्वर देवकोटाद्वारा लेखिएको उपन्यास 'उत्सर्ग' लाई यो पुरस्कार दिइएको थियो । प्रगतिशील सशक्त महिला हस्ताक्षर पारिजातलाई नै मन नपरेको र च्यातिदिनू भनिएको विशुद्ध यौनमनोविज्ञानमा आधारित उपन्यास ' शिरीषको फूल' लाई २०२२ सालमा मदन पुरस्कार दिइएको थियो । यसरी मदन पुरस्कार गुठीले पञ्चायतकालमा पञ्चायती व्यवस्थाको, संसदीय व्यवस्थाको स्थापनापश्चात् उक्त व्यवस्था र पछिल्लो दलाल पुँजीवादी व्यवस्थाको पक्षपोषण गर्ने साहित्य, खोज, अनुसन्धानलाई पुरस्कृत गर्दै आएको छ ।' *नयाँ संस्कृति, ऐ.*

कथित मदन पुरस्कार दिने वा प्राप्त गर्ने प्रणालीका बारेमा अझै पनि अध्येताहरूले गहन र मिहीन अध्ययन गरेको पाइँदैन किनकि यो हरियो घाँसले अध्येताहरूको घ्राणशक्ति पनि कमजोर बनाइदिएको छ । देखिनु र हुनुको अन्तरविरोध यहाँ पनि राम्रैसँग देखिन्छ । हरियो घाँसले मानिसलाई कतिसम्म क्रूर, निर्विवेकी र मूर्ख बनाउँदो रहेछ भन्ने उदाहरणका लागि धेरै टाढा जानै पर्दैन । आफूलाई क्रान्तिकारी र आमूल परिवर्तनकारी भन्न रुचाउने केही संस्कृतिकर्मीहरूले बुर्जुवा प्रज्ञाप्रतिष्ठानहरूमा जान आफ्नै कमरेडहरूसँगसमेत लुकेर/लुकाएर र पार्टी एचक्यूको आदेशसमेत अटेर गरेर रातारात गरेको गुटबन्दी, दौडधूप, हसिनपसिन अनि बुर्जुवा सत्ताले लोप्पा ख्वाइदिएपछि देखिएको 'हिस्स बूढी, हरिया दाँत' को अवस्था हामीले नै भोगेको धेरै लामो समय भएको छैन । यही अवस्था हामीले प्रलेस नामको यथास्थितिवादी संस्थामा पनि भोगेका छौँ ।

यिनै र यस्तै कारणले हुनसक्छ, मदन पुरस्कार नामको यो पुरस्कार र यसका दाताहरूको अन्तर्यका बारेमा पनि खासै गहन खोज, आलोचना र टिप्पणी भएको पाइँदैन किनकि केही मिडियाका पात्रहरू किनेर वा भोज खुवाएर यसलाई 'नेपालको नोबेल पुरस्कार' भन्न लगाइएको छ । समालोचकहरू इतिहास खोज्न र पर्गेल्नेतिर उत्साहित देखिँदैनन् किनकि उनीहरूलाई पनि विरोधमा लेख्दा वा सत्य उजागर गर्दा हरियो घाँसबाट कटिएला कि भन्ने चिन्ता छ । भाट स्रष्टाहरू त भजन गर्नीतिर लाग्ने नै भए, बर्सेनि प्रतिगामीहरूको कुम्भमेला आयोजना गरेर प्रदान गरिने यो हरियो घाँस खोसिने हो कि भन्ने चिन्ताले यथार्थ बक्न नपाउँदै जीवन ओरालो लागेको स्रष्टाहरूलाई पत्तै हुँदैन ।

कतिथ मदन पुरस्कार पाउने कृतिकार र कृतिका बारेमा लोहनी अगाडि लेख्छन्, '२०६२ सालेदखि अहिलेसम्म २०६८ सालमा झमककुमारीको 'जीवन काँडा कि फूल' लाई छाडेर जति पनि मदन पुरस्कार पाएका छन्, ती सबै रचना खोज-अनुसन्धानका नाममा राजा-महाराजाका इतिहास, पुरुषार्थ, विकृत संसदीय व्यवस्थामा सामेल पार्टी वा सङ्गठनका इतिहास, आदर्शवादी दर्शनको प्रचारप्रसार र गुणगान गाएका कृतिहरू पुरस्कृत भएका छन् । त्यसैले अहिलेसम्मको परिघटनालाई नियाल्ने हो भने मदन पुरस्कार पाएका उत्कृष्टमा दरिनुको साटो प्रतिगमन र यथास्थितिवादको दलाली, गुलामी गर्नेहरूमा बदनाम हुन पुगेका छन् । त्यसैले २०६२ देखि २०७३ सम्मका जनयुद्धकाल र शान्तिप्रक्रियाको अवधिमा हिजोकै विरासतलाई निरन्तरता दिँदै जनयुद्धविरुद्ध सबैभन्दा बढी विषवमन गर्न सक्ने प्रतिगामी लेखनपद्धतिका 'पल्पसा क्याफे', 'छापामारको छोरो', जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा', युवराज नयाँघरेको 'एक हातको ताली', राजन मुकारुङको 'दमिनी भीर', राधा पौडेलको ' खलङ्गामा हमला', विजयकुमारको 'खुशी' र रामलाल जोशीको 'ऐना' मदन पुरस्कारद्वारा सुशोभित भएका छन् । यीमध्ये राजन मुकारुङ वामपन्थी विचार राख्छन्, बाँकी सबै सामन्ती राजतन्त्रका पक्षपाती हुन् । मदन पुस्कार पाएका बाहेक पनि अन्य थुपै कृतिहरू छन्, जो जनयुद्धका विरुद्धमा लेखिएका छन् । जगदीश घिमिरेको 'सकस', नारायण वाग्लेको 'मयुर टाइम्स', शारदा शर्माको 'ताप', बुद्धिसागर न्यौपानेको 'कर्णाली ब्लुज', महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी' गोविन्द वर्तमानको 'सोन्ह साँझ' जनयुद्धविरुद्ध प्रायोजनसहित आलेखनको पूर्वतयारीमा सिर्जित साहित्यिक कृति हुन् ।' *नयाँ संस्कृति, ऐ.*

कुनै समयमा तारानाथ शर्माको नाउँ हक्की समालोचकका रूपमा आउँथ्यो । जतिबेलबसम्म उनी मार्क्सवादका पक्षपाती थिए, उनले बालकृष्ण समको चिसो चुलोलाई नेपाली साहित्यको झुसिलो डकारसम्म पनि भन्न भ्याए तर उनै शर्मा पछि गएर राजभक्त बने । उनको विचारसँगै समालोचक कलम पनि मर्‍यो । त्यसपछि डा. बराल निकै खरो समालोचकका रूपमा अघि आएका थिए । यतिबेला उनी कहाँ छन्, बत्ती बालेर खोज्नुपर्ने अवस्था उत्पन्न हुँदै गएको छ ।

कथित मदन पुरस्कार राणा शासक परिवारका मदनशमशेर राणा र उनकी श्रीमती (कुनचाहिँ हो) जगदम्बाको श्रीसम्पत्ति कर, बल, छल कब्जा गरेर आँखामा छारो हाल्न गरिएको कसरत मात्र हो । दीक्षित परिवारले आफ्नो सबै सम्पत्ति हत्याइसकेपछिको 'रानी' जगदम्बाको अवस्थाबारे चित्रण गर्दै निर्भीक लेखक एवम् महिला आन्दोलनकी अगुवा शान्ता श्रेष्ठ भन्नुहुन्छ, 'दीक्षित परिवारले सम्पत्ति कब्जा गरेपछि र मदनशमशेरको मृत्यु भइसकेपछि जगदम्बाको आर्थिक अवस्था अत्यन्त नाजुक भयो । उनलाई साँझबिहान टार्न पनि धौधौ भयो । अशक्त अवस्थामा दीक्षित परिवारले उनलाई घरबाहिर निस्कन पनि दिएन । त्यत्रो सम्पत्ति हडपेका दीक्षित परिवारले राम्रो खानलाउन र उपचार गर्ने वातावरणबाट वञ्चित राखेकै समयमा जगदम्बाको कन्तबिजोगपूर्ण मृत्यु भयो । यो कुरा म त्यहाँ जाँदा पनि देखेकी थिएँ र दीक्षित परिवारको एउटा भान्सेले पनि मलाई घरमै आएर बताएको थियो ।' *(श्रेष्ठसँगको कुराकानीमा आधारित)*

यसरी कथित पदन पुरस्कार, यसभित्रको रहस्य, नौटङ्की र यसले समाजमा फैलाएको प्रदूषणका बारेमा गहन अध्ययनअनुसन्धान हुनु आवश्यक छ । यसैगरी साहित्यिक-सांस्कृतिक आन्दोलनमा आएको विकृति-विसङ्गति नपर्गेलेसम्म नेपाली साहित्यिक-सांस्कृतिक आन्दोलनले अझै प्रगतिशील चरित्र बोक्न र समाजलाई रूपान्तरण गराउन 'पेचकिला' को काम गर्नसक्ने देखिँदैन । गम्भीर र निर्भीक स्रष्टा-अनुसन्धाताहरूले बेलैमा सोच्ने बेला आइसकेको छ ।

## युरोपबाट राजबन्दी ...

गरेका हुन् । विज्ञप्तिको पूर्णपाठ - सरकारले कथित लोकतान्त्रिक गणतान्त्रिक नेपालको संविधान कार्यान्वयनको प्रचार गर्दै सम्पन्न भइरहेको स्थानीय निर्वाचन, प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन गरिरहेको छ । सारमा यो दलाल तथा संसदीय व्यवस्थाको संरक्षणको लागि भइरहेको निर्वाचन जनविरोधी रहेको छ । यो निर्वाचन र यसबाट बन्ने संरचनाले देशलाई पराधीन बनाउने, भ्रष्टाचार, कालोबजारी, अराजकता, महंगी बढाउने र देशलाई झन् गरीबीतर्फ धकेल्ने र अन्तमा पराधीन बनाउने निश्चित छ ।

नेकपाले यो निर्वाचन राष्ट्रहितमा नभएको ठहर गर्दै यसका सम्पूर्ण प्रकृयालाई खारेज गरी देशलाई स्वाधीन र नेपाली जनतालाई सबैखाले उत्पीडनबाट मुक्त गर्दै समुन्नत राष्ट्र बनाउनको लागि वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाको लागि आव्हान गर्दै आएको छ । आफ्नो अभियानको क्रममा नेकपाले शान्तिपूर्ण रूपमा गरेको जनसभा, पर्चा, पोष्टर टाँस्ने कार्यक्रम, भित्तेलेखनजस्ता कार्यक्रमहरूमाथि हस्तक्षेप गर्दै शान्तिपूर्ण अभियानमा रहेका नेता तथा कार्यकर्ताहरूलाई सुरक्षाकर्मीहरूले गैरकानुनी रूपमा पक्राउ गरेका छन् । अस्पतालमा उपचार गराइरहेका, कक्षाकोठामा अध्ययन गरिरहेका, राती घरमा सुतिरहेका, खेतबारीमा काम गरिरहेका व्यक्तिहरू, समाचार संकलनको क्रममा रहेका पत्रकार हरूलगायतलाई सयौंको संख्यामा अन्धाधुन्ध पक्राउ गरेको छ । पक्राउ परेकाहरूलाई मानसिक तथा भौतिक रूपमा कठोर यातना दिएर आतंकित परेको छ । त्यस्तै गरेर नेकपाका नेता तथा कार्यकर्ताहरूका परिवारलाई अनावश्यक यातना दिइरहेको छ ।

यसरी शान्तिपूर्ण रूपमा विचारको अभिव्यक्त गर्न पाउने जनताको अधिकारमाथि राज्यद्वारा ठाडो प्रहार तथा मानवअधिकारको गम्भीर उल्लंघन भइरहेको छ । राज्यका यस्ता हर्कतहरूले दलाल तथा संसदीय व्यवस्थाको कथित लोकतन्त्र अन्ततः दलाल फासीवादमा पतन भएको पुष्टि गरेको छ । जसको परिणामस्वरूप देशमा जनताको स्वस्फूर्त प्रतिरोधका घटनाहरू बढ्न थालेका छन् । तसर्थ निकासहीन दलाल संसदीय व्यवस्थाको चुनावी अभियानलाई खारेज गरी क्रान्तिकारी तवरबाट राजनैतिक निकासको खोजी गर्न, जनताको शान्तिपूर्ण रूपले विचारको अभिव्यक्त गर्न पाउने स्वतन्त्रताको सुनिश्चितता गर्न, राज्यद्वारा गिरफ्तार तथा नियन्त्रणमा राखिएका सर्वसाधारण जनता साथै राजनैतिक कार्यकर्ताहरूलाई भौतिक र शारिरीक यातना दिने कार्य बन्द गर्न तथा चुनाव खारेजी अभियानमा पक्राउ परेका नेकपाका नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूलाई यथाशिघ्र रिहा गर्न हामी नेपाल सरकारलाई यही विज्ञप्ति मार्फत् आह्वान गर्दछौं ।

## देशव्यापी सयौं ...

थिए । यस्तै सिरहामा माओवादी केन्द्रको तर्फबाट प्रतिनिधि सभाको उम्मेदवार बनेका सुरेशचन्द्र दासको घरमा बम विस्फोट भएको छ । बिहिवार राती भएको विस्फोटबाट कुनै मानवीय क्षति भने नभएको जनाइएको छ । विगतमा कांग्रेसको तर्फबाट उम्मेदवार बनेका दास अहिले माओवादी केन्द्रको तर्फबाट सिरहा दुई नम्बर क्षेत्रबाट उम्मेदवार बनेका छन् । यस्तै बिहिवार सुनसरीको इटहरीमा भएको बम विस्फोटमा परि चार जना घाइते भएका छन् । कांग्रेसको सभालाई लक्षित गरी उक्त विस्फोटन गराइएको प्रहरीले जनाएको छ । बिहिवार कैलालीमा बाम गठबन्धनका उम्मेदवार रतन थापाको चुनाव प्रचारमा प्रयोग गरिएको सवारी साधनमा आगजनी भएको छ । लम्की चुहा नगरपालिकास्थित थापाकै घर पछाडि राखिएको सवारी साधन आगजनीबाट पूर्ण रूपमा ध्वस्त भएको छ । थापा निर्वाचन क्षेत्र नं दुईबाट प्रदेशसभाको उम्मेदवार हुन् । यस्तै राप्रपा नेपालका अध्यक्ष तथा जनस्रोत मन्त्री कमल थापाको सवारीमा बम प्रहार भएको छ । बुधवार मकवानपुरको हेटौंडा उपमहानगरपालिका गैरीटारमा थापाले चुनाव प्रचारमा प्रयोग गरिएको सवारीमा बम प्रहार भएको हो । बम विस्फोट हुँदा सवारीमा क्षति पुगेको छ । मंगलबार झापामा कांग्रेस नेता कृष्ण प्रसाद सिटौलाको घरमा पनि बम विस्फोट भएको छ । सिटौलाको भद्रपुर चन्द्रगढीमा रहेको घरमा बम विस्फोट हुँदा पर्खाल र शौचालय भत्किएको छ । उता माओवादी केन्द्रका नेता लेखराज भट्टको कैलालीस्थित घरमा बम विस्फोट भएको छ । मंगलबार विहान भएको विस्फोटबाट घरको द्वारमा क्षति पुगेको बताइएको छ । सशस्त्र सुरक्षा घेराभित्र रहेको उक्त घरमा भएको विस्फोटबाट मानवीय क्षति भने भएको छैन । भट्ट बामगठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार हुन् । माओवादी केन्द्रकै अर्का नेता खगराज भट्टको सवारी धरापमा परेको छ । डडेलधुराबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका भट्टको सवारी सधान जिल्लाको आलिताल गाउँपालिकास्थित मौरीखोलामा धरापमा परेको प्रहरीले जनाएको छ । सोमबार राती भएको उक्त घटनामा भट्ट सकुशल रहेपनि सवारी साधन क्षतिग्रस्त भएको छ । सोमबार साँझ नै कञ्चनपुरको वेदकोट नगरपालिकामा रहेको कांग्रेस नेता रमेश लेखकको घरमा पनि बम विस्फोट भएको थियो । उता स्याङजामा पनि नेपाली कांग्रेसका नेता एवं शिक्षामन्त्री गोपालमान श्रेष्ठ लक्षित बम विस्फोट भएको छ । शनिवार बेलुका भीरकोट बक्रे बजार छेउमा विस्फोट भएको थियो । श्रेष्ठ स्याङ्जा दुईबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार हुन् । सोही दिन तनहुँमा बाम गठबन्धनका उम्मेदवार किरण गुरुङलाई लक्षित गरी बम विस्फोट भएको छ । विस्फोटबाट कुनै मानवीय क्षति भएको छैन । पूर्व बनमन्त्रीसमेत रहेका गुरुङ चुनाव प्रचार अभियानमा थिए । यसैबिच पाल्पामा माओवादी केन्द्रका पोलिट ब्यूरो सदस्य तुलाराम घर्ती 'बसन्त' सवार सवारी साधन पनि बम विस्फोटनमा परेको छ । पाल्पाको तिनाउ दोभानको जंगलमा भएको विस्फोटनमा परी छ जना घाइते भएका छन् । घर्ती सकुशल रहेका छन् तर सवारी साधनमा भने क्षति भएको छ । उनी पाल्पा क्षेत्र नम्बर दुईबाट बाम गठबन्धनका साझा उम्मेदवार हुन् । कांग्रेस नेता प्रदिप पौडेलको तनहुँमा रहेको घरमा पनि बम विस्फोट भएको छ । पौडेल तनहुँ क्षेत्र नं दुईका उम्मेदवार हुन् । घरको आँगनमै विस्फोट हुँदा पनि मानवीय क्षति भने नभएको जनाइएको छ ।

# लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान सफल पारौं !

चन्द्रबहादुर नेपाली



आजभन्दा झण्डै ६० वर्ष पहिले २५ नोभेम्बरका दिन ल्याटिन अमेरिकाको डोमिनिकन गणराज्यको मिलावल परिवारका तीन जना दिदीबहिनीहरूको तत्कालीन तानाशाही सरकारले निर्ममतापूर्वक हत्या गरेको थियो । त्यही घटना भएको दिनलाई अन्तर्राष्ट्रिय लैंगिक हिंसा विरुद्धको दिवसका रूपमा विश्वजगतले मनाउँदै आएको छ । नेपालमा पनि यस वर्ष मंसिर ९ देखि २४ (२५ नोभेम्बर-१० डिसेम्बर) सम्म "लैंगिक हिंसा अन्त्यको लागि सबै जुटौं, कोही नछुटौं" भन्ने नाराका साथ लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान जारी छ ।

नारी सृष्टिकै जीवन्त कति हुन् । पतिका निम्ति चरित्र सन्तानका निम्ति ममता र समाजका निम्ति शील संचय गर्ने कृति नै नारी हुन् । 'स्नेह' उनको प्रवृति र 'अनुदान' उनको स्वभाव हो । जहिले देखि नारीलाई पुरुषको अभिन्न अङ्ग नमानी उपभोग्य साधन मान्ने कु-कल्पना गरियो, भूल त्यहाँबाट शुरु भयो । नारी र पुरुषबीच चलिरहेको वासनात्मक अपवित्र चिन्तनका कारण नै समाजमा अनेक थरीका विकृति एवं विसंगतिहरू फैलिएका छन् ।

नारीलाई माता, बहिनी एवं पुत्रीको श्रद्धायुक्त दृष्टिले हेर्नुपर्छ । धर्मपत्नी पनि भोग्या होइनन्, साथी र सहचरी हुन् भन्ने भावना राख्नुपर्छ । नारीले पनि पुरुषलाई पिता, दाइभाइ तथा पुत्रको दृष्टिले हेर्नुपर्छ । पतिप्रति अभिन्न सहचर र सहयोगी जस्तो भावना राख्नुपर्छ । मानसिक निकृष्टतालाई पवित्र उत्कृष्टतामा परिणत गर्न सकियो भने लैंगिक हिंसाले कहींकतै प्रश्रय पाउँदैन ।

लैंगिक हिंसा अन्त्यको लागि सर्वप्रथम लैंगिक हिंसा स्रोतको अन्त्य गर्नु आवश्यक हुन्छ । पितृसत्तावादी सोच, उत्तरआधुनिकता, अशिक्षा, बाल विवाह, दाइजो प्रथा, बोक्सी प्रथा, लागु पदार्थ, वैदेशिक रोजगार, सामाजिक कुरीति एवम् कुसंस्कार लैंगिक हिंसाका कारणहरू हुन् । लैंगिक हिंसा अन्त्यका लागि नीति, नियम र कानुन बनाएर मात्र हुँदैन । कार्यान्वयन पक्षँलाई दरिलो बनाइनुपर्छ ।

हिंसा गर्नुभन्दा पनि हिंसा सहनु ठूलो अन्याय र अपराध हो । हिंसा पीडितले आफूमाथि भएका हिंसाका घटनाहरू लुकाएर बस्नु हुँदैन । आफूमाथिको दबाब स्वीकार्य छैन भनी प्रतिवाद गर्ने हिम्मत राख्नुपर्छ । अनीतिसँग कदापि सम्झौता गर्नु हुँदैन । असहमति र अस्वीकृतिको आवाजलाई बन्द गर्नु हुँदैन । हिंसाका घटनालाई साहसपूर्वक बाहिर ल्याउनुपर्छ ताकि ती घटना पुनः दोहोरिन नसकुन् । हिंसा अन्त्यका लागि सर्वप्रथम : महिला स्वयं जागरुक हुनुपर्छ । समाजको भूमिका पनि महत्वपूर्ण हुन्छ ।

आर्थिक रूपमै महिला सशक्त हुने हो भने लैंगिक हिंसाका घटनाहरू आफसेआफ कम हुँदै जान्छन् । 'सम्पत्ति माथिको समान अधिकार'को नारालाई व्यवहारमै कार्यान्वयन गरिनुपर्छ । राज्यसत्तामा महिलाको समान सहभागिताको प्रश्न नै अहिलेको मुख्य सरोकारको विषय हो । सीमित वर्ग र पहुँचवाला महिलालाई मात्र स्थान दिइने परम्परा र प्रवृत्तिको अन्त्य जरुरी छ ।

"लैंगिक हिंसा अन्त्यको लागि सबै जुटौं, कोही नछुटौं !"
लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान सफल पारौं ।
मंसिर ९ देखि २४, २०७४
२५ नोभेम्बर-१० डिसेम्बर, २०१७
महिला विकास अधिकृत एवम्
महिला तथा बाल विकास कार्यालय, स्याङ्जा

हुलाक द. नं. ११/०७२/७३ काठमाडौं जि.का. द. नं. १०७/०७१/७२ वर्ष ३, अङ्क २५, पूर्णाङ्क १२०
रातो खबर

नियमित

# जनप्रतिरोधको नमुना कालीकोट



अम्बिका चन्द

नालापानीको लडाईलाई नेपालको इतिहासमा गौरवपूर्ण र विरतापूर्ण इतिहासको रूपले लिने गरिन्छ। जहाँ घरेलु हतियारको भरमा गोर्खालीहरूले अत्याधुनिक हतियारद्वारा सुसज्जित अंग्रेजका फौजलाई धुलो चटाएका थिए। अहिले ठिक त्यस्तै घटनाको स्मरण गराउने खालको घटना कालिकोटमा भएको छ। त्यहाँ निशस्त्र स्थानीय युवाहरूले सेना र शसस्त्र प्रहरीको घेराबाट सम्पूर्ण निर्वाचन सामाग्री कब्जामा लिएर नष्ट गरिदिए। अनि पक्राउ गरिएका आफन्तलाई हतियारधारी फौजबाट छुटाउनको लागि स्थानीय महिला, बुढाबुढी र बालबच्चाहरू नै उर्लिए। स्थानीयले पक्राउ गरिएका आफन्त छुटाए र सशस्त्र जत्थाले निशस्त्र गाँउले सामु माफी माग्यो। तर पनि यो घट्ना राष्ट्रियस्तरका संचार माध्यममा छाएन, त्यतिबेला संचारकर्मीहरू ठूलाठालुकाका दैनिकी खोज्दै हिंडिरहेका थिए।

जनयुद्धकालीन आधारइलाका मानिने कालिकोटको सेरापाटामा पहिलो चरणको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि एउटा मतदान केन्द्र तोकिएको थियो। नेकपाकी महिला नेतृ एवं कालिकोटकै एकजना स्थानीय बासिन्दा तथा चुनाव खारेजी अभियानकी एकजना कमाण्डर धीरेन्द्रा उपाध्याय 'भृकुटी'का अनुसार चुनावको मौकामा त्यहाँका स्थानीय जनताले आ-आफ्ना घरहरूमा कम्युनिस्ट पार्टीका झण्डा गाडेका थिए। चुनावी सुरक्षामा खटिएको सेना र शसस्त्र प्रहरी पुगेर स्थानीयका घरहरूबाट झन्डा निकाल्यो र दुई जना युवाहरूलाई गिरफतार गऱ्यो। तर गाउँका सवै महिला, बुढाबुढी केटाकेटी एकजुट भएर प्रतिरोध गरेपछि सेना र प्रहरीले पक्राउ गरिएका युवाहरू छोडिदिए। भोलिपल्ट बिहान आएर स्थानीयसँग सेना र प्रहरीले गल्ती महशुस गर्दै माफी मागे।

जनयुद्धकालका सहिद विमलको नामबाट राखिएको सिउनाको एउटा गाउँको नाम विमलटोल हो। त्यहाँ सानो एउटा स्थानीय बजार छ। त्यसको नाम लेनिन बजार हो। त्यहाँका सबैजना नेकपामा सङ्गठित छन्। संगठित नभएकाहरू पनि नेकपाप्रति आस्थावान छन्। त्यहाँ



अन्य राजनीतिक पार्टीको उपस्थिति शुन्य छ। मंसिर ८ गते लेनिनबजारका युवाहरूले ठूलो साउन्ड सिस्टम लगाएर नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'को भाषणको अडियो रेकर्ड बजाइरहेका थिए। उक्त भाषण केही समय अगाडि मालकोटमा आयोजित एउटा सभामा गरिएको थियो। चुनावी सुरक्षामा खटिएको सेना र प्रहरीले विप्लवको भाषण नसुनाउ भन्दै हस्तक्षेप गरे र निर्देशन नाम गरेका स्थानीय युवालाई पक्राउ गरे। तर स्थानीयहरू घरघरबाट हँसिया, हथौडा, कुटो, कोदालो, बन्चरो, लौरो लिएर बाहिर निस्किएर सेनाप्रहरीको पञ्जाबाट पक्राउ गरिएका युवालाई खोसे। जनताको एकतादेखि तर्सिएर सेना प्रहरीले उनीहरूसँग माफी मागे।

घरहरूमा गाडिएका झण्डा निकालेको र विप्लवको अडियो भाषण सुनाउन नदिएको कारण मुम्रा र सिपखानाका युवाहरू आक्रोसित भए। निर्वाचनको अघिल्लो दिन ९ गते ९ बजेको समयमा मुम्राको ७ नम्वर वडामा रहेको बुथकेन्द्रमा युवाहरू प्रवेश गरे र सम्पूर्ण निर्वाचन सामाग्री कब्जा गरी नस्ट गरिदिए। त्यहाँ दोहोरो झडप भयो। सेना र सशस्त्र प्रहरीले आधुनिक हतियार फायरिङ गरे भने युवाहरूले ढुङ्गामुढा प्रहार गरे। लगातार २ घण्टासम्म भएको दोहोरो झडपमा परी प्रहरीका एकजना असइ गिरीराज भण्डारी र प्रहरी जवान रामबहादुर चौधरी घाइते भए। उनीहरूको शरिरमा ढुंगाको गहिरो चोट छ। सुरक्षा फौजको गोलीबाट पनि दुइजना स्थानीय युवाहरू महेन्द्र शाही र टंक विक घाइते भए। घाइते मध्ये महेन्द्र शाहीको छातीमा गोली लागेको छ तर उनको अवस्था खतरामुक्त छ। नेकपाकी नेतृ भृकुटी भन्छिन्- 'निकै आक्रोसित युवाहरूले सेना प्रहरीका हतियार खोस्ने योजना बनाएका थिए, हामीले हाम्रो पार्टीको नीति चुनाव खारेज गर्ने हो, हतियार खोस्नु हुँदैन भनेपछि उनीहरूले निर्वाचन सामाग्री मात्र कब्जा गरेका हुन्। स्थानीय युवाहरूसँग झडप भएपछि सेना प्रहरी बुथकेन्द्र छोडेर प्रहरी चौकी रहेको स्थानतर्फ भागे।'

निर्वाचनको दिन १० गते दिनभरि नै मालकोट र मुम्रा क्षेत्रमा तिनवटा सैनिक हेलीले जंगल क्षेत्रमा गोली प्रहार गरिरहे। त्यो दिन जनयुद्धको झल्को दिने गरी हेलीले सेना प्रहरी ओसारेको र गोली बर्षाएको स्थानीय बताउँछन्। निर्वाचनमा बाहिर जे जस्तो आकँडा प्रस्तुत गरिएको भएता पनि मुम्राका ७ र ८ नम्बर वडा, सिपखानाका दुई वटा वडा र सिउनाको विमलटोलका बासिन्दाले एउटा पनि मतदान गरेका छैनन्। ९ वटा वडा रहेको मालकोटमा जम्मा एक सय भोट खसेको देखाइएको छ। त्यहाँ निर्वाचनका कर्मचारी र अन्य पार्टीका मानिसले नक्कली मत हालेको स्थानीय बताउँछन्।

नेकपाका पोलिटब्युरो सदस्य एवं कालीकोटकै स्थानीय बासिन्दा भरत बम 'रणविर'ले कालीकोटको जनप्रतिरोधको घटनालाई एकीकृत जनक्रान्तिको कार्यनीतिसँग जोडिएको बताएका छन्। उनले शान्तिपूर्ण कार्यक्रमहरूमा प्रहरीले व्यापक हस्तक्षेप गरिरहेको र अन्य ठाउँमा बम विस्फोटका घटना भइरहेकोबेला कार्तिक २५ गते रासकोट र २९ गते मुम्रामा हजारौं जनताको उपस्थितिमा चुनाव खारेजी सभा सम्पन्न गरेको बताए।

दश वर्षीय जनयुद्धको अवधिमा कालीकोटबाट मात्र ४ सय ५४ जनाले बलिदान गरेका थिए। वर्तमान संसदीय व्यवस्थाप्रति अत्यन्त घृणा, कम्युनिस्ट आस्थाप्रति अविचलित र जनताको एकता नै कालीकोटका जनताहरूको विशेषता हो। खासखास समयमा दमनका विरुद्ध प्रतिरोधका नयाँ नमूनाहरू प्रस्तुत गर्दै आएको कालीकोटले यसपटकको निर्वाचनमा पनि आफ्नो विरासत दोहोऱ्याएको छ।

# गाउँपालिका कार्यालयमा नेकपाको झण्डा

■ रातो खबर संवाददाता/डोल्पा




**टेक शाही / डोल्पा** : डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिकाको कार्यालयमा नेपाल कम्युनिस्ट पार्टीले आफ्नो झण्डा र साइनबोर्ड राखेको छ। दलाल पुँजीवादी संसदीय राज्यको विरोध गरेको भन्दै गाउँपालिकाका कार्यालयमा सरकारका झण्डा तथा बोर्ड कुच्याएर आफ्नो झण्डा राखेका छन्। मुड्केचुला र जगदुल्ला गाउँपालिका कार्यालयमा नेकपाको झण्डा र गाउँपालिका स्तरीय जनसत्ताको कार्यालय लेखिएका तुल राखिएका छन्। स्थानीय सरकारका बोर्डहरू सबै तोडफोड गरी नेकपाको बोर्ड राखेको स्थानीयहरूले जानकारी दिएका छन्। नेकपाले गाउँपालिकाको कार्यालयमा झण्डा र बोर्ड राखेको भन्ने जानकारी पाएपछि प्रहरी जाँदा उनीहरूको बोर्ड र भण्डा नभएको प्रहरी नायव उपरीक्षक हरि प्रसाद शर्माले जानकारी दिए। उनका अनुसार गाउँपालिका बोर्ड भने तोडफोड गरिएका र कुच्याएर फालिएका भए पनि विप्लवको झण्डा र बोर्ड नभएको जानकारी आएको बताए। मंसिर १० मा भएको प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा अति संवेदनशील क्षेत्रमा राखिएका यी २ गाउँपालिकामा निर्वाचनका बेलामा भने कुनै पनि अप्रिय घटना घटेनन्। निर्वाचन सकिएको केहि दिनदेखि मुड्केचुला र जगदुल्ला गाउँपालिकामा नेकपाले विभिन्न खाले क्रियाकलापहरू बढाउँदै गएको छ।

# बास्तोला र हमाल दोस्रो पटक पक्राउ

■ रातो खबर संवाददाता

मंसिर १२ गते पोखरा, महेन्द्रपुलस्थित जनसंचार विद्युतीय पत्रिकाको कार्यालयबाट गिरफ्तार गरिएका पत्रकारद्वय रमाकान्त बास्तोला र ओम हमाल आइतबार पुनः पक्राउ परेका छन्। गत मंगलबार पक्राउ गरिएका पत्रकारद्वयलाई शनिबार फेरि बिनाकारण पक्राउ गरिएको हो। आरोपित गर्ने कुनै प्रमाण नभेटिएको र व्यापक दबावपछि नेपाल पत्रकार महासंघ, कास्की शाखाका अध्यक्ष दिपेन्द्र श्रेष्ठको रोहबरमा उनीहरूलाई रिहा गरिएको हो। बास्तोला



रातो खबर साप्ताहिकका कास्की संवाददाता हुन् भने हमाल जनता टेलिभिजनका कास्की संवाददाता हुन्। आइतबार अपरान्ह रिहा भएपछि पत्रकार बास्तोलाले सामाजिक संजालमा लेखेका छन् - "हामीले कलम चलाएका हौं, बन्दुक होइन। राज्यले कुन रूपमा हामीलाई गिरफ्तार गऱ्यो त्यो मुख्य कुरा हो। बिना कारण गिरफ्तारी गरिनु त्यही पनि दुईदुई पटक यो कस्तो खेला हो ? प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हामी वकालत गर्दै आउथ्यौं तर प्रेस स्वतन्त्र छ भनेर मैले गरेका बयान झूठा रहेछन्। जबसम्म सरकारी मुठीमा रहेको प्रेस काउन्सिललाई उसको पन्जाबाट छुटाउन सकिन्न तबसम्म हामीले भन्ने गरेका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको कुरा सबै भन्ने कुरा मात्र रहनेछन्, सबै भ्रम मात्र रहेछन्।"

# भारतसँग टाढिँदै माल्दिभ्स

जलवायु परिवर्तनको कारण सामुद्रिक सतह उठ्दै गएपछि आगामी केही शताब्दिमा टापुहरूको देश माल्दिभ्स समुद्रमा डुब्ने चर्चा भइरहेका बेला केही समययता यो देश चीनसँगको सम्बन्धका कारण चर्चामा छ। दक्षिण एशियामा भारतलाई उछिनेर उदीयमान विश्व शक्ति चीनले प्रभाव विस्तार गरिरहेको देखिन्छ। पाकिस्तान र श्रीलंकापछि माल्दिभ्स पनि चिनियाँ प्रभावमा ढल्केको छ। दक्षिण एशियाली देशहरूको संगठन 'सार्क' का ३ वटा देशहरू चीनको प्रभावमा परिसकेका छन्। नेपालमा पनि चीनको प्रभाव बढ्दो र भारतको प्रभाव घट्दै गएको छ। नेपालमा विदेशी लगानी गर्ने पहिलो दाता देश चीन भएको छ। यी घटनाहरूलाई भारतको असफल विदेश नीतिका रूपमा हेरिएको छ।




गएको बुधबार माल्दिभ्सको संसदले छलफल नै नगरी चीनसँग मुक्त व्यापार सम्झौता पारित गरेको छ। विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएको देश चीनमा कर नतिरीकन मत्स्य निर्यात गर्न पाउने सम्भावनाका कारण मालेको संसदले सो सम्झौतामा स्वीकृति जनाएको हो। चीनसँगको निकटताले भारत र माल्दिभ्सको नाता अझ टाढिने देखिन्छ। चिनियाँ राष्ट्रपतिको गएको भ्रमणमा नै माल्दिभ्स र श्रीलंकाले सामुद्रिक रेशम मार्गमा सम्झौता गरेका थिए। ओबिओआर र रेशम मार्गप्रति भारत नकारात्मक भइरहेको बेला यी दुवै देशले हस्ताक्षर गरेपछि भारत थप असन्तुष्ट छ। तर भारतको अगाडि अमेरिकासँग नजिक हुनुबाहेक अर्को कुनै बिकल्प पनि छैन। माल्दिभ्सको चीन ढल्काई सन् २०१४ देखिकै हो। जतिबेला उसले रेशम मार्गलगायत सम्झौतामा चीनसँग सम्झौता गऱ्यो।


नरेन्द्र मोदी सरकारले 'छिमेकी पहिलो' नारा दिएपनि उसको दक्षिण एशियामा घट्दो प्रभाव रोकिएको छैन। त्यसको क्षतिपुर्ती अमेरिकासँग हात बढाउन खोजेको देखिन्छ। दक्षिण एशियामा घट्दो प्रभावले भारतको अन्तर्राष्ट्रिय कद घटाउनेछ। भारतकै कारण सार्कको शिखर सम्मेलन पनि हुन सकिरहेको छैन। माल्दिभ्स सामरिक दृष्टिले निकै महत्वपूर्ण स्थानमा रहेको छ। नेपालले यसै वर्ष भारतको इच्छा विपरीत ओबिओआरमा हस्ताक्षर गरिसकेको छ। दक्षिणएशियाको शक्ति सन्तुलनले पाकिस्तानलाई एक्लो बनाउने भारतीय रणनीति र भारतको साथ लिएर चीनलाई घेर्ने अमेरिकी रणनीति दुवै असफल बन्दै गएको देखिन्छ।

# बर्दियामा बम विष्फोट

■ रातो खबर संवाददाता

बर्दिया बाँसगढीस्थित नेपाल राष्ट्रिय उच्च मावि बुथकेन्द्रमा सोमबार राती ८ बजे शक्तिशाली विष्फोट भएको छ। सो मतदान केन्द्र बाँसगढी नपा र इप्रकाको बीचमा रहेको छ।

व्यस्त बजारमा भएको बम विष्फोटबाट कुनै मानवीय क्षति भने भएको छैन। सो घटनाले सुरक्षा चुनौति थपिएको ठानिएको छ।




## असुरक्षित राजधानी ...

मानवीय क्षति भने भएन। शुक्रबार नै ललितपुरको युएन पार्क, गुर्जुधारा, सितापाईला, ललितपुरको कुपण्डोलमा बम विस्फोट भएको छ। यस्तै ललितपुरको लगनखेलमा बाम गठबन्धनले आयोजना गरेको चुनावी सभामा बम विस्फोट हुँदा त्रास र भागदौड मच्चिएको छ। एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी नेतृ पम्फा भुसाल उक्त कार्यक्रममा सहभागी थिए। आइतबार बिहानै काठमाडौं ठमेलमा रहेको कांग्रेस नेता बालकृष्ण खाँडको घरमा बम विस्फोट भएको छ। रक्षामन्त्रीसमेत रहेका खाँडको घरमा भएको विस्फोटबाट मानवीय क्षती नभएपनि मानिसहरू त्रसित भएको र भागदौड मच्चिएको थियो।

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं